सूचना र मनोरञ्जनको सँगालो
# साप्ताहिक
saptahik.ekantipur.com
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
● वर्ष २४ ● अंक २९ ● FRIDA 4 DECEMBER 2018 मंसिर २८, २०७५ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-




# टफेस्ट च्याली
# विजेता दीपक

विस्तृत पृष्ठ २४ मा



## YouTube ट्रेन्डिङ

| | | | |
|---|---|---|---|
| १ | विनर एन्ड क्राउनिङ | च्यानल | हाय मिस टिभी |
| २ | सिम्बा | च्यानल | टि-सिरिज |
| ३ | नेपाली प्रेमिका भेट्न | च्यानल | स्मार्ट टिभी |
| ४ | चट-पट | च्यानल | कलेजेज नेपाल |
| ५ | नाच माया | च्यानल | जिएच इन्टरटेन्मेन्ट |
| ६ | सेड्रिनालाई पहिलो | च्यानल | रमाइलो छ |
| ७ | चितवनमा अचम्मको | च्यानल | नारायणी टिभी |
| ८ | मिस नेपाल | च्यानल | मिस युनिभर्स |
| ९ | लिलिबिली | च्यानल | बूढासुब्बा |
| १० | सिलसिला | च्यानल | कलर्स टिभी |

गाउँमा अल्छी प्रतियोगिता थियो, म जाँदै गइनँ । आयोजकले प्रथम पुरस्कार घरमै ल्याइदिएछन् ।
**सन्तोष**

कलेज नि के जानु ? सरको हल्लाले साथीको गफै सुन्न पाइँदैन ।
**पवन**

अहिले जिन्दगीको यस्तो मोडमा उभिएको छु– यदि मेरो पर्स हरायो र कसैले भेट्यो भने म भन्दा बढी दुःखी मेरो पर्स भेट्ने मानिस हुनेछ ।
**रामु पाण्डे**

तिम्रो दुई-चार चोटि हाई-हेल्लो नआई रिप्लाई नगर्ने बानी । मेरो एक चोटि रिप्लाई नगरेपछि दोस्रो पटक नबोलाउने बानी । मिलन होस् त कसरी ?
**अविनाश भट्टराई**

प्रतीक्षा त्यही दिनको छ, आफू स्वयं आफ्नो परिचय बन्न सकूँ ।
**संगीता सापकोटा**

दुःखी हुनुस् कुनै परवाह छैन, तर दुःख दिने मानिस कहिल्यै नहुनुहोस् ।
**शरण**

इज्जत कमाउन पैसा लगाउनु तर पैसा कमाउन इज्जतमा कहिल्यै दाग नलगाउनु ।
**तुलसा**

एकनाथ ढकालले माधव नेपाललाई फसाए, माधव नेपालले ओलीलाई फसाए अनि ओलीले पार्टी र राष्ट्रलाई नै फसाए, वास्तविकता यही हो ।
**रामकृष्ण हुमागाईं**

महिलाले रक्सी खाए शानका साथ खान्छन्, लुकी-लुकी भट्टीमा गएर खाने हो र ?
**भावना सुवेदी**

ब्वाइफ्रेन्डको नामको ट्याटु लेखुम् भनेको कुन चाहिंको नामको लेख्ने होला कन्फ्युज भएकी छु ।
**निरु क्षेत्री**

बुद्धिजीवी नभएकोमा ढुक्क हुने दिन पनि आयो बाइ । समृद्धिसँगै निरक्षर हुँ भनेर ल्याप्चे ठोक्दिने दिन पनि आउला । के थाहा, साक्षर जतिलाई सेन्टिफ्ल्याट गर्दिने उर्दी पो आउला कि !
**रामेश कोइराला**

समय बदलियो, मान्छे बदलिए तर एक सयको नोट बदलिएर १ हजार किन भएन ?
**निरु राई**

अनुहार हेर्न हुनि जस्तो नभएका हामी जस्ताले त ऐना हेर्नु पनि समयको बर्बादी मात्र हो जस्तो लाग्न थाल्यो मलाई त ।
**हरि ढकाल**

न त आस बचेको छ, न त विश्वास नै बचेको छ । रित्तो नै हुनुपर्छ तिमी भन्छौ भने, लैजाऊ अलिकति जो आश बचेको छ ।
**हिट्लर द डियर**

साँझको बेलामा सुत्नु हुँदैन, राति कपाल कोर्न अनि नङ काट्न हुँदैन, शुक्रबार नुहाउनु हुँदैन, शनिबार कतै टाढाको यात्रा गर्नु हुँदैन, खुर्सानी हातमा दिनु हुँदैन, कुचो ठड्याएर राख्नु हुँदैन, मंगलबार कपाल काट्नु हुँदैन जस्ता कुरा पत्ता लगाउने वैज्ञानिक कुन देशका होलान् ?
**पुरुषोत्तम खतिवडा**

जुन चिजको महत्व बढी हुन्छ, त्यसको दुरुपयोग पनि त्यति नै हुन्छ । नपत्याए पैसालाई हेर्नुस् त । भावनादेखि नियमसमेत किन्न खोज्छन् दुष्टहरू ।
**वामदेव पौडेल**

हिजोआज पानी पनि तताएर पिउने गरेको छु, चिसोले होइन मनमा बसेकीलाई चिसो लाग्ने डरले ।
**लक्ष्मण ज्ञवाली**

मंसिर सकियो भन्दै पिर मान्दै र'छन् कोही-कोही यता । हैन कुन महिनाले कसलाई पो पर्खिएको थियो र मसिरले पर्खियोस् ।
**अञ्जना अधिकारी**

मेरो निर्णय
जन्मदिनमा नगर्ने काम : म आफ्नो जन्मदिनमा केक काट्नेछैन, जन्मदिनमा मैनबत्ती निभाउनेछैन, जन्मदिनमा जोकरको जस्तो टोपी लगाउनेछैन ।
जन्मदिनमा गर्ने काम : कुनै मन्दिर जानेछु, पूजाआजा गर्नेछु, भगवान्सँग आशिर्वाद लिनेछु । मैले राम्रो काम शुरु गरें, तपाईंलाई पनि मन लागे यो काम गर्नुहोला ।
**प्रदीप भट्टराई**

राम्रो चिजको आयु छोटो हुन्छ भन्थे, हो रहेछ । मेरो मायाको आयु नि एकदमै छोटो थियो ।
**सुजिता अधिकारी**

केटी भएर मुस्कुराउनु उनीहरूको अदा हो । त्यही मुस्कानलाई लभ सम्झिने केटा गधा हो ।
**चस्मिस**

यो जाडोमा दिनहुँ नुहाउने मान्छे मान्छे होइनन्, भगवान् हुन् भगवान् ।
**ट्विट चोर**

नेपालीलाई जहिले पनि पोहोरको भन्दा धेरै जाडो अहिले हुन्छ रे नि त ।
**सन्तोष राज**

हाँस्दै गर्नुस्, मुस्कुराउँदै गर्नुस्, जिन्दगी त्यति नराम्रो पनि छैन ।
**माधव भुसाल**

माया त सधैं कायम नै रहन्छ, बस माया गर्नेहरू मात्र टुट्छन् ।
**राजु बोहोरा**

हैन, दिलमा बस्ने केटीहरूले धेरै नै फोहोर गर्न थाले कि क्या हो ? मेरो जीउ त डङडङ गन्हाएर आयो त भित्रैदेखि ।
**खलाँसी**

पीएम हुँ भन्नेबित्तिकै बेला न कुबेला पोल-पोलमा झुन्डिन मिल्छ ? कि राजा नभएको देशमा यस्तै हुन्छ ?
**पुरुषोत्तम ढुंगेल**

हरेक पाँच-पाँच मिनेटको फरकमा एउटा रुन्चे ट्विट, अर्को लभ ट्विट, अर्को हँसी-मजाकवाला ट्विट, फेरि रुन्चे ट्विट लेख्ने मानिस देख्दा चैं कति अटेन्सन चाहिएको होला भनेर ट्वाँ नै पर्छु भन्या । कति भ्याउने हुन् क्या ?
**निर्झरिणी बनर्जी**

सम्बन्ध धेरै बनाउनुभन्दा पनि बनिसकेको सम्बन्धमा भरोसा सिर्जना गर्नु जरुरी हुन्छ, किनभने यहाँ सम्बन्धले भरोसा होइन भरोसाले सम्बन्धलाई टिकाएको हुन्छ ।
**अनु झापाली**




■ **वर्षगाँठ** : रेडियो जक्की नरेश भट्टराई तथा अभिनेत्री मुना कार्की भट्टराईले गत बुधबार आफ्नो विवाहको वार्षिक उत्सव मनाएका छन् ।



■ **हाम्रो जोडी** : अभिनेता अर्जुन श्रेष्ठ आफ्नी जीवन साथीसँग ।

## फोटो अफ दि विक



■ **साम्राज्ञीको पहिरन** : चलचित्र मारुनीको घोषणा कार्यक्रममा लेहेंगा चोलीमा प्रस्तुत भएकी अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह ।



होईन, भैंसेपाटीमा मन्त्री क्वाटर बनाउँदा टाढा हुँदैन र भन्या ? मन्त्रीज्यूहरू जाममा पर्नुहोला, विदेश गैरहनुपर्छ फ्लाइट छुट्ला । नजिकै तीनकुनेमा त्यत्रो खाली जग्गा छ त, किन त्यसमा सरकारको ध्यान नगएको ? क्वाटर नजिक, एयरपोर्ट नजिक, सिंहदरबार नजिक हुनेतिर पो लाग्नुपर्ने होइन र ? विदेशीहरू आउँदा नि सुरुमै भव्य मन्त्री क्वाटर देख्दा कति मख्ख पर्थे होलान् ?
**जितु नेपाल**




■ **ब्रेकअप पार्टी** : सम्बन्धविच्छेद गरेको आजबाट ठीक तीन वर्ष पूरा भएर चार वर्ष लागेको उपलक्ष्यमा ठाकुरजीसँग भेटेर लञ्च गरियो । सम्बन्धविच्छेदपछि आ-आफूले बाँचेको जीवनको समीक्षा पनि गरियो । सेलिब्रेट गर्न जान्यो भने सम्बन्धविच्छेदसमेत एक उत्सव बनिदिंदो रहेछ ।
**सरस्वती प्रतीक्षाको वालबाट**


Himalaya™
SINCE 1930
Green Tea®
स्वस्थताको अनुभव,
हरेक चुस्कीमा
Himalaya™
SINCE 1930
Green Tea®
Good health
in a cup
10
TEA BAGS
रोज्नुहोस्
Himalaya™
SINCE 1930
Green Tea®
The Himalaya Drug Company
Makali, Bengaluru 562 162, India
www.himalayawellness.com
E-mail: write.to.us@himalayawellness.com

यात्रा सन्दर्भ

# भजन, भोजन र भोगले एकान्त खोज्छ



किशोर नेपाल

नेपालका एक धुरन्धर वित्तिय कारोबारी हरेक दिन बिहान समाचारपत्रमा आफ्नो राशिफल हेरेर दिनको सुरुवात गर्छन् । उनी आफ्नो भविष्यप्रति त्यति साह्रो संवेदनशील होइनन् । भन्छन्, 'कसो-कसो यो राशिफल हेर्ने बानी परिसक्यो । विश्वास लाग्छ पनि र लाग्दैन पनि । जोखना हेरेको जस्तै हो । धेरैजसो दिन राशिफल मिल्दैन । मिष्टान भोजन भनेको दिनमा दालमा नून नै पुगेको हुँदैन । धननाश भनेको दिनमा धनलाभ भै रहेको हुन्छ, यस्तै-यस्तै हो ।'

मानिसलाई सधैं आफ्नो भविष्यप्रति चासो रहन्छ । भविष्य अज्ञात छ भन्ने थाह हुँदाहुँदै पनि ऊ आफू र आफ्ना प्रियजनको भविष्य थाहा पाउन उत्सुक हुन्छ । मानिसको यो उत्सुकता र जिज्ञाशालाई विज्ञानको अनुमोदन रहेको हुन्छ । ज्योतिष शास्त्र संसारभरि नै प्रतिष्ठित छ । यसलाई विज्ञान मानिएको छ । यसका दुई शाखा छन् : पूर्वीय र पश्चिमी । पूर्वको ज्योतिषले हेरेपनि पश्चिमको ज्योतिषले हेरे पनि मानिसको भाग्य र भविष्य बदलिने होइन । मानिस बाँचुन्जेलका लागि यो उसको मनको सन्तोष मात्र हो । ज्योतिषले जतिसुकै वैज्ञानिक सल्लाह दिए पनि मानिसले त्यस अनुसार आफ्नो भविष्य बनाउने ल्याकत राख्दैन । अज्ञात जमिनको अज्ञात सतहमा कस्तो भविष्यका लागि कस्तो संरचना तयार गर्नु ?

भारत उत्तर बंगाल राज्यको राजधानी तथा संसारका महानगरमध्येको एक कोलकाता निवासी विकास कुमार व्यास मानिसको सरल मनमा खेल्ने अनेकौ प्रश्नसँग खेल्ने पेशामा छन् । शिक्षामा वाणिज्य शास्त्र र कम्प्युटर सफ्टवेयरमा पारंगत व्यासले अध्यात्म र ज्योतिष शास्त्रलाई किन पेसा बनाए ? यसको उत्तर उनी आफैंसँग पनि छैन । उनको कुण्डलीमा नै योग छ । मोक्षको बाटो समातेर हिंड्दा उनलाई पनि रमाइलो लाग्छ । यो पेसालाई नैतिक हिसाबले राम्रोसँग चलाउने हो भने यसबाट आफ्नो पनि उद्धार हुन्छ । संस्कृतको एउटा श्लोक समातेर उनी भन्छन् : 'महाजनो येन गत स पन्था ।'

शायद यो उनका पिताजीकै आकर्षणले काम गरेर होला, उनले यो पेशा समाते । व्यास हार्दिक रूपले सन्तुष्ट छन् । उनले आफ्नो व्यवसायमा अलिकति आकर्षण पनि थपेका छन् । देव देवी पूजा र ग्रह शान्तिको सन्दर्भमा उनी आफ्ना यजमानहरूलाई विभिन्न मठ र पीठहरूको दर्शन गराउन ठाउँठाउँको यात्रा गर्छन् । यसैकारण पनि, नेपाल उनको सूचीमा परेको छ । नेपाललाई देवभूमिका रुपमा मान्ने भारतीयहरू असंख्य छन् । ती असंख्य भारतीयहरू जसमा आध्यात्मिक र भौगोलिक तृष्णा अत्यधिक छ, त्यसलाई मेटाउन पथ प्रदर्शकका रूपमा विकास कुमार व्यासले नेपाल भ्रमण गराइरहेका छन् । उनले विगत केही दिन यता धार्मिक पर्यटनमा आउने भारतीय पर्यटकहरूलाई मुक्तिनाथको अर्चना र दर्शन गराएका थिए । ती पर्यटकले नेपाल प्रवासका क्रममा राम्रै पैसा खर्च गरे । तीनतारे होटलमा आवास व्यवस्था, यातायात, खाना र दर्शनीय स्थलहरूको भ्रमण गर्दा सोचेभन्दा बढी पैसा खर्च हुन्छ ।

नेपालका शक्तिपीठहरूमा भारतीयहरूको रुचि बढ्दै गएको छ । नेपालमा संस्थापित विभिन्न भैरवहरूको पूजा अर्चनाका लागि यहाँ आउने श्रद्धालुहरू बढ्दै गएका छन् । इन्द्रचोकका आकाश भैरव, दरबार स्क्वायरका काला र सेता भैरव, ज्ञानेश्वरका भैरव लगायत नेपालमा थुप्रै पीठहरू छन् जहाँ पर्यटकको राम्रो पहुँच छैन । यस्ता पीठको सोधखोज र अनुसन्धान गरेर भारतमा प्रचार गर्न सकेको खण्डमा पर्यटन व्यवसायबाट ठोस योगदान पुग्नेछ देश विकासमा, तर सरकारले समृद्धिको नारामात्र लगाउन जानेको छ । त्योभन्दा पर अर्को 'एक्सन' देखिएको छैन । व्यासजीको विचारमा, 'नेपालका व्यवसायिक समुदायका मारवाडी र अन्य जातजातिका सदस्यहरू नेपालको धार्मिक पर्यटनको विकासमा सहयोग गर्न चाहन्छन् । उनीहरूको सहयोग कसरी लिने ? त्यो नेपाल सरकारको कुरा हो ।'

अहिले नेपालका पर्यटन व्यवसायीले भारतीय पर्यटकमा खासै ध्यान दिएका छैनन । तिनका लागि आवास र भोजनको राम्रो व्यवस्थागर्न सकेका छैनन । पशुपतिनाथको दर्शनका लागि आएका धार्मिक पर्यटकहरू मन्दिरको वरपर स-साना होटल र धर्मशालामा बस्छन् । सकेसम्म कम खर्चमा धेरै देवी देवताको दर्शनगर्न चाहन्छन् । यस्ता पर्यटक त आएका छन् नै । ती भन्दा माथिल्ला वर्गका धेरै पैसा खर्चगर्ने क्षमता भएका पर्यटक धर्म र आनन्द एकै पल्ट लिन चाहन्छन् । तिनका लागि प्याकेज खोइ ? सरकार सीएनएन र बीबीसीजस्ता संचार माध्यममा विज्ञापन दिएर पर्यटक तान्न चाहन्छ, तर त्यस्ता संचार माध्यमबाट जानकारी लिएर नेपाल घुम्न आउने पर्यटकको संख्या नगण्य नै छ ।



विकासकुमार व्यासका विचारमा समाजमा नकारात्मक प्रवृत्ति बढ्दै गएको यो समयमा सकारात्मक विचार ताजा हावाको झोंक्का जस्तै हो । मानिसहरू शरीरभन्दा पैसालाई महत्व दिन्छन् । एकातिर, अन्धविश्वासमा लाग्छन्, अर्कातिर, नास्तिक र अनैतिक जीवन शैली पछ्याउँछन् । तपाई नै भन्नुहोस्, आफ्ना वृद्ध आमाबाबुलाई धर्मशालामा थन्क्याउने मानिस कसरी सुखी होला ?

व्यासजी कसैलाई कहिल्यै रत्न लगाउने सिफारिश गर्दैनन् । उनी मूल रुपले हिन्दूहरूको कर्मकाण्ड विधिमा सहयोग पुर्‍याउँछन् । महारुद्र र शतचण्डीजस्ता विशाल आयोजन उनको खुबी हो । व्यासजीको विचारमा अहिले भैरव आराधनाको लहर नै चलेको छ, किनभने एक त बाल भैरवले कसैको हानि गर्दैनन् । भैरव शिवका अर्का स्वरूप हुन् । पशुपतिनाथ नेपालका इष्टदेव हुन् । आकाश भैरव जो इन्द्रचोकमा छन् ती नेपालका राजा हुन् । उनले इष्टदेवको आदेशको पालनागर्दै नेपाल राज्यको रक्षा गरेका छन् । व्यास देवी देवताको विशेष पूजा विधि र तत्सम्बन्धी प्रक्रियाका लागि पटक-पटक नेपाल आउँछन् । त्यसबाहेक बर्षको दुइ पटक उनी आकाश भैरवको विशेष पूजाका लागि काठमाडौं आउने गरेका छन् ।

व्यास भन्छन् - कलियुगमा सन्यास हुँदैन । सन्यास धर्म नै वर्जित गरिएको छ कलियुगमा । सन्यास अत्यन्त दुष्कर मार्ग हो । संन्यासीले लगाउने जस्तो कपडा लगाउँदैमा कोही संन्यासी हुँदैनन् ।

अध्यात्ममा रुचि राख्नेहरूका लागि केही टिप्स छन् व्यासजीका - कपडामा रंगको महत्व हुन्छ । त्यो महत्वलाई बुझेर कपडा लगाउँदा शान्ति मिल्छ । शिवजी सेतो वस्त्रमा रमाउँछन् । देवी रातोमा रमाउँछिन् । मानिसले तीन कुरा एकान्तमा गर्नुपर्छ- भजन, भोजन र भोग ।

व्यासजी कर्मयोगी हुन् । उनीसंगको वार्ता आनन्ददायक हुन्छ । उनी जबर्जस्ती कसैलाई आफ्ना कुरामा सही ठोक्न लगाउँदैनन्, तर मानिसहरू उनका सारगर्भित विचारसँग सहमत हुन्छन् ।

## प्रतिक्रिया




साहित्य, संगीत र कलालाई दलगत हिसाबले बाँडफाँड गर्न नहुने मदन चित्रकारको भनाइ सही लाग्यो (कथा कला र कलाकारको) । हाम्रो देशमा जुनसुकै विषयमा राजनीति मिसाएर थिलथिलो बनाइएको छ । कला-साहित्य जहिले पनि राष्ट्रको हुन्छ र कलाकार तथा साहित्यकार राष्ट्रका गहना हुन् भन्ने सबैले बुझ्नु जरुरी छ ।

**सन्तोष श्रेष्ठ**

एवार्ड प्राप्त गर्ने सबैलाई बधाई तथा शुभकामना (कामना एवार्डमा लिलिबिलीको वर्चस्व) ।

**ओम प्रकाश**

हिँड्दै छ पाइला मेट्दैछ भन्ने उखान चलचित्र क्षेत्रमा पनि साकार हुँदो रहेछ । एवार्ड (बिर्सने प्रतिस्पर्धा) पाउँदा पनि सँगै काम गरेका कलाकारहरूबीच खुसी नसाटिनु उदेकलाग्दो कुरा हो ।

**कौशिला**

साहित्य उत्सवले नयाँ साहित्यकारहरूलाई स्थान दिन सक्नुपर्छ । (पोखरामा साहित्य उत्सव) यस्ता महोत्सव कर्मकाण्डी मात्र साबित नहुन् ।

**रचना थापा**

अन्तराष्ट्रिय धार्मिक स्थानहरूमा निर्मित ठूला होटलहरू भ्रमण वर्ष-२०२० का लागि सहयोगी हुनेछन् (लुम्बिनीका पाँच रिसोर्ट) । लुम्बिनीमा मात्र होइन, सरकारले छुट्याएका १ सय पर्यटकीय स्थलमा पनि यस्ता होटल खुल्दै जानुपर्छ ।

**पुकार बस्नेत**

हैट ! विवाह (थिम वेडिङ) पनि कति महँगो भएको हो ? २० लाख लाग्ने रे विवाह गर्न । अब त कोर्ट म्यारिज गर्नुपर्ला जस्तो छ ।

**राकेश यादव**

क्रिकेटको क्रेजसँगै खेलाडीहरूको आम्दानी पनि राम्रो हुन थालेको छ (कस्ता छन् इपिएल २०१८ का टिम ?) । अहिले जसरी धमाधम क्रिकेट प्रतियोगिता भैरहेका छन् फुटबलको पनि यस्तै प्रतियोगिता सञ्चालन गरिनुपर्छ ।

**उमेश बडु**

म नम्रताको साहसको प्रशंसा गर्छु (डिप्रेसनबाट तङ्ग्रिँदै) । वास्तममा उनी बलियो हृदय भएकी महिला हुन् । जसले अप्ठ्यारो परिस्थितिमा आफूलाइ सम्हाल्छ, ऊ सराहनाको भागिदार हुन्छ ।

**सन्तोष कार्की**

नम्रताजी, तपाईंमा ठूलो आत्मबल छ । जसले दुःख पचाउँछ ऊ नै शक्तिशाली मानिस हो ।

**बुलबुल**

श्रृंखला खडिवडा प्राकृतिक सौन्दर्यका साथमा राम्रो इच्छाशक्ति भएकी युवती हुन् । कठोर मेहनत अनि क्षमता र दक्षताका कारण उनी आफ्नो अलग स्थान बनाउन सफल छिन् । (मिस वर्ल्डमा नेपालको उत्कृष्ट दावेदारी) भोलिका दिनमा उनले नेपालको विकासमा सकारात्मक भूमिका खेल्नेमा हामी विश्वस्त छौं ।

**प्रेम सुवेदी**

नेपालमा खाजाका रूपमा सबैभन्दा बढी प्रयोग हुने मःमका बारेमा यथेष्ट जानकारी पाइयो (मःम ब्रान्ड) । म र मजस्तै अरू मःम पारखीलाई कुन ठाउँमा कुन खालको मःम पाइन्छ भनेर भौंतारिने बाध्यताबाट छुट्कारा दिएकोमा साप्ताहिकलाई हार्दिक धन्यवाद ।

**उमेश थापा**

नेपालमा मात्र नभएर विदेशमा बसेर पनि नेपाली साहित्यलाई उत्तिकै माया गर्नुहुनेहरूलाई नमन छ (नेपालबाहिर बसेर साहित्य सिर्जना) ।

**सदीक्षा श्रेष्ठ**

पक्कै पनि पहिले हामी मान्छे हौं । (सीताराम हाछेथुको अन्तर्वार्ता) त्यसपछि सामाजिक प्राणी, अनि एउटा राष्ट्रिप्रेमी, अनि राष्ट्रि सेवक । आफ्नो कार्यकालमा यहाँले जति काम गर्न सक्नुभयो त्यसका लागि साधुवाद ।

**अमर सिं**

साप्ताहिक र मध्यपृष्ठ (ब्लोअप) एक-अर्काका पूरक हुन् । यसपटक प्रकाशित रुविष्का श्रेष्ठको तस्विर उत्कृष्ट छ । पहिले मध्यपृष्ठमा मोडलको तस्बिरसँगै उनीहरूको विषयमा पनि जानकारी हुन्थ्यो, अहिले त्यो छैन । त्यसबाट मोडलहरूका बारेमा जानकारी पाइन्थ्यो ।

**भैरव बस्नेत**

twitter follow us on
twitter.com/saptahik

SMS
मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik

# रेल ग्ल्यामर होइन, आवश्यकता हो



प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा रेल चलाउने बहस छेडेका हुन् । रेल अत्यावश्यक पूर्वाधार भए पनि नेपालमा यो ग्ल्यामरको विषय भएको छ । नेपाललाई भारत र चीनसँग रेलमार्गले जोड्ने विषयमा चर्चासँगै केही कामसमेत अघि बढिरहेको छ । नेपालको लाइफलाइन हुन सक्ने पूर्व-पश्चिम रेलमार्गको डीपीआर तयार भैसकेको छ । नेपालमा रेलमार्गको विकासका सबै काम भौतिक योजना मन्त्रालयअन्तर्गतको रेल विभागले हेरिरहेको छ । नेपालमा रेलमार्गको विकासका सन्दर्भमा भैरहेका काम, यसका चुनौती, सम्भावित फाइदा आदि विषयमा साप्ताहिकले विभागका महानिर्देशक इ. बलराम मिश्रसँग साप्ताहिकका लागि जनक तिमिल्सिनाले गरेको कुराकानी :

■ इ. बलराम मिश्र,
महानिर्देशक, रेल विभाग

तस्बिर : नवराज वाग्ले

**रेललाई राजनैतिक दलका नेताहरूले ग्ल्यामरका रूपमा प्रस्तुत गरिरहेका छन् । रेलमार्ग विकास गर्ने तयारी कसरी अघि बढिरहेको छ ?**

ग्ल्यामर होइन, रेल हाम्रो आवश्यकता हो । कुनै पनि देशको दीर्घकालीन विकासका लागि रेल ठूलो आवश्यकता हो । रेल सार्वजनिक यातायात एवं मालसामान ढुवानीका लागि सस्तो र सजिलो माध्यम हो । औद्योगीकरण भएका देशमा रेलको तीव्रतर विकासले काम गरेको छ ।

**आन्तरिक र बाह्य रेल सन्जाल विस्तारका लागि के–कस्ता काम भएका छन् ?**

नेपालमा इस्वी संवत् १९२७ तिर रेल सेवा सुरुवात भएको थियो । त्यति बेला रक्सौल-अमलेखगन्जबीच रेल चल्थ्यो । सन् १९३७ मा जनकपुर–जयनगर रेल सेवा सुरु भयो, तर त्यतिबेला न्यारोगेजको रेल थियो, त्यो रेल सामान ढुवानीका लागि बढी प्रयोग हुन्थ्यो । ब्रिटिसहरूले काठ तथा ढुंगा ढुवानी गर्न त्यो रेलमार्ग निर्माण गरेका थिए । अहिले हामी जुन रेल बनाउन खोज्दैछौं त्यो आधुनिक रेल हो । अहिलेको जमानामा टाइम र सेफ्टीमा ध्यान दिइएन भने त्यो साधन त्यति प्रभावकारी हुँदैन । रेलमा सुरुको लगानी अलि बढी हुँदो रहेछ भने पछि सञ्चालनको खर्च कम हुँदो रहेछ । अहिले भारत सरकारसँग हाम्रो सम्झौता भएको छ, खासगरी बोर्डर कनेक्टीभिटी र ब्यापार हाम्रो प्राथमिकता हो, जसमा सिलिगुडी-काँकडभिट्टा, विराटनगर-जोगबनी, जयनगर-बर्दिवास, भैरहवा-सुनौली र नेपालगन्ज-रुपडिया रेल भारत सरकारले अनुदानमा बनाइदिने सम्झौता भएको छ, जसमध्ये दुई ठाउँ विराटनगर-जोगवनी (१८ किलोमिटर) र जयनगर-कुर्था (३५ किलोमिटर) को निर्माण सम्पन्न भैसकेको छ । विजलपुरादेखि बर्दिवाससम्म थोरै काम बाँकी छ । अहिले नेपाल सरकारले पूर्व-पश्चिम रेलमार्ग बनाउने नीति लिएको छ, त्यसको डिटेल प्रोजेक्ट रिपोर्ट (डीपीआर) हामीले लगभग तयार गरिसकेका छौं । नेपाल सरकारकै खर्चमा हामीले विदेशबाट दक्ष जनशक्ति झिकाएर डीपीआरको ९० प्रतिशतजति काम सकेका छौं । केही ठाउँमा थोरै काम बाँकी छ । एक वर्षभित्र पूर्वपश्चिम रेलमार्गको डीपीआर पूर्ण रूपमा तयार हुन्छ । डीपीआर बनाउँदा चितवन राष्ट्रिय निकुन्ज तथा बुटवल सिटीलाई ध्यान दिएर थोरै परिवर्तन गरिने भएको छ ।

**पूर्व–पश्चिम रेलमार्गको डीपीआर बनाउन कति समय लाग्यो, हामीले कुन देशका प्राविधिकको सहायता लियौं ?**

रेलमार्गको इन्जिनिरिङअन्तर्गत पहिलो चरणमा सम्भाव्यता अध्ययन गरिन्छ । त्यो सबै काम भारतीय कम्पनीबाट गराइएको हो । त्यो सस्तो भिज्युअल सर्भे थियो । त्यसअन्तर्गत पहिलो खण्ड बर्दिवासदेखि काँकडभिट्टा (२ सय ५० किलोमिटर) सम्मको डीपीआर तयार भैसकेको छ । बर्दिवासदेखि बुटवलसम्म पनि तयार पारिसकेका थियौं, राष्ट्रिय निकुञ्जबीचमा परेका कारण त्यसमा केही परिवर्तन गर्नुपर्ने भयो । अहिले बुटवलदेखि गड्डाचौकीसम्मको काम भैरहेको छ । त्यसका चार प्याकेजमध्ये दुईवटाले प्रतिवेदन बुझाइसकेका छन्, थप दुईको काम पनि अन्तिम चरणमा छ । बुटवल सहरमाथिबाट झन्डै तीन किलोमिटर लामो पुल बनाएर रेल गुडाउने योजना बनाइरहेका छौं ।

> भारतले भन्सार कनेक्टिभिटीका लागि जुन पाँचवटा रेलमार्ग बनाउँदैछ, ती सबै ब्रोडगेज हुन् । भारतमै पनि स्ट्यान्डर्ड गेज नभएको र उसले अनुदानमा बनाइदिने भएकाले हामीले ब्रोडगेजलाई स्वीकार गरेका छौं । पूर्व-पश्चिम रेलमार्ग पूरै स्ट्यान्डर्ड गेजमा बनाउँछौं । चीनबाट आउने रेल पनि स्ट्यान्डर्ड गेजमै हुन्छ । भारतबाट रक्सौल-काठमाडौं रेलमार्गको जुन अध्ययन भएको छ, त्यो सम्झौताअनुसार ब्रोडगेजमै छ । ब्रोडगेज र स्ट्यान्डर्ड गेजमा खाली गेजको मात्र फरक हो, अरू इन्जिनियरिङ त्यति फरक छैन । स्ट्यान्डर्ड गेजको तुलनामा ब्रोडगेजमा मोडहरूमा केही सुधार गर्नुपर्ने हुन्छ, ट्र्याकको ढाँचा लगभग उस्तै हुन्छ, तर रोलिङ स्टक फरक हुन्छ ।

**पूर्व–पश्चिम रेलमार्ग कति खर्चमा तयार होला त ?**

डीपीआरका लागि झन्डै डेढ अर्ब रुपैयाँ खर्च भएको छ । हामीले पूर्व-पश्चिम रेलमार्गलाई नवीनतम प्रविधिमा निर्माण गर्न खोज्दैछौं । रेलको विकासमा हामी पछि पर्‍यौं, पछि बनाउँदा पुरानै प्रविधिमा बनाउने कुरै भएन । पूर्व-पश्चिम रेल अहिलेको स्ट्यान्डर्ड गेजमा बन्छ । त्यसको गति न्यूनतम २ सय किलोमिटर प्रतिघण्टा हुन्छ । यस्तो रेल अहिले भारतको कुनै पनि ठाउँमा छैन, उनीहरूसँग अहिले भएका रेल प्रतिघण्टा डेढ सय किलोमिटरसम्म कुद्छन् । भारतले पनि अहिले जापानको सहयोगमा मुम्बईदेखि अहमदावादसम्म स्ट्यान्डर्ड रेल बनाउन खोजिरहेको छ । हामीले त्यस्तै किसिमको रेल ल्याउने गरी पूर्व पश्चिम रेलमार्गको डीपीआर तयार पारेका छौं ।

**कहाँ–कहाँ रेल बनाउने गृहकार्य भइरहेको छ ?**

भारत सरकारले पाँच ठाउँमा भन्सार जोड्ने गरी रेलमार्ग बनाइदिने सम्झौता भएको छ, जसमध्ये दुई ठाउँमा तयार नै भैसकेको छ । तीनवटाको काम दोस्रो चरणमा सुरु हुन्छ । त्यसैगरी भारत सरकारसँग रक्सौल-काठमाडौं रेलमार्ग निर्माण गर्ने अर्को सम्झौता भएको छ । त्यो रेलमार्गको पनि अध्ययनको काम चलिरहेको छ, यसको सम्भाव्यता अध्ययन पोजेटिभ छ, अब फाइनल डीपीआर तयार गर्ने काम हुँदैछ । उता चीन सरकारसँग काठमाडौं-केरुङ रेलमार्गका लागि समझदारी भएको छ । रेल आइसुलेसनमा चल्न सक्दैन, कनेक्टिभिटी भएन भने खर्च नै उठ्दैन, त्यसैले केरुङबाट काठमाडौं, काठमाडौंबाट रक्सौलको नेटवर्क भयो भने मात्र अथवा भारत र चीनलाई जोड्न सकियो भने मात्र नेपालमा रेलको उपयोगिता हुन्छ । अहिले चीनको सामान भारत पुग्न समुद्री मार्गबाट झन्डै एक महिनाजति लाग्छ, जति सस्तो भए पनि कति खर्च लाग्ला आफैं अनुमान गर्नुहोस् । त्यसकारण रेलमार्गबाट चीन र भारतलाई जोड्न सकियो भने त्यसबाट नेपाललाई युगान्तकारी फाइदा हुन्छ । रेलमार्ग भनेको मास ट्रान्सपोर्ट पनि हो, त्यसैले टुरिज्म सर्किटहरूलाई जोड्ने गरी काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्गसमेत प्रस्तावित छ, त्यसको पनि सम्भाव्यता अध्ययन भैसकेको छ । सम्भव देखिएकाले त्यसको पनि डीपीआर बनाउने काम अघि बढाउने सोच सरकारको छ ।

**रेलमार्गको विकासमा हामी नयाँ छौं । अहिले ब्रोडगेज र स्ट्यान्डर्ड गेजको बहस पनि उत्तिकै चलिरहेको छ नि ?**

भारतले भन्सार कनेक्टिभिटीका लागि जुन पाँचवटा रेलमार्ग बनाउँदैछ, ती सबै ब्रोडगेज हुन् । भारतमै पनि स्ट्यान्डर्ड गेज नभएको र उसले अनुदानमा बनाइदिने भएकाले हामीले ब्रोडगेजलाई स्वीकार गरेका छौं । पूर्व-पश्चिम रेलमार्ग पूरै स्ट्यान्डर्ड गेजमा बनाउँछौं । चीनबाट आउने रेल पनि स्ट्यान्डर्ड गेजमै हुन्छ । भारतबाट रक्सौल-काठमाडौं रेलमार्गको जुन अध्ययन भएको छ, त्यो सम्झौताअनुसार ब्रोडगेजमै छ । ब्रोडगेज

पृष्ठ ६ मा



# रेल ग्ल्यामर होइन...

पृष्ठ ५ मा

र स्ट्यान्डर्ड गेजमा खाली गेजको मात्र फरक हो, अरू इन्जिनियरिङ त्यति फरक छैन। स्ट्यान्डर्ड गेजको तुलनामा ब्रोडगेजमा मोडहरूमा केही सुधार गर्नुपर्ने हुन्छ, ट्र्याकको ढाँचा लगभग उस्तै हुन्छ, तर रोलिङ स्टक फरक हुन्छ। अनुदानमा बनाउने हो भने त्यसमा भन्नु केही छैन, ऋणमा बनाउने हो भने हामी रक्सौल–काठमाडौं रेलमार्ग पनि स्ट्यान्डर्ड गेजमा बनाउँछौं।

**हामीले रेलमार्गलाई कस्तो पूर्वाधारका रूपमा विकास गर्ने तयारी गरिरहेका छौं ?**

रेल भनेको अनिवार्य पूर्वाधार हो। अहिले रक्सौलबाट वीरगन्ज सामान ल्याउने क्रममा कति सहज भएको छ, कलकत्ताबाट सीधै रेल आइरहेको छ। सबै नेटवर्क बन्यो भने त्यसले विकासमा ठूलो टेवा पुऱ्याउँछ। अहिले ट्रान्सएसिया भन्ने एउटा कन्सेप्ट आएको छ, जसअन्तर्गत रेलले एसियालाई जोड्ने कुरा छ। हामी पनि त्यसको एउटा सदस्य हौं। त्यसकारण हामीले बनाउने रेलमार्ग किन स्ट्यान्डर्ड गेजमा बनाउनुपर्छ भने भोलि युरोपबाट आउने रेल पनि यहींबाट पास हुन्छन्। हामी एउटा रुट हुन्छौं। ट्रान्स एसिया रेलमार्गसम्बन्धी सन्धिमा नेपालको पूर्व-पश्चिम रेलमार्ग त्यसको एक भाग हुने कुरा उल्लेख छ। भारतले पनि भोलि आफ्नो रेलमार्गलाई स्ट्यान्डर्ड गेजमा ल्याउनैपर्छ। हाम्रो सोच पनि त्यही हो, उसलाई एक्सेस पनि दिनुपऱ्यो। युरोपबाट भारत हुँदै थाइल्यान्ड, म्यानमार प्रवेश गर्ने रेल त्यहीं रोकिँदैन। त्यसैले भारतले पनि पछि गएर इन्टरनेसनल मोडलमा जानैपर्छ।

**कतिपयले त नेपालमा रेललाई घाटाको बिजनेसका रूपमा पनि हेरिरहेका छन् नि ?**

अहिलेको सरकारको समृद्धिको नीतिअनुसार अघि बढ्ने हो भने उत्पादन बढाउनैपर्छ, उद्योगधन्दा खोल्नैपर्छ। सामान ल्याउन, पठाउन पनि रेल चाहिन्छ। अर्कातर्फ रेल एकदमै सस्तो यातायातको साधन हो। काठमाडौंबाट वीरगन्जसम्मको गाडी भाडा कति छ र रक्सौलबाट दिल्ली जाँदाको रेल भाडा कति छ ? त्यसैबाट अनुमान गर्नुहोस्। आमजनताको जीवनमा प्रत्यक्ष असर पार्ने भौतिक पूर्वाधार हो रेल। सस्तो, सुलभ, छिटो र सुरक्षित। रेलको दुर्घटना दर पनि कम हुन्छ। रेल सर्वसुलभ, तीव्र गतिको अनि सुरक्षित साधन हो। त्यसैले रेलमार्गको विकास नगरी देशको दीर्घकालीन विकास हुँदैन। रेलमार्ग निर्माण गर्नैपर्छ, सबै विकसित देश जापान, अमेरिका, रसिया होस् वा अरू युरोपियन देशहरू हुन्, सबै रेलबाटै जोडिएका छन्।

**रेलका फाइदा के हुन्छन् ?**

हामी आइसोलेसनमा बस्दैनौं। ठूलो जनसंख्या भएका हाम्रा दुई छिमेकी छन्। चीनबाट रेल नेपाल आउन थाल्यो भने त्यो सस्तो हुन्छ। अहिले चीनबाट हवाईमार्ग भएर आउँदा महँगो पर्ने भएकाले पर्यटकलाई पनि गाह्रो छ, भारतको स्थिति पनि त्यस्तै हो। भोलि रेल सम्पर्क भयो भने सामान ढुवानी सस्तो र छिटो हुन्छ। पर्यटकहरू पनि ठूलो संख्यामा आउँछन् र नेपाल एउटा हब बन्छ। अहिले भारतका कति मानिस मानसरोवर जान्छन्, कताबाट जान्छन् ? यदि यो रुट बन्यो भने सबै हाम्रै रुटबाट जान्छन्। त्यसकारण रेलमार्गको बहुकोणीय प्रभाव हुन्छ। आसामबाट दिल्ली जाने यात्रीले अहिले ३६ घण्टा रेल चढ्नुपर्छ। भोलि हाम्रो रेल बन्यो भने पाँच घण्टामा काँकडभिट्टाबाट गड्डाचौकी पुग्न सकिन्छ, त्यहाँबाट दिल्ली दुई घण्टाको बाटो छ। त्यसैले राष्ट्रिय अन्तर्राष्ट्रिय सबै प्रभाव विचार गर्नुपर्छ।

**रेल त हामी चलाउँछौं नै, रेल चल्न थालिसकेपछि अर्बौं रुपैयाँ खर्च गरेर बनाइएका अहिलेका सडक र एयरपोर्टहरूको व्यवस्थापन कसरी हुन्छ ?**

कतारको जनसंख्या मात्र ३ लाख छ भने त्यहाँ २७ लाख मानिस बसोबास गर्छन्। २४ लाख मानिस बाहिरबाट आएर काम गरिरहेका छन्। उसले पूर्वाधार विकास गऱ्यो, औद्योगिक क्रान्ति गऱ्यो, विश्व अर्थतन्त्रमै अग्रस्थानमा देखा पऱ्यो। सिंगापुरको जनसंख्या कति छ ? त्यहाँ रेलको आवश्यकता नै छैन। हाम्रो काठमाडौंजत्तो ठाउँ, बसमा गए पनि हुन्थ्यो, तर उनीहरूले दिनका दिन रेलको विकास गरिरहेका छन्, भित्रबाहिर, अन्डर ग्राउन्ड, ओभर ग्राउन्ड सबैतिर। मास ट्रान्सपोर्टेसनले रिसोर्सेजलाई घटाउँछ, रोडको स्पेस घटाउँछ। अहिले जामले हैरानी भैरहेको छ, काठमाडौंमा मेट्रो चल्न थाल्यो भने सबै सिस्टम नै इफिसेन्ट हुन्छ। एक-अर्कासँग कम्पिट गर्नुपर्ने हुन्छ। त्यसपछि मानिसहरूसँग सर्वसुलभ, सुरक्षित र सस्तो छान्ने विकल्प हुन्छ।

**चीनबाट आउने रेल कस्तो हो ?**

होइन, चीनबाट आउने रेल टनेलबाट आउँछ, सुपरफास्ट ट्रेन हुन्छ। स्ट्यान्डर्ड गेजको ट्रेन आउँछ। कार्गो मात्र हो भन्ने सूचना गलत हो, त्यो यात्री रेल पनि हो। रेलको लिकमा कार्गो ट्रेन पनि गुड्छ, प्यासेन्जर ट्रेन पनि गुड्छ।

**रेलमार्गका चुनौतीहरू के-कस्ता छन् ?**

रेल संरचना महँगो संरचना हो। त्यसको प्रारम्भिक लागत बढी हुन्छ। अहिले हामी ६ लेनका सडक बनाइरहेका छौं। २०-२५ करोड रुपैयाँको लागतमा ६ लेनका एक किलोमिटर सडक बनिरहेका छन्। एउटा रेल लिक बनाउन सबै कुरा गर्दा प्रतिकिलोमिटर ५०-६० करोड रुपैयाँ पर्छ, यो त बनाउने कुरा मात्र हो। त्यसपछि रोलिङ स्टक, रेल किन्नुपऱ्यो, सञ्चालन गर्नुपऱ्यो। केही देशले रेलमार्गलाई निजीकरण समेत गरेका छन्। थोरै अनुभव भए पनि पहिले हामीले पनि रेल्वे कम्पनीअन्तर्गत रेल चलाएका थियौं। हामी त्यसलाई रिभाइज गर्ने क्रममा छौं। रेलमार्ग चलाउने हो भने त्यस्तो संरचना बनाउनैपर्छ, नेपाल सरकारको स्वामित्व रहने संस्थाले बिजनेस गर्न सक्दैन। हाम्रो आम्दानी जे हुन्छ, सबै राजस्वमा जाने हो। कम्पनीको मात्र छुट्टै खाता हुन्छ, हाम्रो छुट्टै खाता हुँदैन। दोस्रो चुनौतीका रूपमा आरक्षहरू हुन् र तेस्रो चुनौती तराईमा जुन ठाउँमा हामीले पूर्व पश्चिम रेलमार्ग बनाउँदैछौं त्यहाँ ठूला-ठूला खोलाहरू छन्, त्यहाँ ठूलठूला पुल बनाउनुपर्ने हुन्छ। बस्तीहरू छन्। रेलको सबै प्रविधि बाहिरबाट ल्याउनुपर्ने अर्को ठूलो चुनौती छ। दक्ष जनशक्ति पनि छैन, डिजाइनका लागि कोरियन, जापानी, चिनियाँ तथा भारतीयहरूलाई निम्त्याइरहेका छौं। ती देशका विज्ञहरूमार्फत हाम्रो रेलमार्गको डिजाइन भैरहेको छ।

> रेल संरचना महँगो संरचना हो । त्यसको प्रारम्भिक लागत बढी हुन्छ । अहिले हामी ६ लेनका सडक बनाइरहेका छौं । २०-२५ करोड रुपैयाँको लागतमा ६ लेनका एक किलोमिटर सडक बनिरहेका छन् । एउटा रेल लिक बनाउन सबै कुरा गर्दा प्रतिकिलोमिटर ५०-६० करोड रुपैयाँ पर्छ, यो त बनाउने कुरा मात्र हो । त्यसपछि रोलिङ स्टक, रेल किन्नुपऱ्यो, सञ्चालन गर्नुपऱ्यो । केही देशले रेलमार्गलाई निजीकरण समेत गरेका छन् ।

**लगानीका दृष्टिले चीनले अनुदानमा र भारतले ऋणमा रेल बनाउने कुरा छ होइन ?**

भन्सार जोड्ने पाँचवटा रेल भारतले अनुदानमा बनाइदिने सम्झौता भएको छ। अरु, दुई वटामा सम्भाव्यता अध्ययनको मात्र सम्झौता भएको हो, लगानीका विषयमा कुरा भएको छैन। डिजाइन बनेपछि त्यसको लागत कति आउँछ, त्यसपछि पुनः दुई देशका बीच छलफल हुन्छ।

**अनुदानमा रेल बनाउँदा के फाइदा हुन्छ, ऋणमा रेल बनाउँदा के फाइदा हुन्छ ?**

अनुदानमा बनाउँदा नेपाल सरकारले केही लगानी गर्नु परेन। हाम्रो लगानी नपरेपछि मित्र राष्ट्रले दिएको उपहार नै भयो।

**कतिपयले त अनुदानमा बनाउँदा उनीहरूले आफ्नो मोडलमा बनाउँछन्, दीर्घकालीन विकास पूर्वाधार भएकाले बरु ऋण लिएर आफ्नो अनुकूलको संरचना निर्माण गर्नुपर्छ पनि भन्छन् नि।**

यो कुरामा केही सत्यता किन छ भने अनुदानमा उनीहरूकै सेयर हुन्छ, ऋणमा हाम्रो सेयर हुन्छ। त्यो पैसा हाम्रो हुन्छ, हामीले तिर्नुपर्छ, तर अनुदान भनेको त पूरै उपहार हो, नेपाल सरकारलाई दायित्व परेन। यो आफैंमा ठूलो लाभ हो।

**इलेक्ट्रिकल रेलको पनि बहस चलिरहेको छ नि ?**

नेटवर्क भनेको सबै समान हो स्ट्यान्डर्ड गेज र ब्रोडगेजको। रोलिङ स्टकमा मात्र फरक हो। अहिले जनकपुर-जयनगर, कुर्थावाला जुन सेक्सन छ, त्यहाँ इलेक्ट्रिक फिक्सन भैसकेको छैन। रेल विभिन्न किसिमको हुन्छ। अहिले हामी पूर्व-पश्चिम रेलमार्गलाई इलेक्ट्रिक नै बनाउन खोजिरहेका छौं। त्यसमा रेलमार्गको कनेक्टिभिटीमाथि बिजुलीको पोल राखेर कनेक्सन गर्ने हो। त्यो भनेको त्यति ठूलो कुरा होइन, त्यो संरचना त्यति महँगो पनि होइन। रेल लाइन निर्माण, स्टेसन, रोलिङ स्टक, मेन्टेनेन्स यार्ड आदि कुरा महँगा हुन्।

**पूर्व-पश्चिम, केरुङ-काठमाडौं, रक्सौल-काठमाडौंलाई महत्वका रेलमार्गका रूपमा हेरिँदैछ। यी रेलमार्गको काम कहिलेसम्म सुरु होला ?**

पूर्व-पश्चिम रेलमार्गको डिजाइन तयार भैसकेको छ। केही समयमै त्यसको काम सुरु हुने अपेक्षा राखेको छु। नेपाल सरकारले यसका बारेमा विभिन्न तह, मोडल र एजेन्सीसँग कुरा गरिरहेको छ। निकट भविष्यमै खण्ड-खण्ड गरी यसको काम सुरु हुन्छ। त्यसको मोडालिटी पनि आउला। रक्सौल-काठमाडौंको डिजाइन तयार हुनेबित्तिकै सम्बन्धित देशसँग छलफल अघि बढाउँछौं। केरुङ-काठमाडौंको पनि चिनियाँ पक्षसँग निरन्तर छलफलमा छौं, दुईवटा बैठक चीनमा भैसक्यो अब नेपालमा हुँदैछ। सम्भाव्यता अध्ययनपछि कसरी अघि बढ्ने भन्ने विषयमा कुरा होला। काठमाडौं-केरुङ एकदमै चुनौतीपूर्ण रेलमार्ग हुनेछ। रक्सौल-काठमाडौं पनि चुनौतीपूर्ण नै हुन्छ। पहाडमा रेल बनाउने कुरा सहज होइन। रेल हिँडाउन सम्म परेको संरचना चाहिन्छ, पहाडमा रेल गुडाउनु सहज कुरा होइन, कि पुल हाल्नुपर्छ कि टनेल बनाउनुपर्छ। रक्सौल-काठमाडौं मार्गको प्रारम्भिक अध्ययनअनुसार झन्डै ४०-५० किलोमिटर टनेल बनाउनुपर्छ। चीनबाट केरुङ भएर आउने रेल त पूरै टनेलमै आउँछ, महँगो हुन्छ, तर हामी यसमा दृढ छौं, गर्छौं।

**काठमाडौंमा मेट्रो रेलको पनि कुरा भैरहेको छ नि ?**

काठमाडौंमा चलाउने भनिएको मेट्रो रेलको सम्भाव्यता अध्ययन पनि विभागअन्तर्गत नै भएको हो। मेट्रो रेलको काम सरकारले लगानी बोर्डमार्फत अगाडि बढाएको छ।

करियर

# त्यसपछि नेपाली विदेशमा बस्दैनन्



विदेश जाने विद्यार्थीका लागि महत्वपूर्ण पाटो विदेश जानुअघिको काउन्सिलिङ र प्रोसेसिङ हुन्छ । गलत काउन्सिलिङले विद्यार्थीको भविष्य नै डामाडोल हुन पुग्छ । उसले प्रगति गर्न सक्दैन । सही काउन्सिलिङसहित देश र युनिभर्सिटी छनौट गर्न सकियो भने विद्यार्थीको प्रगति हुन्छ । विद्यार्थीलाई उचित काउन्सिलिङ र प्रोसेसिङ गर्ने लक्ष्यका साथ कंगारु एजुकेसन फाउन्डेसनको स्थापना सन् २००७ मा काठमाडौं, पुतलीसडकबाट भयो । यसले सन् २०१३ को अन्त्यमा आफ्नो सेवा पोखरामा विस्तार गर्‍यो । अहिले नेपालमा यसका सातवटा शाखा छन् । सिड्नी, बंगलादेश र भारतमा कार्यालय रहेको कंगारुले अब क्यानाडामा समेत कार्यालय खोल्ने तयारी गरिरहेको छ । वैदेशिक अध्ययनमा जान चाहने विद्यार्थीको चाप बढ्दै गएका बेला वैदेशिक शिक्षाका बारेमा कंगारु एजुकेशन फाउन्डेसन पोखरा शाखाका प्रमुख तुलसीराम (टी.आर.) काफ्लेसँग साप्ताहिक संवाददाता राजाराम पौडेलले गरेको कुराकानी :

**अध्ययनका लागि विदेश जाने विद्यार्थीको चाप कस्तो छ ?**

विद्यार्थीहरूको चाप निरन्तर बढिरहेको छ । चार महिनाको सिजन हुन्छ । विश्वविद्यालयहरूले प्रायः हरेक चार महिनामा भर्ना लिन्छन् । अझ दुई-चार वर्ष यसको चाप कायम रहनेछ ।

**कस्ता खालका विद्यार्थी आइरहेका छन् ?**

पढ्ने उद्देश्य भएका विद्यार्थी बढी देखिन्छन् । हामीले थुप्रै खालका इभेन्ट गर्दा विद्यार्थीलाई प्रि-नलेज भैसकेको छ कि विदेशमा अध्ययन गर्न जान उत्कृष्ट परीक्षाफल चाहिन्छ । राम्रा देश अस्ट्रेलिया, अमेरिका, क्यानाडा आदि जाने हो भने उत्कृष्ट परीक्षाफल चाहिन्छ भन्ने जानेर त्यस्तै उत्कृष्ट परीक्षाफल ल्याई आफू योग्य छु भनेर आउनेहरू बढी छन् ।

**विद्यार्थीले वैदेशिक अध्ययनको गन्तव्य कसरी छनौट गर्ने ?**

विद्यार्थीको आफ्नो एकेडेमिक प्रोफाइल र अंग्रेजी भाषाको ज्ञानका आधारमा गन्तव्य छनौट गर्नुपर्छ । बढी नेपाली विद्यार्थी अंग्रेजी भाषा बोल्ने देशतिर गएका छन् । हुन त जापान पनि गएका छन् । सरसर्ती हेर्दा अस्ट्रेलिया बढी गएका छन् । न्युजिल्यान्ड अनि अमेरिका, क्यानाडा आदि मुलुकको शिक्षाको क्रेज छ । प्रतिशत कम, ग्याप बढी भएका तथा आइएलटिएसमा कम नम्बर ल्याएकाहरू युरोपका केही देशतर्फ आकर्षित छन् ।

**आवेदन दिंदा के-के कुराको ख्याल गर्नुपर्छ ?**

आवेदन दिँदा एकेडेमिक स्कोर नै मुख्य कुरा हुन्छ । प्लस टुमा ६० प्रतिशतभन्दा माथि अंक आएकाहरू अस्ट्रेलियाका लागि योग्य हुन्छन् । न्युजिल्यान्डमा ४५ प्रतिशतभन्दा माथिकाले प्रयास गर्छन् । त्यसभन्दा कम प्रतिशत ल्याउनेहरू युरोपियन देश पोल्यान्ड, आयरल्यान्डतर्फ केन्द्रित हुन्छन् । क्यानाडाले अलिक मेधावी विद्यार्थी खोजिरहेको छ । त्यहाँ ६५ प्रतिशतभन्दा बढी र आइएलटिएसमा ६ दशमलव ५ आएकाहरू खोजिन्छ ।

> फस्ट ह्यान्ड इन्फर्मेसन लिनुपर्छ । आफू जाँदै नगएकाले जानकारी दिँदा वास्तविकताभन्दा पर हुन सक्छ । त्यसैले अनुभवी काउन्सिलरको सहयोग लिनुपर्छ । हामी अभिभावकलाई सीधै भन्छौं विदेश जान रमाइलोचाहिँ हुन्छ, तर सुख चाहिँ हुँदैन । हामी भन्छौं, नेपालमा सुख छ तर नेपालको सुखले खुसी दिइरहेको छैन । हामीलाई अवसर चाहिएको छ । विदेश गयो भने व्यवहारिक ज्ञान हासिल गरेर ऊ आफ्नै खुट्टामा उभिन सक्छ । थुप्रै संघर्ष पार गर्छ । त्यसले उसलाई मान्छे बनाउँछ, तर त्यो दुःख लामो समयसम्म भने कायम रहँदैन ।

**विद्यार्थीहरू कुन विषयप्रति आकर्षित छन् ? सल्लाह के दिनुहुन्छ ?**

हाम्रा काउन्सिलरहरू विदेशमा अध्ययन गरी फर्किएकाहरू भएकाले हामी अलिक फरक खालको कार्यक्रममा जान सल्लाह दिन्छौं । यो देशअनुसार भर पर्छ । जस्तो आइटी तथा इञ्जिनियरिङका लागि अस्ट्रेलिया अनि नर्सिङ तथा बायोमेडिकल साइन्सका लागि न्युजिल्यान्ड लोकप्रिय छन् । हामी विद्यार्थीलाई हस्पिटलाटी म्यानेजमेन्ट, कुकरी, इञ्जिनियरिङ, नर्सिङ, हेल्थ साइन्स, कन्स्ट्रक्सनसम्बन्धी कार्यक्रम, वाइन साइन्स, फिसिङ एन्ड फेसरी म्यानेजमेन्टजस्ता कार्यक्रमका बारेमा बताउँछौं तर विद्यार्थीहरू भने कि विजनेस कि आइटि भन्छन् ।

**देश छनौटमा शुल्कले भुमिका खेल्छ कि खेल्दैन ?**

शुल्कको हिसाबमा देश छनौट गर्ने अभिभावक छैनन् । त्यहाँ गैसकेपछि राम्रो हुनुपर्छ भन्छन् । लगानीका कारण देश परिवर्तन चाहिँ भएको छैन ।

**अभिभावकको चाहना गएको महिनादेखि नै आफ्ना सन्तानले उताबाट पैसा पठाइदिउन् भन्ने हुन्छन्, यो सम्भव छ र ?**

हामी अभिभावकहरूलाई जानेबित्तिकै पैसा कमाइन्छ भन्ने नसोच्न आग्रह गर्छौं । विद्यार्थीलाई जाने देशका बारेमा सबै कुरा पहिल्यै नभनदिँदा समस्या हुन्छ । विद्यार्थीलाई सपनाचाहिँ देखाउनुपर्छ तर वास्तविक कुरा भनेर काउन्सिलिङ गर्नुपर्छ । हामीले गाइड गरेका विद्यार्थी त्यहाँको वास्तविक अवस्थाका बारेमा जानकार बन्दै त्यसलाई आत्मसात् गर्न तयार हुन्छन् । हामी जब मार्केटमा कसरी छिर्ने भनेर पनि सिकाउँछौं, अरुको भनाइलाई भन्दा वास्तविक कुराको परीक्षण गर्न लाग्न भन्छौं । काम पाउन आफूमा स्किल चाहिन्छ । हामीले पठाउने देशमा काम नपाउने भन्ने हुँदैन, तर गएको भोलिपल्टै काम पाइन्छ भन्ने होइन ।

**के सिकेर जाने ?**

बाटिस्टाको ट्रेनिङ, बार टेन्डर, बेकिङ, वेटरको ट्रेनिङ लिन भन्छौं । यसरी काम सिकेर जाँदा रोजगारीमा केही सहजता हुन्छ ।

**शिक्षित युवा बाहिर गैरहेका छन्, उनीहरू उतैको पीआर लिएर बसिरहेका छन् ? यसले देशलाई चाहिँ कता पुर्‍याउला ?**

अलिक पहिले गएकाहरू सेटल भएका छन्, पढाइ सकेका छन्, काम पनि गरिरहेका छन् कतिपय नेपाल कहिले फर्कने भनेर कुरिरहेका छन्, नेपालमा सिस्टम बस्यो, विदेशमा जसरी रुल अफ लमा बसिरहेका छन् त्यस्तै अवस्था यहाँ हुने भए उनीहरू फर्कन्छन् । हामीले उनीहरूलाई मात्र दोष लगाउनु हुँदैन । यहाँको सिस्टम, यहाँको सोसाइटी, यहाँको सरकार आदि कारणले पनि यस्तो अवस्था सिर्जना भएको हो । नेपाल बन्यो भने कुनै पनि नेपाली विदेशमा बस्दैनन् ।

**विद्यार्थीले बुझ्नुपर्ने कुरा के छ ?**

फस्ट ह्यान्ड इन्फर्मेसन लिनुपर्छ । आफू जाँदै नगएकाले जानकारी दिँदा वास्तविकताभन्दा पर हुन सक्छ । त्यसैले अनुभवी काउन्सिलरको सहयोग लिनुपर्छ । हामी अभिभावकलाई सीधै भन्छौं– विदेश जान रमाइलोचाहिँ हुन्छ, तर सुख चाहिँ हुँदैन । हामी भन्छौं, नेपालमा सुख छ तर नेपालको सुखले खुसी दिइरहेको छैन । हामीलाई अवसर चाहिएको छ । विदेश गयो भने व्यवहारिक ज्ञान हासिल गरेर ऊ आफ्नै खुट्टामा उभिन सक्छ । थुप्रै संघर्ष पार गर्छ । त्यसले उसलाई मान्छे बनाउँछ, तर त्यो दुःख लामो समयसम्म भने कायम रहँदैन । सुरुमा जाँदा अरूले छोडेकै काम गर्ने हो । त्यसमा गाह्रो हुन्छ । पछि अनुभव पश्चात सजिलो कामतर्फ लाग्न पाइन्छ ।


**विदेश पुगेपछि विद्यार्थीले सिक्नुपर्ने कुरा के-के हुन्छ ?**

विदेशमा सिक्नुपर्ने कुरा धेरै हुन्छन् । एउटा सिभिलाइजेसनको पार्ट पनि हो । अर्को समयको महत्व बुझ्नु हो । विद्यार्थीले कसरी स्वस्थ बन्ने, कसरी सरसफाइ गर्ने, कसरी अरूको आदर गर्ने भन्ने कुरा सिक्छन् । अर्को कुरा स्किल्ड हुने कुरा हो । नेपालमा हामी अरुको भरोसा गर्छौं, अरूमा भर पर्छौं तर विदेशमा आफैले गर्नुपर्छ । यसले आफ्नो खुट्टामा उभिन सहज बनाउँछ । एकेडेमिक रूपमा बलिया विद्यार्थी धेरै माथिसम्म पुग्न सक्छन् । त्यहाँ प्राक्टिकल मेथडबाट पढाइ हुन्छ । यसले विद्यार्थी क्रियटिभ र इनोभेटिभ हुन थाल्छ । क्रिएटिभ र इनोभेसनका कुराले उसमा आत्मविश्वास वृद्धि गर्छ र ऊ सफल हुन्छ । दुःख र स्टगलले पनि धेरै कुरा सिकाउँछ ।

**विद्यार्थी तथा अभिभावकहरूलाई के सल्लाह दिनुहुन्छ ?**

क्षणिक नसोच्नुहोला । विदेशी शिक्षा भनेको पलायन हुनै सक्दैन । राजनैतिक स्थिरता भयो भने धेरै नेपाली अबको पाँच-सात वर्षमा नेपाल फर्कन्छन्, तर शिक्षित भएर फर्कन्छन्, स्किल्ड भएर फर्कन्छन् । उनीहरू आफ्नै देशमा केही गर्न आतुर छन् । नयाँ जानेले पढाइ र सिकाइलाई प्राथमिक आधार मानेर अघि बढे सफलता सम्भव छ । विदेश जाने भनेको पैसा कमाउने मात्र हो भन्नुभयो भने पैसा त कमाउनु होला तर त्यसले तपाईंलाई खुसी नदिन सक्छ । व्यक्ति स्किल र क्वालिफाइड भएपछि मात्र उसले केही गरेर देखाउन सक्छ । पैसालाई सेकेन्डरी मान्दै पढाइ र सिकाइलाई प्राथमिकता दिन सके विद्यार्थीका लागि गरिएको लगानी कालान्तरसम्म कायम रहन्छ ।

# प्रविधिमा देखिनेछन् यस्ता १० ट्रेन्ड



**प्रविधिको क्षेत्रमा तीव्र रूपमा परिवर्तन भैरहेको छ । अहिले विभिन्न प्रविधिका कारण मानिसको जीवनमा सहजता थपिँदै गएको छ । यद्यपि प्रविधिको प्रयोग सही रूपमा गर्न जान्नु भने आवश्यक छ । अनुसन्धान संस्था गार्टनरले अब आउने मुख्य १० प्रविधिका सम्बन्धमा एउटा भविष्यवाणी गरेको छ, जुन खासगरी उद्योगसँग सम्बन्धित छ । गार्टनरले हालसम्म गरेका भविष्यवाणीमध्ये ८५ प्रतिशत सही सावित भएका छन् ।**

१ सन् २०२० सम्म आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् एआईको प्रयोग ८० प्रतिशतसम्म पुग्नेछ । विभिन्न क्षेत्रमा यस्ता प्रोजेक्ट चलाउने दक्ष व्यक्तिहरू जादुगरजस्ता मानिनेछन् । त्यसैले एआईको प्रयोग र यसको सम्भावनाका बारेमा सबैले जान्नु आवश्यक छ । यसबाट संसारभर निकै ठूलो परिवर्तन देखा पर्नेछ ।

२ सन् २०२३ सम्म एआईको सहयोगले फेसियल रिकग्निसन प्रविधिको प्रयोग बढ्नेछ । मानिसको अनुहार पहिचान गरेर विभिन्न कार्य गर्न सकिनेछ । यसबाट हराएको कुनै चिज फेला पार्न वा मानिस पहिचान गर्न मात्र होइन अरू पनि धेरै कार्य गर्न सकिनेछ । यो प्रविधिमा आगामी वर्ष अझ धेरै सुधार आउनेछ ।

३ सन् २०२३ सम्म इमर्जेन्सी हेल्थकेयर सर्भिसका लागि मानिसहरू अस्पताल वा डाक्टरकहाँ जाने क्रममा निकै कमी आउनेछ । विभिन्न प्रकारका वेरेबल डिभाइस तथा एआईमा आधारित भर्चुअल केयरका कारण बिरामीहरूले पहिले त्यसकै सहयोग लिनेछन् । यसका लागि इन्टिग्रेटेड हेल्थ केयर सिस्टमको विकास हुनेछ र डिभाइस तथा एपमा आधारित भर्चुअल केयरको प्रयोग व्यापक हुँदै जानेछ ।

४ सन् २०२३ सम्म करिब २५ प्रतिशत कम्पनीले आफ्ना कर्मचारीमा हुने साइबरबुलिङ रोक्न अनिवार्य रूपमा सपथ लिने छन् । एक-अर्कामा साइबरबुलिङ अर्थात अनलाइनको माध्यमबाट विभिन्न प्रकारले दुःख दिने सम्भावना हुने भएकाले माथिल्लो तहबाटै यसलाई रोक्न निश्चित विधि अपनाउनु पर्ने बाध्यता हुनेछ ।

५ सन् २०२२ सम्म ७५ प्रतिशत कम्पनीले आफ्नो लक्ष्य पूरा गर्न सबै कर्मचारीलाई सहभागी गराएर लक्ष्य सार्वजनिक गर्नेछन् । विश्वका विभिन्न स्थानका मानिसहरू कम्पनीमा हुने भएकाले सांस्कृतिक विविधतालाई सम्मान गर्दै टिम लिडरले सबैलाई एकताबद्ध बनाएर अघि बढ्नुपर्ने बाध्यता हुनेछ । यसबाट सबै कर्मचारी सम्मानजनक भूमिकाको अनुभूति गर्दै काममा सहभागी हुनेछन् ।

६ सन् २०२१ सम्म ७५ प्रतिशत सर्वसाधारण ब्लकचेन प्राइवेसी पोइजनिङबाट समस्यामा पर्नेछन् । हाल यससम्बन्धी कुनै कानुन नबनेकाले आफ्नो व्यक्तिगत डाटाको उपयोग गर्नबाट समेत बन्चित हुनुपर्ने अवस्था आउने सम्भावना पनि छ । यो समस्या समाधान नगरे प्राइवेसी समस्याकै कारण नयाँ प्रविधिका रूपमा आइरहेको ब्लकचेनको भविष्य नै संकटमा पर्न सक्छ ।

७ सन् २०२३ सम्म ई-प्राइवेसी लेजिलेसन कुकिजको प्रयोग कम गरी अनलाइन लागतमा कमी ल्याउन प्रयास गरिनेछ । यसबाट इन्टरनेट बिज्ञापनमा कमी आउनेछ । हाल प्रचलित विभिन्न अनलाइनमा विज्ञापन प्रदान गर्ने कार्यमा कमी आउनेछ । यसबाट विज्ञापनको बजार निकै प्रभावित हुनेछ । हाल प्रचलित फेसबुक, गुगल आदिको माध्यमले व्यक्तिको निजी जानकारी जथाभावी सार्वजनिक गर्ने कार्यमा समेत कम हुनेछ ।

८ सन् २०२२ सम्म डिजिटल संसारमा आइरहेको तीव्र प्रगतिका कारण कम्पनीहरूले आफ्नो आन्तरिक दक्षता बाहिरी क्षेत्रबाट आउने आय वृद्धि गर्ने कार्यमा लगाउने छन् । यस क्रममा क्लाउड इकोनोमीको प्रयोग बढ्ने छ । इन हाउस अर्थात कम्पनीभित्रै उत्पादन भैरहेका विभिन्न उत्पादनको बिक्री विभिन्न तरिकाले संसारको जुनसुकै कुनामा पुऱ्याउन सम्भव हुनेछ ।

९ सन् २०२२ सम्म धेरै मानिसले डिजिटल संसारलाई प्रयोगमा ल्याउने छन् । डिजिटल इकोसिस्टमको प्रयोग अझ बढ्नेछ र कम्पनीहरूले डिजिटल दिग्गजअरूको सहयोगमा ग्लोबल मार्केट सेयरमा आफ्नो हिस्सा समेत बढाउन सक्नेछन् ।

१० सन् २०२१ सम्म सोसल मिडियामा हुने विभिन्न काण्ड तथा सेक्युरिटी उल्लंघनको असरमा निकै कमी आउनेछ । सोसल मिडियाले व्यक्तिको प्राइवेसीमा थप ध्यान दिने भएकाले यसको स्थायी प्रभाव देखिनेछैन । यद्यपि यसको केही असर भने बाँकी नै हुनेछ । व्यापारिक हिसाबले भने यसको प्रयोग निकै बढ्नेछ । व्यापारमा नैतिकताको मूल्य बढ्नेछ ।

# ५८ लाखसम्मका बाइक नेपालमा



विश्वमै महँगो ब्रान्डका रूपमा परिचित एमभी अगस्टाका बाइक नेपाली बजारमा समेत उपलब्ध हुन थालेको छ । नेपाली बजारमा ५७ लाख ९० हजार रुपैयाँसम्मका एमभी अगस्टाका बाइक खरिद गर्न सकिन्छ । आधिकारिक वितरक भेलोसिटीले लाजिम्पाटमा शोरुम स्थापना गरी एमभी अगस्टाका बाइकको बिक्री प्रारम्भ गरेको हो । हाल नेपालमा एमभी अगस्टाका ५ वटा मोडलका बाइक उपलब्ध छन् । तीमध्ये सबैभन्दा महँगो बाइक ९९८ सीसीको एफफोर ब्लान्को तथा एफफोर रोसो हो । यसको मूल्य ५७ लाख ९० हजार रुपैयाँ छ । त्यसैगरी सबैभन्दा सस्तो बाइक एफथ्री ६७५ हो र यसको मूल्य ४१ लाख ९० हजार रुपैयाँ छ । त्यसैगरी ब्रुटाले ८०० आरआरको मूल्य ४३ लाख ९० हजार एवं ड्रयागस्टार आरआरको मूल्य ४६ लाख ९० हजार रुपैयाँ छ ।

# नेपालमै पहिलो पोड्कास्ट कार्यशाला

कुनै पनि अडियो अथवा भिडियो डिजिटल फाइल जसलाई इन्टरनेटमा डाउनलोड गरेर सुन्न अथवा हेर्न सकिन्छ, त्यसलाई पोड्काष्ट भनिन्छ । एउटै पोड्काष्ट विभिन्न प्लेटफर्ममा उपलब्ध हुन्छ । आफ्नो फुर्सदको समयमा, यात्रामा अथवा मनोरञ्जन र ज्ञान आर्जन गर्न पश्चिमा मुलुकहरूमा यसको क्रेज बढ्दो छ । नेपालमा भने पोड्काष्ट प्रारम्भिक चरणमै छ । रेडियो करियर त्यागेर पूर्णकालीन पोड्काष्टिङ गरिरहेकी सञ्चारकर्मी सबिना कार्कीको नेतृत्वमा नेपालकै पहिलो पोड्काष्टिङ कार्यशाला सम्पन्न भएको छ । दुई दिने उक्त कार्यक्रममा देशभरबाट चुनिएका २० जना युवालाई पोड्काष्ट कसरी गर्न सकिन्छ भनेर प्रशिक्षण प्रदान गरिएको थियो । भारतबाट आएका पोड्काष्ट कोच विजय गौतमले पनि सहभागीहरूमा उत्साह र ज्ञान भरिदिएका थिए । देशमै पहिलोपल्ट यस्तो किसिमको कार्यशाला सम्पन्न भएपछि नेपाली पोड्काष्टर कार्कीले भनिन्- 'देश-विदेशबाट आएका उत्साहजनक आवेदनबाट हामीले २० जना युवालाई छनौट गर्यौं । ती युवाले आफ्नो स्तरीय पोड्काष्ट मार्केटमा उपलब्ध गराउन थाल्छ र अरूलाई पनि यसमा प्रेरित गर्छन्, त्यही बेला यो कार्यशालाको औचित्य र उद्देश्य पुष्टी हुनेछ ।'

# वंशाणु नै परिवर्तन गरेर शिशु जन्माएको दाबी





एक चिनियाँ वैज्ञानिकले जिन (वंशाणु) लाई सम्पादन गरेर दुई जना जुम्ल्याहा शिशु विकसित गरेको विषय अहिले वैज्ञानिकहरूबीच आलोचित भैरहेको छ । चिनियाँ वैज्ञानिक हि जिएन्कवेले हङकङ विश्वविद्यालयमा आयोजित जेनोम सम्मेलनमा आफ्नो विवादस्पद जिन सम्पादनको विषयमा जानकारी गराएपछि त्यसको आलोचना सुरु भएको हो । हिले उक्त सम्मेलनमा जिन सम्पादन गरेर जुम्ल्याहा शिशु विकसित गरेको दाबी गरेका थिए ।

ती वैज्ञानिकले जिन सम्पादनमार्फत लुलु र नाना नाम गरेका जुम्ल्याहा शिशुको जन्म भएको बताएका थिए । उनले ती शिशुहरूलाई एचआईभी नलाग्ने दाबी समेत गरेका छन् । पुरानो बेलायती पत्रिका द गर्जियनका अनुसार हिले क्रिस्पर-क्यास ९ विधिबाट यो अनुसन्धान गरेका हुन् । उनले आफ्नो अनुसन्धान एउटा 'साइन्टिफिक जर्नल'मा प्रकाशित गर्न पठाएको समेत बताएका छन् ।

साउदर्न युनिर्भसिटी अफ साइन्स एन्ड टेक्नोलोजीका खोजकर्ता हिको यो अनुसन्धानमा सात जोडी दम्पतीको भ्रूणको वंशाणु सम्पादन गरिएको थियो । अक्सफोर्ड विश्वविद्यालयका 'प्राक्टिकल इथिक्स'का प्राध्यापक जुलियन सभुलेस्कूको भनाइलाई उद्धृत गर्दै गर्जियनले उक्त कार्य 'दानवीय' भएको बताएको छ ।

## चौतर्फी विरोध

यसबीच जिन सम्पादन गरिएको विषयलाई लिएर चीन सरकारले तत्काल छानबिन गर्न आदेश दिएको छ । जिन सम्पादन गरिएको शिशु जन्माएको विषयलाई लिएर संसारभरका वैज्ञानिकहरूले विरोध जनाएपछि चीन सरकारले छानबिनको उक्त आदेश दिएको हो ।

लन्डनस्थित फ्रान्सिक क्रिक इन्स्टिच्यूटका जिनेटिङ साइन्टिस्ट रोविन बेजले प्राध्यापक हिले गलत निर्णय लिएको बताए । जिनलाई सम्पादन गरेको दाबी गरिए पनि त्यसको ठोस वैज्ञानिक प्रमाण प्राध्यापक हिले देखाउन नसकेको उनको भनाइ छ ।

## को हुन् हि ?

प्रोफेसर हिले स्टानफोर्ड विश्वविद्यालयमा धानसम्बन्धी अध्ययन गरेका छन् । चीनको सेन्जन प्रान्तमा उनका दुईवटा जेनेटिङ कम्पनी छन् । हिले मुसा, बाँदर तथा मानिसको भ्रूण सम्पादनका लागि धेरै वर्षसम्म काम गरेको सीएनएले जनाएको छ । जिन सम्पादन गर्ने विधि उनले 'प्याटेन्ट' नै निर्माण गरेका हुन् । उनले जेनोम सिक्वेन्सिङ तथा क्रिस्पर-क्यास-९ विधि सम्बन्धि अनुसन्धान गर्दै आएका छन् ।

*एजेन्सीको सहयोगमा*

केवल एक प्रश्न

# तपाईं विवाहपछि हनिमुन जानुभएको ठाउँ कुन हो ?

औपचारिक रूपमा हनिमुन भनेर त होइन तर पहिलोपटक डेटिङचाहिँ पर्वत, कुस्माको अग्लो झोलुङ्गे पुल गएका थियौं । विवाह भैसकेपछि बेगनास र पोखरा पुग्यौं ।

**प्रकाश सपुत, गायक तथा मोडल**

पोखरा गएको थिएँ ।

**सुजन तिमल्सिना, गायक**

विवाहपछि हामी हनिमुनका लागि पोखरा गएका थियौं ।

**अर्जुन तिवारी, छायाँकार**

तनहुँ गएका थियौं ।

**राजु ढकाल, गायक**

हामीले आफ्नो हनिमुन पोखरामा मनाएका थियौं ।

**राधिका हमाल, गायिका**

हाम्रो हनिमुन त घरमै भयो ।

**पूर्णकला बिसी, गायिका**

हामीले विवाह गर्दा हनिमुन भनेको के हो भन्ने नै थाहा थिएन, तर हामी विवाह हुनेबित्तिकै घुम्न गएको चाहिँ पोखरा हो ।

**बद्री पंगेनी, गायक**

मैले हनिमुन यात्रा तय गरिनँ ।

**थानेश्वर गौतम, गायक**

हनिमुन मनाउन विदेश जान सक्ने अवस्था थिएन । त्यसैले हामी स्वयम्भू गएका थियौं ।

**वसन्त थापा, गायक तथा संगीतकार**

हनिमुन नै मनाउन भनेर कतै गइएन ।

**राजाराम गौतम, रंगकर्मी**

हामीले विवाहपछिको हनिमुन संयुक्त राज्य अमेरिकामा मनाएका थियौं ।

**रमेश उप्रेति, अभिनेता**

विवाहताका मेरो बसाइ काठमाडौंमा थियो । त्यसैले विवाह गरियो श्रीमतीलाई काठमाडौं ल्याइयो अनि यतै हनिमुन मनाइयो ।

**रमेशराज भट्टराई, गायक**

हामीले पोखरामा हनिमुन मनाएका थियौं ।

**सुवास प्रधान, इभेन्ट म्यानेजर**

हामी हङकङ गएका थियौं ।

**धीरज राई, गायक**

यो प्रश्नले बुढी फेरि एकपटक रिसाउने भइन् । हनिमुन मनाउने फुर्सद नभएर विवाह भएको एक वर्षपछिमात्र पोखरा गएका थियौं ।

**प्रदीप भट्टराई, निर्देशक**

हामी विवाहपछि थाइल्यान्डको फुकेट गएका थियौं ।

**अनिलकेशरी शाह, बैंकर्स**

म हनिमुन मनाउन गाउँबाट काठमाडौं आएँ । राजधानीका विभिन्न मन्दिर अनि पार्कहरू घुमियो । मेरी श्रीमती त्यतिबेलै पहिलोपटक काठमाडौं आएकी हुन् ।

**राजनराज शिवाकोटी, गायक तथा संगीतकार**

हामी हनिमुन मनाउन पोखरा गएका थियौं ।

**लक्ष्मण पौडेल, निर्देशक**

दार्जीलिङ, कोलकाता, मुम्बई, गोवा, दिल्ली आदि घुम्न गएका थियौं ।

**विकास रौनियार, फोटो पत्रकार**

विवाहपछिको पहिलो एनिभर्सनीमा चाहिँ पोखरा गइयो ।

**गम्भीर विष्ट, कोरियोग्राफर**

१७ वर्षअघिको कुरा हो । हामी प्रेममा थियौं, प्रेम भएको २ वर्षपछि हामीले भागेर विवाह गर्‍यौं । त्यतिबेला पोखरा, काठमाडौंतिर लाने अवस्था थिएन । मैले उनलाई रातको समयमा भगाएको थिएँ । घरमुनि खरबारी थियो, हामीले त्यहाँ ४ घण्टाजति बितायौं । बिहान ५ बजेतिर घरमा लिएर आएको थिएँ । त्यतिबेला हनिमुन के हो भन्ने पनि थाहा थिएन । यसरी नै दिनहरू बित्दै गए ।

**रामजी खाँड, गायक**

हामी हनिमुन मनाउन पोखरा गएका थियौं ।

**विशाल भण्डारी, निर्देशक**

आफू त पोखराकै परियो । हनिमुनका लागि पोखराभन्दा उत्कृष्ट ठाउँ अन्त कहाँ होला र ? त्यसैले लेकसाइडतिरै हनिमुन मनाइयो ।

**विनोद बानियाँ, गायक**

पोखरा गएका थियौं ।

**अन्सु थापा, हास्य अभिनेत्री**

हनिमुन भने पनि जे भने पनि विवाहपछि हामी पहिलो पटक सँगै गुण सिनेमा हलमा सिनेमा हेर्न गएका थियौं ।

**केदार घिमिरे, अभिनेता**

हाम्रो हनिमुन भन्ने नै भएन । म सुटिङका लागि जोमसोममा थिएँ । त्यहिबेला विवाह गर्ने कुरा भयो अनि हामीले सर्लाही पुगेर विवाह गर्‍यौं । विवाह लगत्तै म सुटिङका लागि पोखरा गैहालें ।

**सञ्चिता लुइँटेल, अभिनेत्री**

विवाहपछि हामी पोखरा, काठमाडौं, विराटनगर आदि ठाउँ पुग्यौं तर हनिमुन मनाउने भनेर होइन ।

**इतु जोजिजु, गायिका**

प्रस्तुति : महेश तिमल्सिना



● सञ्चिता लुइँटेल, अभिनेत्री

टर्निङ प्वाइन्ट

# साइन्स ग्रुपबाट अडिसनमा छानिएँ




● पुष्पन प्रधान, गायक

म सानैदेखि पढाइमा अब्बल थिएँ । गीत-संगीतमा पनि त्यत्तिकै रूचि थियो । म कालिङपोङको कुमुदिनी होम्स स्कुलको कक्षा ११ मा अध्ययनरत थिएँ । यही क्रममा स्कुलको वार्षिकोत्सवका अवसरमा सांगीतिक कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा सहभागी हुन अडिसन दिनुपर्ने थियो । म साइन्सको विद्यार्थी थिएँ । साइन्स ग्रुपबाट कोही पनि अडिसनमा छानिएनन् । मैले त्यो अडिसन दिएको थिइनँ अनि साइन्सका विद्यार्थीलाई सरले एकदमै गाली गर्नुभयो । यही क्रममा मेरो साथी याकुबले सरको अगाडि पुष्पनले गाउँछ भनिदियो । त्यसपछि मैले अडिसन दिएँ, जसमा म छानिएँ पनि । मैले अडिसनमा किशोर कुमारको अगर तुम ना होते गाएको थिएँ । त्यसपछि मैले स्टेजमा चलचित्र खुबसुरतको गीत गाएँ । मेरो गीतलाई सबैले मन पराइदिनुभयो, जसले गर्दा सांगीतिक क्षेत्रमा होमिन थप हौसला मिल्यो ।

### जब पहिलो एल्बम निकालें

आफ्नो पहिलो प्रस्तुतिमै सबैको प्रशंसा पाइसकेपछि एउटा एल्बम निकाल्ने सोच बनाएँ । यही क्रममा मैले सन् २००२ मा मन एल्बम सार्वजनिक गरें । उक्त एल्बमले त्यति सफलता पाउन सकेन तर आफ्नो गल्ती के छ भन्ने पहिल्याउन सहयोग मिल्यो । यही क्रममा वचन भो शीर्षकको एल्बम सार्वजनिक गरें । यसरी अघि बढ्दै जाँदा मैले कवि भानुभक्त आचार्यको पहिलो कविता भरजन्म घाँसतिर कवितालाई लयबद्ध गरेर गाएँ ।

### धिन् धिनाले इमेज एवार्ड पाएँ, पन्छीले सर्वत्र चिनायो

सांगीतिक क्षेत्रमा अघि बढ्दै जाँदा मैले धिन् धिना गाएँ । यो गीतमा म सफल भएँ । यो गीतबाटै मैले १५ औं इमेज एवार्डसमेत प्राप्त गरे । यसलाई मैले आफ्नो जीवनको महत्वपूर्ण खुड्किलाका रूपमा लिएको छु । यही क्रममा मैले पन्छी बोलको गीत गाएँ । यो गीतले मलाई सर्वत्र चिनायो, जसले हालसम्म युट्युबमा २५ लाखभन्दा बढी भ्युज पाइसकेको छ । पन्छी गीतपछि मैले पछाडि फर्कर हेर्नुपरेको छैन ।

संगीत

# गीतलाई ट्रेन्डिङ बनाउने संगीतकार

कृष्ण भट्टराई

गायिका मेलिना राई तथा गायक आशिष सचिन गौतमको युगल गीत 'पिरिम नलगाउने' अहिले दर्शक तथा श्रोताको जिब्रोमा झुन्डिएको छ। यूट्युबमा १ करोड २५ लाखभन्दा बढी पटक हेरिएको उक्त गीतका सर्जक हुन्- संगीतकार दीपक शर्मा। शर्माको शब्द तथा संगीतको उक्त गीत लोकप्रिय भएपछि उनलाई सुगम संगीतमा आधारित युगल गीत सिर्जना गर्न आग्रह गर्ने गायक-गायिकाको संख्या दर्जन नाघिसकेको छ।

यूट्युबमा २ करोड ७० लाखभन्दा बढी पटक हेरिएको चलचित्र 'छक्का पञ्जा-३' को 'पहिलो नम्बरमा...' गीत पनि दर्शक-श्रोताहरूलाई कण्ठस्त छ। राजेन्द्र थापाको शब्दको उक्त गीतका संगीतकार पनि दीपक शर्मा नै हुन्, जसमा डेविड शंकर एवं बिन्दु परियारको स्वर सुन्न पाइन्छ।

यूट्युबमै ३ करोड ११ लाख भन्दा बढी पटक हेरिएको चलचित्र 'मंगलम' को 'पर्ख पर्ख मायालु...' गीतले अघिल्लो वर्ष तहल्का नै मच्चाएको थियो। बिन्दु परियार तथा कृष्ण काफ्लेको स्वरको उक्त गीतका संगीतकार तथा गीतकार पनि दीपक शर्मा नै हुन्।

एक-पछि अर्को गर्दै लोकप्रिय गीत दिने युवा संगीतकार दीपक शर्मा अहिले चलचित्र तथा आधुनिक गीतका अब्बल संगीतकारका रूपमा स्थापित भैसकेका छन्। करिब डेढ दशक अघिदेखि सांगीतिक क्षेत्रमा सक्रिय शर्मा आज पनि आफूलाई संगीतको विद्यार्थीका रूपमा चिनाउन रुचाउँछन्। म्याग्दीबाट २०६० सालमा काठमाडौं आए लगत्तै ललितकला क्याम्पसमा संगीतको अध्ययन थालेका शर्माले त्यसपछि श्रुति संगीत विद्यालयमा संगीतकार राम सिटौलासंग करिब तीन वर्ष शास्त्रीय संगीतको प्रशिक्षण लिए। लगत्तै गुरुदेव कामतसँग तीन वर्ष संगीत सिके। प्रेमचन्द्र ओझयियासंग दुई वर्षजति तबला वादन सिकेका शर्माले रामकुमार मालाकारसँग झन्डै दुई वर्ष गिटार वादन सिके। आज पनि उनी संगीतकर्मी प्रकाश गुरुङ (संगीतकर्मी अम्बर गुरुङका छोरा) सँग संगीत सिकिरहेका छन्। शर्मा भन्छन्, 'प्रकाश सरसँग गिटार र पियानो वादनसहित संगीत के हो भन्ने विषयमा झन्डै दुई वर्षदेखि प्रशिक्षण लिइरहेको छु,' संगीतकार शर्माको चाहना अझै तीन वर्ष संगीत अध्ययन गरेर आफूलाई अब्बल संगीतकर्मीका रूपमा स्थापित गर्नेछ।



● दीपक शर्मा, संगीतकार

संगीतको अध्ययनमा तल्लिन यी संगीतकर्मी संगीत सिर्जनामा पनि उत्तिकै सक्रिय छन्। शर्माले संगीतबद्ध गरेका गीतको संख्या ७ सय नाघिसकेको छ। नेपालका प्रायः सबै गायक-गायिकाले उनको संगीतमा स्वर भरिसकेका छन्। शर्मा कुशल गीतकार पनि हुन्। उनका शब्दमा २ सयवटा गीत बनिसकेका छन्।

२०६१ सालमा गायक झलक शाह शंकरको स्वरमा रेकर्ड भएको लोकलयमा आधारित ढल्क्यो पीपल... गीत सिर्जना गर्दै सांगीतिक यात्रा प्रारम्भ गरेका संगीतकार शर्माले करियरको प्रारम्भमै चलचित्र तेजाब, धमाका तथा तहल्का डटकमका गीत संगीतबद्ध गर्ने अवसर प्राप्त गरेका थिए। 'ती तीनवटै चलचित्रका गीत सुपर फ्लप भए, संगीतकार शर्मा सम्झन्छन्–'ती गीतको असफलता नै मेरो सांगीतिक जीवनको कोसेढुंगा सावित भए। ती गीत असफल भएपछि मैले सफल गीत सिर्जना गर्न जति मेहनत गरें, त्यसलाई शब्दमा वर्णन गर्न गाह्रो छ।'

अन्ततः उनको मेहनतले काम गऱ्यो। चलचित्र 'सम्झी राख है' को अञ्जु पन्तको स्वरको 'आँधी खोला उर्लिएर' लोकप्रिय भएपछि शर्माले पछाडि फर्किएर हेर्नुपरेको छैन। उनले संगीतबद्ध गरेका गीत एकपछि अर्को गर्दै लोकप्रिय हुन थाले। प्रमोद खरेल, अञ्जु पन्त, स्वरुपराज आचार्य जस्ता गायक-गायिकाले गाएका शर्माका आधुनिक गीत लोकप्रिय भए। छविराज प्रोडक्सनको चलचित्र 'हवल्दार सुन्तली' को युवराज चौलागाईं तथा सहिमा श्रेष्ठको 'तिम्रा डोला डोला...' गीतलाई उनी आफ्नो करियरकै टर्निङ प्वाइन्टका रूपमा लिन्छन्। त्यही ब्यानरको चलचित्र किस्मत-२ का लागि शर्माले बनाएको 'तिम्रो पिक्चर हिट..' गीत लोकप्रिय भयो भने तेस्रो चलचित्र 'मंगलम' को 'पर्ख पर्ख मायालु' सुपर हिट भयो। चलचित्र छक्का पञ्जाको कृष्ण काफ्लेको स्वर तथा शान्तिप्रियको शब्दको 'देख न चम्पा...' लोकप्रिय भएपछि नेपाली गीतमा सुदूरपश्चिम क्षेत्रमा प्रचलित शब्दहरू समावेश गर्ने ट्रेन्ड नै चल्यो। छक्कापञ्जा-३ को पहिलो नम्बरमा लोकप्रिय भएपछि आज दीपक शर्मालाई चलचित्र तथा आधुनिक गीत सिर्जना गर्न भ्याइ-नभ्याइ छ।

लभ स्टेसन तथा काँडेतार संगीतकार शर्माका आगामी चलचित्र हुन्। यसबाहेक उनी थप आधादर्जन चलचित्रका गीतमा व्यस्त छन्। 'मैले अग्रज संगीतकारहरूले निर्माण गरेको बाटोमा यात्रा गर्ने प्रयास मात्र गरेको हुँ, संगीतकार शर्मा भन्छन्- दर्शक तथा स्रोताले मेरा सिर्जना मन पराइदिनु भएकाले म आजको स्थानसम्म आइपुगेको हुँ।

### दीपकका उत्कृष्ट पाँच सिर्जना

*तिम्रो डोला डोला हातमा (हवल्दार सुन्तली)*
*देखन चम्पा (छक्कापञ्जा)*
*पर्ख पर्ख मायालु (मंगलम)*
*चिपक चिपक (राज्जा रानी)*
*पहिलो नम्बरमा (छक्कापञ्जा-३)*
*पिरिम नलगाउने (युगल गीत)*

## म्युजिक अपडेट

### एकल गायनमा दुर्गा

गायक दुर्गा गुरुङ काठमाडौंमा आयोजित एकल गायन कार्यक्रममा प्रस्तुत भएका छन्। उक्त अवसरमा गायकले आफ्ना लोकप्रिय कौरा, चुट्का, झोरा तथा लोक पप शैलीका गीतहरू प्रस्तुत गरेर दर्शकहरूको मन जितेका थिए।

### माघमा एपिक एवार्ड

एपिक नेपाल म्युजिकले माघ ५ गते आयोजना गर्ने एपिक म्युजिक एवार्ड-२०७५ को मनोनयनमा पर्न सफल संगीतकर्मीहरुलाई प्रमाणपत्र वितरण गरेको छ। एवार्डमा राष्ट्रिय गीत, दसैं गीत, आधुनिक गीत तथा पप गीतलाई समेटिएको छ।

### दर्जीको कन्सर्ट

बाल गायक अशोक दर्जी तथा संगीतकार टंक बुढाथोकीले लगनखेलस्थित आर्मी ग्राउन्डमा लाइभ कन्सर्ट दिएका छन्। दशौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका क्रममा उनीहरूले आफ्ना लोकप्रिय गीतहरु प्रस्तुत गरेका हुन्।

### अभिनाशको लाइसेन्स

गायक अभिनाश घिसिङ 'लाइसेन्स ठेक्का' शीर्षकको गीतको म्युजिक भिडियो लिएर दर्शकमाझ आएका छन्, जसमा भरत सिटौलाको निर्देशन छ।

### अब औद्योगिक एवार्ड

विभिन्न जिल्लामा औद्योगिक ब्यापार मेला, महोत्सव तथा सांगीतिक कार्यक्रमहरू आयोजना गरिरहेको औद्योगिक शान्ति नेपालले औद्योगिक शान्ति नेपाल म्युजिक एवार्ड वितरण गर्ने घोषणा गरेको छ। एवार्डमा संगीतका अधिकांश विधा समेटिने बताइएको छ।




### प्रमोदको भजन

गायक प्रमोद खरेलले गाएका भजनहरुको एल्बम 'ज्ञान सुधा' को लोकार्पण काठमाडौंमा सम्पन्न भएको छ, जसमा नीर भिमको शब्द तथा दीपक भट्टराईको संगीत छ।

### शिवको नयाँ

गायक शिव परियारको स्वरको 'रात पनि...' को म्युजिक भिडियो सार्वजनिक भएको छ, जसमा अभिनेता आकाश श्रेष्ठ तथा अभिनेत्री सारा शिर्पाइलीले अभिनय गरेका छन्।

### प्रकाशको मोटोपन

रुन्चे गायक गायक प्रकाश पौडेलले मोटोपनको समस्यामा आधारित नयाँ गीत तयार पारेका छन्। गायिका मुना पाखिनसँगको आलु चिउरा खाउ शीर्षकको उक्त गीतमा गोपाल दाहालको शब्द तथा दीपराज न्योङ्हाङको संगीत सुन्न पाइन्छ।

### पोखरा रोधी घरलाई उपाधि

पोखरा उद्योग वाणिज्य संघले पोखराको नयाँबजारमा आयोजना गरेको मेलाअन्तर्गत लोकदोहोरी प्रतियोगिताको उपाधि पोखरा रोधी घर पृथ्वीचोक पोखराले हात पारेको छ। १२ वटा टिमले सहभागिता जनाएको दोहोरी प्रतियोगितामा लोक तथा दोहोरी गीत प्रतिष्ठान स्याङ्जा द्वितीय तथा प्रतिष्ठान बाग्लुङ तृतीय घोषित भए। मेलामा आयोजित रत्यौली प्रतियोगितामा नमुना आमा समूह हेम्जा प्रथम भयो।

## फिल्मी डायरी

### रेखा थापाको कफी मोह

अभिनेत्री रेखा थापा कफी पारखी हुन् । उनलाई सबैभन्दा मन पर्ने कफी हो- क्यापाचिनो । गफको तालमा उनी कति कप कफी सिद्धियो भन्नेसम्म हेक्का राख्दिनन् । हालै पुतलीसडक स्थित स्टारमलमा अवस्थित कफी एभिन्युमा भेटिएकी रेखाले १ घण्टाको अन्तरालमा ४ कप कफी पिइन् । त्यति मात्र कहाँ हो र ? चारपटक कफी पिएपछि उनको नजिकका एक साथीले अन्तिममा फेरि एक कप कफी ल्याउन वेटरलाई अराए । ती साथीले मलाई अलिकति धेरै भो, थोरै थपौं ? भनेपछि रेखाले आफ्नो गिलास अघि बढाइन् र त्यो पनि पिइदिइन् । त्यस क्रममा साथीभाइहरूले खासखुस गरे, 'हैट कति पिएको कफी ?'

### लुडोमा आर्यनले हारे १ सय

अभिनय मात्र कहाँ हो र ? अभिनेता आर्यन सिग्देल विभिन्न खेलमा समेत रुचि राख्छन् । केही दिनअघि मात्र आर्यन आफ्ना नजिकका मित्रहरूसँग लैनचौर नजिकैको एक रेस्टुराँमा लुडो खेल्न बसे । उनीहरूको खेल राम्रैसँग जम्यो । चार जनाको टिमसहित लुडो खेल्न बसेका आर्यनले केही क्षण त जिते तर, अन्तिममा १ सय रुपैयाँ हारे । त्यसपछि आर्यन खेलबाट बाहिरिए । बाहिर बसेर निर्देशक लक्ष्मण रिजाल, निर्माता राजकुमार भट्ट आदिसाथीहरूसँग कफी पिएर उनी आफ्नो बाटो लागे । १ सय रुपैयाँ हारेर घर लागेका आर्यनले अब फेरि लुडो खेल्छन् कि खेल्दैनन् होला त ?

### ऋत्विकसँग एलिजाको बिहे !

ऋषी धमलाकी श्रीमती एलिजा गौतम केही साताअघि क्यानाडा गइन् । आफ्नी छोरीसहित क्यानाडा पुगेकी एलिजाले केही महिनाअघि मात्र चलचित्र अनुरागमा अभिनय गरेकी थिइन् तर उक्त चलचित्र असफल भयो । तिनै एलिजाले केही दिनअघि मात्र एउटा न्युजको लिंक सेयर गरिन् । न्युजको हेडिङ थियो, 'दुई सन्तानकी आमासँग विवाह गर्दै ऋत्विक रोशन' । उनले सेयर गरेको स्टाटसमा विभिन्न खालका कमेन्ट आएका छन् । प्रतिशाले आफ्नो प्रतिक्रियामा लेखेकी छिन्, 'मे वि विथ यु रे के ।' त्यही कमेन्टमा रिप्लाई गर्दै एलिजाले भनिन्, 'वाओ !' उनले अझ स्पस्ट पार्दै हुन्छ होला भनिन् । प्रतिशाले ओके बिहेमा भेटौंला भन्दा एलिजाले ओके, तिमी आउँ है प्लिजसम्म भनेकी छिन् । एलिजा गौतमलाई लागेको होला छोरा-छोरी हुर्कंदै गए त के भयो अहिले पनि म स्वीट सिक्सन्टिन मै छु ।



चौका दाउको ट्रेलर : पुस २७ गतेदेखि प्रदर्शन हुने चलचित्र चौका दाउको ट्रेलर सार्वजनिक गर्ने समारोहमा कथाकार तथा संगीतकार शम्भूजीत बासकोटा, अभिनेता रविन्द्र झा, तैयब शाह लगायत ।

### नम्रता र सुदर्शनबीच बोलचाल छैन

निर्देशक सुदर्शन थापा चलचित्र प्रदर्शन भएको एक सातापछि चलचित्र प्रसाद हेर्न गए । उनले कार्यव्यस्तताका कारण यो चलचित्र ढिलो हेरेको भन्दै स्टाटस राखेका छन्, 'कार्य व्यस्तताका कारण बल्ल आज चलचित्र मन्दिरमा गएर प्रसाद ग्रहण गरियो । निकै स्वादिष्ट रहेछ । प्रसादका सम्पूर्ण पुजारीलाई धेरै-धेरै बधाई, विशेष गरी बिपिन कार्की अदभुत नै रहेछन् ।' सुदर्शनले विगतमा आफूलाई हिट चलचित्र दिएकी नम्रता श्रेष्ठलाई भने ट्याग गरेका छैनन् न उनको अभिनयको प्रशंसा नै गरेका छन् । सुदर्शनको स्टाटस पढेर बजारमा उनीहरूका साथीहरू भन्दै छन्, 'नम्रता श्रेष्ठ र सुदर्शन थापाबीच बोलचालसम्म छैन ।'

### आर्यन अधिकारी भन्छन् 'म त खुसी छु'

अमेरिकामा विन्दास लाइफस्टाइल थियो । बीएमडब्लू कार थियो । टन्न कमाई थियो तर अभिनेता बन्न नेपाल आए आर्यन अधिकारी । हालै साप्ताहिकसँगको एक भेटमा आर्यनले मनको कुरा खोले । अधिकारीले भने, 'अमेरिकन लाइफस्टाइल छोडेर नेपाल आएँ । ३ वर्ष नहुँदै आधा दर्जनको हाराहारीमा चलचित्रमा अभिनय गरे, यो ठूलो कुरा हो !' हाल एक हिन्दी चलचित्रको छायांकन तथा डबिङ सकेर बसेका आर्यनले आफू लामो समयपछि ढुक्कसँग नेपाल बस्न पाएकोमा खुसी लागिरहेको बताए । आर्यन भन्दै थिए, 'धेरै साथीहरूले अमेरिका फर्किए हुन्छ, किन नेपालमा बसिरहेको भन्ने कुरा गर्छन् तर म त खुसी छु नेपालमा ।'

### फेरि अनमोल र श्रृष्टि ?

यसअघि चलचित्र गाजलुमा एकसाथ काम गरेका अनमोल केसी र श्रृष्टि श्रेष्ठ फेरि नयाँ चलचित्रमा देखिने भएका छन् । चलचित्रसम्बन्धी धेरै गफगाफ हुने बागबजार, पुतलीसडक, अनामनगरतिरका गल्ली आजभोलि उनीहरूले फेरिसँगै चलचित्रमा अभिनय गर्ने हल्लाले तातेको छ । स्रोतको दाबी छ, 'उनीहरू चलचित्रमा काम गर्दैछन्, बाँकी कुरा चाँडै थाहा हुनेछ ।'

### प्रेमिसँग लुकामारी

अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह अहिले नेपाल उद्योग वाणिज्य संघकी अध्यक्ष भवानी राणाको छोरा देवांश जंगबहादुर राणाको प्रेममा छिन् । मिडियामा प्रेमी होइन भन्ने साम्राज्ञीले अप्रत्यक्ष रूपमा भने आफैंले ती प्रेमीलाई सार्वजनिक गर्ने गरेकी छिन् । केही दिनअघि चलचित्र मारुनीको घोषणा सभामा पनि साम्राज्ञी प्रेमी देवांशसँग एकसाथ मिडियामा आउन चाहिनन् । जबकि प्रेमीकै गाडीको अघिल्लो सिटमा बसेर उनी कार्यक्रम स्थलमा पुगेकी थिइन् । उक्त कार्यक्रममा खासै कसैसँग चिनजान नभएका कारण देवांश साम्राज्ञीको तस्विर खिच्न व्यस्त भए । उनीहरूले अप्रत्यक्ष रूपमा कुराकानी गरिरहे । कतिबेला मेकअप रूपमा गएर, कतिबेला फोनमा कुराकानी गरेजस्तो गर्दै उनीहरूले सकेसम्म आफ्नो प्रेम लुकाउने प्रयास गरे । मिडियाको नजरमा सकेसम्म नपर्न उनीहरूले अन्तिममा एउटा उपाय रचें, देवांश गाडी लिएर एक्लै कार्यक्रमबाट निस्किए, साम्राज्ञी साथीको स्कुटरमा फर्किन् । देवांश गौरीधारामा साम्राज्ञीकै प्रतीक्षामा बसेका थिए ।

## सानो पर्दा

### दि भ्वाइस अफ नेपाल कसले मार्ला बाजी ?

चर्चित रियालिटी शो 'टिभिएस अपाचे दि भ्वाइस अफ नेपाल' गत आइतबारको कार्यक्रमदेखि फाइनलमा प्रवेश गरेको छ । फाइनलमा चारै जना निर्णायक दीप, अभया, सनुप र प्रमोदको टिमबाट एक/एक जना प्रतियोगीले प्रतिस्पर्धा गर्नेछन् । यसअघि सेमिफाइनल पुगेका ८ जना प्रतियोगीमध्ये प्रत्येक टिमबाट एक/एक जना फाइनलमा प्रवेश गरेका हुन् । सिडी विजय, कुशल, सप्तक र श्रृजय दि भ्वाइसको फाइनलमा पुग्न सफल भएका छन् भने अब यी चारजनामध्येबाटै एक जनाले 'टिभिएस अपाचे दि भ्वाइस अफ नेपाल'को उपाधि जित्नेछन् । अब यी फाइनलिस्टहरूका साथै सेमिफाइनलमा पुगेका थप ४ जनाले ग्रान्ड फाइनलमा प्रस्तुति दिने बताइएको छ । कतार, दोहाको एमपी थिएटरमा डिसेम्बर १४ तारिख अर्थात् मंसिर २८ गते शुक्रबार हुने फाइनल कान्तिपुर टेलिभिजनबाट प्रत्यक्ष प्रसारण हुनेछ । यो विशेष कार्यक्रममा प्रतियोगीहरूका साथै अन्य नेपाली कलाकारहरूले पनि मनोरञ्जन प्रदान गर्नेछन् भने कलाकार सीताराम धुर्मुस र कुन्जना सुन्तलीको प्रस्तुति समेत समेटिनेछ ।



दुलही बनिन् प्याकुली : हास्य श्रृंखला मेरी बास्सैको नयाँ भागमा दुलहीको भेषमा प्रस्तुत हुन लागेकी अभिनेत्री जानुका पौडेल उर्फ प्याकुली ।

### अर्को साता फाइनल

गायनमा आधारित रियालिटी शो 'नेपाल आइडल-२' अन्तिम चरणमा प्रवेश गरेको छ । प्रतियोगिताको फाइनल आगामी शुक्रवार अर्थात् पुस ६ गते काठमाडौं अथवा पोखरामा हुने भएको छ । नेपाल आइडलको अन्तिम चरणमा पोखराका विक्रम बराल, झापाका सुमित पाठक र अस्मिता अधिकारी तथा धनगढीका रवि ओड गरी चार जना प्रतिस्पर्धी बाँकी छन् । यीमध्ये यो साताको कार्यक्रमबाट एक जना प्रतिस्पर्धी बाहिरिएर ग्रान्ड फिनालेमा तीन जनाबीच प्रतिस्पर्धा हुनेछ । नेपाल आइडल-२ का विजेताले २० लाख रुपैयाँ, एउटा होन्डा डब्लूआर-भी कार, एउटा गीति एल्बमको सम्झौता तथा वर्ल्ड टुरको अवसर प्राप्त गर्ने छन् । पहिलो सिजनको नेपाल आइडलमा बुद्ध लामाले नेपाल आइडलको उपाधि जितेका थिए भने निशान भट्टराई र प्रताप दास क्रमशः फस्ट अप तथा सेकेन्ड रनर्सअप भएका थिए ।

## पोस्टर-ट्रेलर

● चलचित्र जात्रैजात्राको फस्ट लुक्स सार्वजनिक भएको छ । उक्त लुक्सबाट अभिनेता विपिन कार्की ट्याक्सी ड्राइभरका रूपमा प्रस्तुत हुने अनुमान लगाउन सकिन्छ ।

● चलचित्र क्याप्टेनको सार्वजनिक पोस्टरमा अनमोल केसी, सुनिल थापा तथा प्रशान्त ताम्राकार आदिलाई समेटिएको छ ।

● चलचित्र आप्पाको फस्ट लुक र प्रदर्शन मिति घोषणा गरिएको छ । आगामी वर्षको जेठ २४ गते प्रदर्शनमा आउने यो चलचित्रको पोस्टर एक कार्यक्रमकाबीच सार्वजनिक गरिएको हो ।

● केही साताअघि प्रदर्शित चलचित्र जय भोलेले सामाखुसी स्थित मानव सेवा आश्रममा ५१ औं दिने सफलताको खुसी साटासाट गरेको छ । आश्रममा आश्रित मानसिक सन्तुलन गुमाएका ५० जना वृद्ध-वृद्धालाई न्याना कपडा प्रदान गर्दै एक छाक खाना समेत ख्वाइएको थियो ।

● माघ १८ गते प्रदर्शनमा आउन लागेको चलचित्र रणवीरको एउटा गीत खिच्न २५ लाख रुपैयाँ खर्च भएको बताइएको छ ।

● माघ ४ गते प्रदर्शनमा आउने चलचित्र गरुड पुराणमा समावेश म त पिरिममा गीतको कभर भिडियो प्रतियोगिताको घोषणा गरिएको छ । मदानी क्रियसनको सहकार्यमा सञ्चालन हुने यो प्रतियोगितामा उत्कृष्ट घोषित हुनेले नगद ५० हजार प्राप्त गर्ने बताइएको छ ।




● चलचित्र चौका दाउको ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरमा फरक-फरक पृष्ठभूमि भएका चार पात्र उर्वसीको पछि परेका छन् । उर्वसी गर्भवती भएपछि उक्त समस्याबाट उम्किन उनीहरूले गरेको प्रयासले यो चलचित्रलाई रमाइलो बनाएको अनुमान गर्न सकिन्छ ।

● चलचित्र मदहोसको माछी जालैमा गीतको लिरिकल भिडियो सार्वजनिक भएको छ । उक्त गीतमा एस के अधिकारीको शब्द, सन्तोष प्रगाढको संगीत तथा नित्याशिवा र सन्तोष प्रगाढको आवाज सुन्न सकिन्छ ।

● चलचित्र गोपीका सार्वजनिक चारवटा पोस्टरमध्ये सबैमा विपिनको उपस्थिति छ ।

बलिउड



## फुटपाथमै सपिङ गर्छिन् काजोल !

बलिउड अभिनेत्री काजोल हालै आफ्ना श्रीमान् अजय देवगणका साथ करण जोहरको पपुलर शो कफी विद करणमा देखिइन् । शोका दौरान उनीहरूले खुलेरै कुराकानी गरे । त्यसै क्रममा काजोलले एउटा नयाँ रहस्य खोलिन् । त्यहाँ उनले आफ्नो ध्यान सधैं सस्तो कपडामा जाने र मन परेको पहिरन फुटपाथमै किन्ने रहस्य खोलिन् । काजोलका पति अजयले आफ्नी श्रीमती पैसाको मामिलामा किनै कन्जुस भएको बताए । काजोलले कहिलेकाहीं अनलाइनबाटै सपिङ गरे पनि आफैं गएर सपिङ गर्नुपरे ठूला मलहरूमा नगएर फुटपाथ र सामान्य पसलमा गएर समान लिने गरेको रहस्य खोलेकी हुन् । अजयले यस विषयमा भने, 'काजोलमा पैसा जोगाउने सोख छ ।' काजोलले श्रीमान्लाई जवाफ दिएकी छिन्, 'केही निश्चित समय लगाइने पहिरनका लागि किन ठूलो रकम खर्चिनुपऱ्यो त ?'



## सलमान फेरि नम्बर वान

फोर्ब्स इन्डियाले २०१८ को सर्वाधिक धनी १ सय सेलिब्रेटीको सूची सार्वजनिक गरेको छ । उक्त सूचीमा अभिनेता सलमान खान टप लिस्टमा छन् भने दोस्रो स्थानमा विराट कोहली छन् । सलमान २ सय ५५ करोड २५ लाख कमाइ गर्दै पुन नम्बर वानमा आएका हुन् । अघिल्लो वर्ष उनले २ सय ३२ करोड ८३ लाख कमाइ गरेका थिए । सलमानले टाइगर जिन्दा है, रेस-३, टिभी रियालिटी शो बिग बोस, दशका दमका साथै विभिन्न विज्ञापनबाट उक्त आम्दानी गरेको बताइएको छ । त्यस्तै १ सय ८५ करोड आम्दानी गर्दै अक्षय कुमार तेस्रो स्थानमा छन् । अक्षयले अघिल्लो वर्ष ९८ करोड २५ लाख कमाएका थिए । फोर्ब्सको टप १० को चौथो नम्बरमा दीपिका पादुकोण छिन् भने आमिर खान छैटौं, अमिताभ बच्चन सातौं, रणवीर सिंह आठौं तथा अजय देवगण १० औं नम्बरमा छन् । किन हो टप १० को यो सूचीमा शाहरूख खान भने अटाएका छैनन् ।



## अन्ततः झुके कपिल

कपिल शर्मा आफ्नी गर्लफ्रेन्ड गिन्नी चतरथका साथ पुस ३ गते विवाह-बन्धनमा बाँधिँदैछन् । यो जोडी अहिले आफ्नो विवाहलाई भव्य बनाउन जोडतोडले लागिपरेको छ । कपिलले हालै विवाहको कार्ड सोसल मिडियामा सेयर गरेका छन् । दुवैले आ-आफ्ना नजिकका साथीभाइ तथा इष्टमित्रलाई सकेसम्म आफ्नो विवाहमा सहभागी गराउन खोजिरहेका छन् । हालै कपिल शर्माले आफ्ना मित्र सुनिल ग्रोवरलाई विवाहको कार्ड दिएका छन्, त्यो पनि उनको घरमै पुगेर । कपिलले सुनिललाई कार्ड दिँदै विवाहमा जसरी पनि आउन आग्रह गरेको स्रोतको भनाइ छ । कपिल र सुनिलबीच पछिल्ला केही वर्षयता मनमुटाव चल्दै आएको थियो । उनीहरूको झगडा लम्बिएपछि सुनिल र कपिल आ-आफ्नै तरिकाले चल्दै आएका छन् । अहिलेसम्म कपिलको विवाहको विशेष अतिथिमा अमिताभ बच्चन, दीपिका पादुकोण, रणवीर सिंह, शाहरूख खान, सलमान खान रहने कुरा सार्वजनिक भैसकेको छ भने कपिलले घरमै पुगेर बिन्ती गरेपछि सुनिलले विवाहमा सहभागिता जनाउने संकेत गरेका छन् । कपिल आफैंले सबैभन्दा ठूलो प्रतिस्पर्धी मानेका सुनिल उनको विवाहमा आउँछन् कि आउँदैनन त्यो हेर्न भने विवाह समारोह नै कुर्नुपर्नेछ ।



## कसले चोऱ्यो एकता कपुरको पैसा ?

चर्चित टिभी प्रोड्युसर एकता कपुरको घरबाटै पैसा चोरी भएको छ । हालै एकताले प्रहरीमा रिपोर्ट दिएसँगै यो रहस्य बाहिरिएको हो । रिपोर्टअनुसार एकता आवश्यक थोरै रकम झिक्न बैंक गएकी थिइन् । उनी बैंकबाट १ लाख ५० हजार निकालेर सिधै आफ्नो घर फर्किएकी थिइन् । उनी घर आउनेबित्तिकै पैसाको ब्याग आफ्नो कोठमा राखेर अन्य काममा व्यस्त भइन् । केही क्षणपछि उक्त ब्याग खोल्दा कसैले ६० हजार रुपैयाँ झिकेको कुरा एकताले मुम्बई पुलिसलाई बताएकी छिन् । एकताको घरमा ५ जना कामदार छन् । एकताले तिनै कामदारप्रति शंका गरेकी छिन्, तर अहिलेसम्म कुनै सुराक मिलेको छैन । प्रहरीले एकताको घरमा आएर सम्पूर्ण सिसिटिभी फुटेज झिकेर लगेको छ । ९० हजार एकताको ब्यागमै छोडेर ६० हजार मात्र झिक्ने चोर कति अचम्मको हो नि ?

## गुपचुप डेटिङ !

जाह्न्वी कपुर चलचित्र धड्कनपछि राम्रो सम्भावना भएकी अभिनेत्रीका रूपमा अगाडि आइन् । उनी अहिले करण जोहरले निर्माण गर्ने नयाँ चलचित्रको वर्कसपमा व्यस्त छिन् । जाह्न्वी आफ्नो पहिलो चलचित्रका अभिनेता इशान खट्टरसँग डेटमा रमाइरहेको खबर चलचित्र प्रदर्शनका बेला चर्चित थियो । अहिले त्यो चर्चा थप बलियो बन्दै गएको छ । जिममा सँगै वर्कआउट गर्ने, समय-समयमा भेट्ने, लन्च र डिनरसमेत सँगै गर्ने, फुर्सदको समय सँगै बिताउने क्रम बढ्दै गएपछि बलिउडमा उनीहरू डेटमा रमाइरहेको बताइन थालेको हो । हालै इशानले सामाजिक सन्जालमा जाह्न्वीको एक तस्बिर पोस्ट गरेका छन् । मधुर लाइटमा जाह्न्वीले मोबाइल हेरिरहेको उक्त तस्बिरमा उनको मधुर मुस्कान समेत देख्न सकिन्छ । यो तस्बिरपछि भारतीय मिडियाले अझ बढी विश्वासका साथ भन्न थालेका छन्– हो, उनीहरू डेटमा रमाइरहेका छन् ।



# मिस वर्ल्डपछि श्रृंखलाको मनोदशा







बुधबार दिउँसो करिब १ बजे मिस नेपाल वर्ल्ड-२०१८ श्रृंखला खतिवडाले चीनको सान्याबाटै आफ्नो आधिकारिक इन्स्टाग्राम एकाउन्टमा दुई वटा आकर्षक तस्बिर पोस्ट गर्दै लामो स्टाटस लेखिन् । मिस वर्ल्ड-२०१८ मा सहभागिता जनाउन सान्या पुगेदेखि नै सामाजिक सञ्जालमा आफ्ना हरेक गतिविधि सेयर गर्दै आएकी श्रृंखलाले बुधबार दिउँसोको पोस्टमा सान्या छाड्न लागेको उल्लेख गरेकी छिन् । श्रृंखला बुधबार मध्य राति काठमाडौं अवतरण गरिसकेकी छिन् ।

सान्याबाट गरिएको आफ्नो अन्तिम पोस्टमा श्रृंखला केही भावुक देखिएकी छिन् । उनले लेखेकी छिन्–'म घर फर्किरहेकी छु । म यतिबेला भविष्यमा के होला भन्ने कुराले उत्साहित पनि छु र केही नर्भस पनि । मिस वर्ल्डको ह्याङओभरबाट आफ्नो नियमित जीवनमा फर्कन तथा समयलाई समायोजन गर्न मलाई केही समय पक्कै लाग्नेछ । यद्यपि मलाई के लागिरहेको छ भने नेपाल पुगेपछि मेरो दैनिक जीवन पहिलेको जस्तो हुने छैन । मैले करिब एक वर्ष अघिदेखि मिस वर्ल्डको तयारी थालेकी थिएँ, जसले मलाई आजको दिनमा अपार खुसी दिएको छ । म र मेरो वरपरि धेरै नै परिवर्तन ल्याएको छ । अहिले मेरो टाउकोमा जिम्मेवारी थपिएको महसुस गरिरहेकी छु । मलाई के लाग्दैछ भने यो आगो त्यसै मर्ने छैन । मैले आफूलाई अवरोध तथा असफलताहरूका लागि मात्र होइन पुनः उठ्नका लागि समेत तयार गर्नुपर्नेछ । मेरो परिवारले मलाई म ' वर्तमान' मा नभै कतै हराइरहेको आरोप लगाइ सक्नुभएको छ । मलाई लाग्छ यो मेरो मानसिक तथा शारीरिक थकानका कारण भएको हो । नेपाल पुगेपछि आफ्नो ट्र्याकमा फर्कन मैले कम्तीमा ४८ घण्टा पूर्णतः आराम गर्नुपर्नेछ ।' श्रृंखलाले उक्त स्टाटसमा मिस वर्ल्डको ग्रान्ड फिनालेमा लगाएको ककटेल ड्रेसका डिजाइनर मनिष राईलाई धन्यवाद समेत दिएकी छिन् । श्रृंखलाले उक्त पहिरन आफूलाई अति नै मन परेको जनाउँदै त्यसले मिस वर्ल्डको ग्रान्ड फिनालेमा उनलाई आकर्षक देखाएको विश्वास समेत व्यक्त गरेकी छिन् ।

त्यसअघि श्रृंखलाले गत मंगलबार इन्स्टाग्राममै ओच्छ्यानमा सुतिरहेको आफूसहित मिस वर्ल्ड मलेसिया लारिसा पिङको तस्बिर पोस्ट गर्दै उनलाई आफ्नी बेस्ट फ्रेन्ड बताएकी छिन् । उनीहरूले एक-अर्कासँग छुट्टिनुअघि उक्त तस्बिर खिचेका थिए । 'उनले बिहान ५ बजे होटल छाड्ने कार्यक्रम थियो, तर राति २ बजे नै मलाई उठाउन आइन् । उनी आएपछि हामीले धेरैबेर कुराकानी गर्‍यौं । मलाई थाहा छैन, म यी युवतीलाई कति धेरै माया गर्छु । पिङलाई धन्यवाद । 'तिमी नभएको भए मेरो यो यात्रा त्यति सुन्दर हुने थिएन', श्रृंखलाले भनेकी छिन् ।

त्यसअघि सोमबार दिउँसो श्रृंखलाले मिस वर्ल्ड-२०१८ की उपाधि विजेता मेक्सिकोकी भेनेसा पोन्ससँगको सेल्फी पोस्ट गर्दै उनलाई बधाई दिएकी छिन् । श्रृंखलाले लेखेकी छिन्-'हे मिस वर्ल्ड, तिमीलाई बधाई छ अनि माया पनि । तिमी त्यस्ति महिला हौ, जो श्रद्धा र अनुग्रहले भरिएकी छौं । तिमीमा एउटी मिस वर्ल्डमा हुनुपर्ने सम्पूर्ण विशेषता छ । तिमीले मिस वर्ल्डका हरेक चुनौतीलाई कसरी सामना गरेकी छौं भन्ने मैले देखेकी छु । म तिम्रो सफलताको यो एक वर्षको अवधि हेर्न उत्साहित छु । मलाई विश्वास छ, तिमीले हामी सबैलाई गौरवान्वित तुल्याउनेछौं । तिमीलाई नेपालमै भेट्ने वाचा भयो ।'

त्यसको अघिल्लो दिन श्रृंखलाले मिस वर्ल्डका सहभागीहरूलाई बिदाइ गरिएको जानकारी दिँदै रातो गाउन लगाएका आकर्षक तस्बिर इन्स्टाग्राममा पोस्ट गरेकी छिन् । उक्त पोस्टमा श्रृंखलाले मिस वर्ल्डको आफ्नो सहभागिताले नेपाललाई उत्कृष्ट ढंगले प्रतिनिधित्व गर्न सकेको उल्लेख गरेकी छिन् । त्यही पोस्टमा उनले आफूलाई सामाजिक सञ्जालबाट सकेसम्म टाढै राख्न खोजेको बताएकी छिन् । त्यसका साथै उनले सान्यामा आफ्नो परिवारका सदस्यहरूसंग रहेको तथा केही दिनमै नेपाल फर्कने जानकारी दिएकी छिन् ।

मिस वर्ल्ड-२०१८ को ग्रान्ड फिनालेपछिको आफ्नो पहिलो पोस्टमा श्रृंखलाले ब्युटी विद अ पर्पोजको ट्रफीको तस्बिर समावेश गर्दै मिस वर्ल्डको आफ्नो सहभागिताको मुख्य कारण त्यही नै भएको उल्लेख गर्दै लेखेकी छिन्–'अझै धेरै गर्नुपर्नेछ ।' यसका साथै उनले विश्वलाई नै धन्यवाद दिँदै आफ्नो यो यात्रा अद्वितीय रहेको उल्लेख गरेकी छिन् ।







## मेक्सिकन सुन्दरीलाई मिस वर्ल्ड




चीनको सान्या सहरमा सञ्चालित ६८ औं संस्करणको विश्वसुन्दरी प्रतियोगिताको शीर्ष उपाधि २६ वर्षीया मेक्सिकन सुन्दरी भेनिसा पोन्स डे लियनले जितेकी छिन् । भेनिसा विश्व सुन्दरीको उपाधि जित्ने पहिलो मेक्सिकन युवती हुन् । मिस वर्ल्ड-२०१८ को प्रबल दाबेदारका रूपमा हेरिएकी मिस नेपाल २०१८ श्रृंखला खतिवडाको यात्रा भने उत्कृष्ट १२ सम्म पुगेर टुंगियो । विश्व सुन्दरीको उपाधि जित्न नसके पनि श्रृंखलाले प्रतियोगिता अवधिभर दिएको प्रस्तुतिले आमनेपाली तथा सौन्दर्य प्रतियोगितामा रुचि राख्ने विश्वभरका धेरै मानिसको मन जितेको छ ।

मिस वर्ल्ड-२०१८ मा सहभागि भएकी मिस नेपाल श्रृंखला खतिवडाले प्रतियोगितामा मल्टिमिडिया र ब्युटी विथ अ पर्पोजको एवार्डसँगै उत्कृष्ट ३० र त्यस पछि उत्कृष्ट १२ सम्मको यात्रा तय गरिन् । त्यसबाहेक उनी सान्या टुरिज्म प्रोमोशन भिडियो एवार्डमा सेकेन्ड रनर्सअप भइन् । खतिवडा प्रतियोगितामा मिस वर्ल्ड टप मोडल कम्पिटिसनमा उत्कृष्ट ३२ भित्र पर्न सफल भएकी थिइन् । फास्टट्र्याक एवार्डबाहेक मिस वर्ल्ड प्रतियोगिताको अर्को महत्वपूर्ण पाटो मानिएको हेड टु हेड च्यालेन्जमा उनी समूह विजेता भएकी थिइन् ।

यस पटकको मिस वर्ल्ड प्रतियोगिताको ग्राण्ड फिनालेको ढाँचामा केही परिवर्तन गरिएको थियो । ओपनिङ एक्ट र डान्सेस अफ द वर्ल्डको प्रस्तुतिपछि प्रतियोगिताका उत्कृष्ट ३० ले फिनालेको स्टेजमा स्थान पाए, जस अन्तर्गत फास्ट ट्र्याक एवार्डमध्ये मल्टिमिडिया र ब्युटी विथ अ पर्पोजकी विजेताका रूपमा मिस नेपाल, टप मोडल अवार्ड विजेताका रूपमा मिस फ्रान्स, ट्यालेन्ट एवार्ड विजेताका रूपमा मिस जापान तथा स्पोर्ट्स च्यालेन्ज एवार्ड विजेताका रूपमा मिस अमेरिकाले उत्कृष्ट ३० मा स्थान बनाए । यसैगरी ब्युटी विथ पर्पोज अन्तर्गत नै मिस इन्डोनेसिया, मिस न्युजिल्यान्ड र मिस भियतनामले पनि उत्कृष्ट ३० मा आफ्नो स्थान सुरक्षित गरे । हेड टु हेड च्यालेन्स जितेर मिस मरिसस्, मिस भेनिजुएला, मिस बंगलोदेश, मिस चीली, मिस मलेसिया, मिस इन्डिया, मिस सिंगापुर, मिस थाइल्यान्ड, मिस मेक्सिको तथा मिस युगान्डा उत्कृष्ट तीसमा पर्न सफल भएका थिए । त्यसबाहेक अन्य १३ जना सुन्दरीले निर्णायकहरूको निर्णयबाट क्वार्टर फाइनल (उत्कृष्ट ३०) मा स्थान सुरक्षित गरेका थिए ।

उत्कृष्ट तीस जनालाई उनीहरूको महादेशका आधारमा पाँच समूहमा विभाजन गरिएको थियो । त्यसपछि भने उत्कृष्ट १२ को चयन गरियो, जसअन्तर्गत युरोपबाट बेलारुस, फ्रान्स र स्कटल्यान्ड, क्यारिबियन क्षेत्रबाट जमैका र मार्टिनिक, अमेरिकाज्बाट पानामा र मेक्सिको, अफ्रिकाबाट मरिसस् र युगान्डा तथा एसिया एन्ड ओसिनियाबाट नेपाल, न्युजिल्यान्ड र थाइल्यान्ड पर्न सफल भए । उत्कृष्ट १२ जनालाई आ-आफ्नो छोटो परिचय प्रस्तुत गर्न लगाइएको थियो । त्यसपश्चात् यसपटकको परिमार्जित खाकाअनुसार महादेशिय विजेता चयनसँगै उनीहरूलाई फाइनलिस्टका रूपमा प्रस्तुत गरियो, जसमा युरोपबाट बेलारुसकी मारिया भासिलेभिच, अफ्रिकाबाट युगाण्डाकी क्विलिन अबेनाक्यो, क्यारिबियनबाट जमैकाकी काडिजाह रोबिन्सन, अमेरिकाबाट मेक्सिकोकी भेनिसा पोन्स डे लियन तथा एसिया एन्ड ओसिनियाबाट थाइल्यान्डकी निकोलिन लिम्सनुकान महादेशीय सुन्दरी तथा मिस वर्ल्ड-२०१८ का टप फाइभ फाइनलिस्ट चुनिए । त्यसपछि फाइनलिस्टहरूले पालैपालो एक-एकवटा प्रश्नको सामना गरे । हरेक फाइनलिस्टलाई एक-एक जना पूर्व विश्व सुन्दरी विजेताको प्रश्नको उत्तर दिन लगाइएको थियो । त्यसपछि लाइभ दर्शकको भोटिङ र १३ जना निर्णायकको मतलाई आधार मानेर मिस वर्ल्डको घोषणा गरिएको थियो, जसमा मिस थाइल्यान्ड प्रतियोगिताको रनर्सअप भइन् ।

## विकेन्ड टक



तस्बिर : नरेन्द्र श्रेष्ठ

● पोलिन भंजों, निर्देशक, फ्रान्सेली केन्द्र

# विकेन्ड मनाउन काठमाडौंबाहिर जान मन छ

फ्रेन्चहरु खानपान तथा वाइनका लागि संसारमै सौखिन मानिन्छन् । फ्रान्सेली केन्द्रकी निर्देशक पोलिन भंजों पटक-पटक नेपाल घुम्न आइन् । पहिले पर्यटकका रूपमा, पछि जागिरेका रूपमा । उनीसँग खानपान तथा घुमघामका सम्बन्धमा गरिएको कुराकानी :

**तपाईंलाई मनपर्ने नेपाली परिकार ?**
मलाई नेपाली परिकारमा दाल, भात, मम, आलु, चाउमिन, चिकेन साँधेको तथा रोटी मन पर्छ ।

**नेपाली रक्सी पिउनुभएको छ ?**
अँ, कीर्तिपुरको एउटा रेस्टुराँमा मैले ऐला (नेवाली रक्सी) को स्वाद लिएकी छु । एकदम कडा थियो ।

**काठमाडौंमा तपाईं निरन्तर गैरहने कुनै क्याफे-रेस्टुराँ ?**
थकाली किचेन प्रायः गैरहन्छु । दुई महिनाअघि पाटन, मंगलबजारमा खुलेको रैथानेमा पनि बरोबर गैरहन्छु । त्यहाँको मेनुमा परम्परागत परिकारहरू समावेश छन् भने ठाउँ र सजावट समेत एकदम राम्रो लाग्छ । त्यहाँ नयाँ-नयाँ परिकारको स्वाद चाख्न पाइन्छ । म विकल्प क्याफे पनि गैरहन्छु । त्यहाँ लाइभ म्युजिक सुन्दै बस्न मजा आउँछ । म त्यहाँ कला प्रदर्शनि पनि हेर्न रुचाउँछु ।

**बार र क्लबमा कत्तिको जानुहुन्छ ?**
बेलाबेलामा जान्छु । पर्पल हेज, फाट् काट तथा डेला सोलमा बरोबर पुगिरहन्छु । म रेगी म्युजिक सुन्न रुचाउँछु भने डान्स गर्दा पनि रमाउँछु ।

**घुमघाम कत्तिको मनपर्छ ? नेपालमा कहाँ-कहाँ पुग्न मन छ ?**
घुमघाम मन नपराउने मानिस कमै हुन्छन् । मलाई नेपालका जुम्ला, पोखरा, मनास्लु, जनकपुर, लुम्बिनी, चितवन तथा पोखरा पुगेर नेपाली संस्कृति एवं जीवनशैली बुझ्न मन छ ।

**फ्रान्सको कुन कुरा मिस हुन्छ ?**
फ्रेन्च खानेकुरा अनि मेरो ब्वाइफ्रेन्ड ।

## विकेन्ड कन्सर्ट

# आज एड्रिन, भोलि स्वप्न सुमन



पप गायक एड्रिन प्रधान आज पोखरामा प्रस्तुत हुँदैछन् । पोखरा, न्युरोडस्थित भाटभटेनी सुपर मार्केटको माथिल्लो तल्लामा अवस्थित 'पोखरा स्काई स्पोर्ट्स' को ओपनिङका अवसरमा प्रस्तुत हुने ग्रान्ड कन्सर्टमा प्रधानका गीत सुन्दै रम्न पाइनेछ । तीनदिने ओपनिङ कार्यक्रमअन्तर्गत भोलि शनिबार स्वप्न सुमन र नट्टु शाहले माहोल तताउनेछन् । यसैगरी आइतबार गायक दीपक बज्राचार्यले दर्शक झुमाउनेछन् । ओपनिङको अवसरमा कन्सर्टसँगै फेसन शो, स्ट्यान्ड अप कमेडीलगायत विभिन्न मनोरञ्जक प्रस्तुतिसमेत समेटिने छन् । स्काई स्पोर्ट्समा फुटसल, लङ टेनिस, जुम्बा, कार्डियो, साउना स्टिम, ज्याक्युजी, पुलसँगै भर्चुअल रियालिटी प्ले स्टेसन आदिको सुविधा उपलब्ध छ ।
**स्थान :** पोखरा स्काई स्पोर्ट्स, न्युरोड, भाटभटेनी सुपर मार्केटको माथिल्लो तल्ला
**प्रवेश :** निःशुल्क **समय :** साँझ ५ बजे

## काहुडाँडामा लाहुरे

भोली शनिबार पोखरा-११ काहुडाँडामा आशिष राना लाहुरे प्रस्तुत हुँदैछन् । तेस्रो काहुंधरहरा महोत्सवमा उनका नेपहपमा रम्न पाइनेछ । भोलि दिउँसो प्रजापति पराजुली, पुरूषोत्तम न्यौपाने, कुमार पुन, तारापति सुवेदी, सरला पाण्डे, काजल गुरुङ आदिले प्रस्तुति दिने छन् ।

राजाराम पौडेल

## विकेन्ड इभेन्ट

● झम्सिखेलस्थित सन क्याफे एन्ड बारमा आज ज्याज नाइट साँझ ७ बजे हुँदैछ जहाँ मारिया र ज्याकेकले श्रोताहरूलाई झुमाउनेछन् ।

● आज शुक्रबार सातघुम्ती ठमेलस्थित प्लेसेज रेस्टुराँ एन्ड बारमा साँझ ७ बजे रेगी नाइट हुँदैछ ।

● भोलि शनिबार माइतीघर मण्डलास्थित सेन्ट जेभियर्स कलेजमा विन्टर नँइट डिनर हुँदैछ । विन्टर वार्म्थद्वारा आयोजित यो कार्यक्रममा अनुपबिक्रम शाही, परमिता आर एल राणा, साम्राज्ञी आदिको जमघट हुनेछ । काठमाडौं एवं पोखराका सडक बालबालिकाका एवं मकवानपुरका चेपाङहरूका लागि जाडो को लुगा वितरण गर्न फन्ड उठाउने उद्देश्यले यो कार्यक्रम आयोजित गरिएको हो । लाइभ म्युजिक, स्ट्यान्ड अप कमेडी, डान्स पर्फमेन्स आदि यो कार्यक्रमका आकर्षण हुन् ।
**टिकट :** ५ सय रुपैयाँ

● आज शुक्रबार टंगालस्थित सिएमडी कुजिन रेस्टुराँ एन्ड बारमा साँझ ७ बजे मेड्ले नाइट्स हुँदैछ, जहाँ मुक्ति एण्ड रिभाइल ब्याण्डले विशेष प्रस्तुति दिनेछ ।

● आज शुक्रबार लाजिम्पाटस्थित आइरिस पबमा साँझ ८ बजे ब्लुज प्याराडाइज इभेन्ट हुँदैछ । यसमा द मिडनाइट राइडर्स ट्रियोले प्रस्तुति दिँदैछ ।



## विकेन्ड एनिभर्सरी

# नवौं वर्षमा ससः द नेवाः




कीर्तिपुरस्थित ससः द नेवाः रेस्टुराँले आज शुक्रबार नवौं वार्षिकोत्सव मनाउँदैछ । यस अवसरमा द ब्ल्याक हक ब्यान्डले लाइभ प्रस्तुति दिँदैछ । त्यसपश्चात् भीम तुलाधर, पवित्रा कासा, सतिष महर्जन, रत्न शोभा, रीता महर्जन समेत प्रस्तुत हुनेछन् । सांगीतिक कार्यक्रमपछि शताब्दी पुरुष सत्यमोहन जोशीलाई सम्मान गर्ने कार्यक्रम छ । परम्परागत परिकारहरूको स्वाद लिंदै सांगीतिक कार्यक्रममा रम्न चाहनुहुन्छ भने ससः द नेवाः रेस्टुराँ तपाईंको स्वागतका लागी पर्खिरहेको छ ।

## विकेन्ड फेस्टिभल

# फुड एन्ड म्युजिक फेस्टिभल



भोलि शनिबार चुच्चेपाटीस्थित हयात रिजेन्सी होटलमा बौद्ध फुड एन्ड म्युजिक फेस्टिभल हुने भएको छ । बिहान १० बजे सुरु हुने फेस्टिभलमा चर्चित ब्यान्ड अल्बट्रस, डिजे तेन्जिङ, अभिनाष घिसिङ, श्रेया सोताङ, गोम्बु शेर्पा, सुरेश लामा तथा श्वेता योञ्जनले प्रस्तुति दिनेछन् ।

**न्हेगा जात्रा**
आज शुक्रबार बुद्ध चौर, बेसिगाउँमा ऐतिहासिक एवं पौराणिक न्हेंगा (सात गाउँले) जात्रा मनाइँदैछ । यो महोत्सव साँझ ४ बजे प्रारम्भ हुनेछ । कार्यक्रममा मुक्ति एन्ड रिवाइबल, ज्ञानमाला फोक ब्यान्ड, कथा डी ब्यान्ड तथा न्यू क्रिएसन ब्यान्ड सहभागी हुने बताइएको छ ।

चलचित्र


## सुश्री सम्पत्ति



**निर्देशक** : सुव्रतराज आचार्य
**कलाकार** : सलोन बस्नेत, सारा श्रीपाइली, विनोद न्यौपाने, प्रमोद अग्रहरी, राजाराम पौडेल, जयनन्द लामा आदि ।
**संगीत** : सुरेश अधिकारी

रमेश त्वयनाको निर्माण तथा सुव्रतराज आचार्यद्वारा निर्देशित चलचित्र सुश्री सम्पत्ति शुक्रबारदेखि देशभर एकसाथ प्रदर्शन हुँदैछ । सामाजिक कथा बोकेको यो हास्यप्रधान चलचित्र दुई युवाले धनप्राप्तिका लागि सम्पन्न युवतीको खोजीमा गर्ने क्रियाकलापमा आधारित छ । चलचित्रमा धनी बाउकी एक्ली छोरी हुनुको पीडा समेत प्रस्तुत गरिएको छ । अभिनेत्री सारा श्रीपाइलीलाई सुश्री सम्पत्तिको केन्द्रीय भूमिकामा छिन् भने सलोन र विनोद उनको पछि लाग्ने युवाको भूमिका छन् । पोखराका मनोरम दृश्यहरूसहित विभिन्न स्थानमा छायांकन गरिएको यो चलचित्रको गीत हुकुम बक्सियोस् निकै चर्चित छ । यो चलचित्रको टेलरले समेत राम्रो प्रतिक्रिया पाएको छ । अर्जुन तिवारीको छायांकन, सुव्रतराज आचार्य र अभिमन्यु निरवीको लेखन तथा पटकथा एवं भरत रेग्मीको सम्पादनको यो चलचित्रमा १ करोड ४० लाख रुपैयाँ लगानी भएको बताइन्छ ।

## कथा ७२




**निर्देशक** : प्रवीण स्याङ्बो
**कलाकार** : आकाश मगर, सुप्रिया राना, भुइसाल लामा, पाल्मो सन्जु, केदार श्रेष्ठ, शारदा अधिकारी, रोमस आदि ।
**संगीत** : नोब्ले फ्रेक्स

विभिन्न अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा छानिएको चलचित्र कथा ७२ आज देशभरका हलमा प्रदर्शन हुँदैछ । यो चलचित्रको प्रिमियर मंसिर २१ मा सुरु भएको काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव (किम्फ) मा गरिएको थियो । नेपाल तथा विदेशमा भएका प्रिमियरबाट राम्रो प्रतिक्रिया पाएको यो चलचित्र २०७२ को भूकम्पले मानवीय सम्बन्ध र संवेदनामा पारेको प्रभावमा केन्द्रित छ । यो चलचित्रका लेखक तथा निर्देशक प्रवीण स्याङ्बो हुन् । लोकल सिनेमा, आइसफल प्रोडक्सन तथा दक्षिण अफ्रिकी कम्पनी बिफ्याट मोटेलबीचको सहकार्यमा निर्माण गरिएको चलचित्र कथा ७२ लाई सन डान्स अन्तर्राष्ट्रिय एवार्ड विजेता चिन्तन राजभण्डारीले खिचेका हुन् । चलचित्रको सार्वजनिक ट्रेलरले युट्युबमा राम्रो प्रतिक्रिया पाएको छ । कथा ७२ सिन्धुपाल्चोक, पाँचपोखरी, भोताङ आदि भूकम्प प्रभावित क्षेत्रमा खिचिएको छ । चलचित्रमा भूकम्पको प्रभावलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको निर्देशक स्याङ्बोले बताए ।

रंगमञ्च

## कौशीमा सेम टाइम नेक्स्ट इयर


तस्बिर : स्टिट नेपाल

टेकुस्थित कौशी थिएटरमा सेम टाइम नेक्स्ट इयर नाटक मञ्चन भैरहेको छ । अमेरिकी लेखक बनार्ड स्लेडको लेखन तथा चे शंकर रिजालको निर्देशनको उक्त नाटक मंसिर ७ गतेदेखि नियमित मञ्चनमा छ । कथा घेराद्वारा प्रस्तुत उक्त नाटकमा आकांक्षा कार्की तथा दिव्यदेव पन्तले अभिनय गरेका छन् । अंग्रेजी भाषाको यो नाटक मंसिर २९ गतेसम्म प्रस्तुत हुने बताइएको छ ।

ग्यालरी

## ३ सय कलाकारको ३ सय चित्र



आइडब्लूएफ नेपालको आयोजनामा नेपाल आर्ट काउन्सिलमा चित्रकला प्रदर्शनी भैरहेको छ । उक्त चित्रकला प्रदर्शनी गत सोमबार प्रारम्भ भएको हो । ३ सय जना कलाकारका ३ सयवटा चित्र राखिएको यो प्रदर्शनी आगामी आइतबारसम्म चल्ने आयोजकहरूले जनाएका छन् ।

## डोली




**निर्देशक** : राजबहादुर साने
**कलाकार** : किशोर खतिवडा, पृथ्वीराज प्रसाई, संगीता नापित, सानिया खान, अर्जुन गुरुङ, नवीन रेग्मी आदि ।
**संगीत** : विजय अधिकारी

डोली शब्द सुन्नेबित्तिकै हामी विवाहमा दुलही राखेर लाने साधनलाई सम्झन्छौं । किरण नेपालीले निर्माण गरेको चलचित्र डोलीले दुलही राखेर मात्र लाने छैन, विवाह र प्रेमका साथै बालशोषण र जालीप्रथालाई समेत सूक्ष्म ढंगले उठाएको छ । ३५ दिन लगाएर छायांकन गरिएको डोली निर्माण गर्न ८५ लाख रुपैयाँ खर्च भएको छ । नुवाकोट आसपास खिचिएको यो चलचित्र ५५ भन्दा बढी हलमा प्रदर्शन हुने निर्माण पक्षले जानकारी दिएको छ । जयराम थापाले छायांकन तथा श्याम कुँवरले सम्पादन गरेको यो चलचित्रलाई जीजीए ग्रुपले वितरण गर्दैछ ।

# हिट्स एवार्डमा जानी नजानीको वर्चस्व




२२ औं संस्करणको हिट्स एफएम म्युजिक एवार्ड्स–२०७५ मा गायिका बानिका प्रधानको 'जानी नजानी...' गीतले बाजी मारेको छ । काठमाडौंमा आयोजित एउटा भव्य सांगीतिक समारोहमा बानिकाको उक्त गीतले वर्षको सर्वोत्कृष्ट गीतसहित चारवटा एवार्ड जितेको थियो । समारोहमा उक्त गीतबाट गायिका प्रधानले सर्वोत्कृष्ट गायिकाको एवार्ड जितिन् भने यही गीतबाट दिनेश सुब्बाले सर्वोत्कृष्ट संगीतकार तथा चाँद सिंहले सर्वोत्कृष्ट संगीत संयोजकको एवार्ड हात पारे ।

गीत, संगीत तथा नृत्यसहितको एवार्ड वितरण समारोहमा गायक दीप श्रेष्ठले 'सम्पत्ति दिए' गीतबाट वर्षको सर्वोत्कृष्ट गायकको एवार्ड जिते । यही गीतबाट गीतकार डा.राजुबाबु श्रेष्ठ सर्वोत्कृष्ट रचनाकारको एवार्ड जित्न सफल भए ।

प्रज्ञा प्रतिष्ठानमा आयोजित समारोहमा गायक, गीतकार तथा संगीतकार दीपक जंगमलाई लाइफ टाइम एचिभमेन्ट एवार्डबाट सम्मानित गरियो । उनलाई संगीत क्षेत्रमा पुऱ्याएको योगदानका लागि उक्त सम्मान अर्पण गरिएको हिट्स नेपालले जनाएको छ । समारोहमा जंगमलाई सम्मानित गरिएपछि त्रिभुवन विश्वविद्यालयको संगीत विभागको एउटा समुहले उनीद्वारा संगीतबद्ध गीतहरू प्रस्तुत गरेर कार्यक्रमलाई संगीतमय बनाएको थियो ।

समारोहमा गायक लोचन रिजालले 'काँचो आवाज' शीर्षकको एल्बमबाट वर्षको सर्वोत्कृष्ट एल्बमको एवार्ड जिते । पप गायक नितेशजंग कुँवरले 'हाम्रो नेपालमा' शीर्षकको गीतबाट वर्षको सर्वोत्कृष्ट पप गायक तथा नव प्रतिभाको एवार्ड हात पारे भने गायिका श्रेया सोताङले 'मन चरी' गीतबाट सर्वोत्कृष्ट पप गायिकाको एवार्ड जितिन् ।

गायक सज्जीव पराजुली तथा गायिका टीका प्रसाईंले लोकप्रिय गीत 'नाइँ मलाई था'छैन' बाट युगल गायनको एवार्ड जिते भने १९७४ एडीले 'पिरै पिर...' गीतबाट सर्वोत्कृष्ट समूह गायनको एवार्ड जित्यो । ब्याण्डको सोही गीतबाट निराकार याक्थुम्बाले सर्वोत्कृष्ट पप रक संगीत सिर्जनाको एवार्ड पनि जिते । सर्वोत्कृष्ट रक गायनको एवार्ड गायक प्रयत्न श्रेष्ठले जिते । उनले 'हक' गीतबाट उक्त सफलता हासिल गरेका हुन् । राजन ठकुरी तथा विष्णु माया गुरुङले 'साइँली' बाट सर्वोत्कृष्ट लोकगीतको एवार्ड जिते भने चलचित्र संगीततर्फको एवार्ड चलचित्र दुई रुपैयाँको 'कुटुमा कुटु...' गीतका लागि राजनराज शिवाकोटीले प्राप्त गरे ।

हिट्स एफएमका कार्यक्रम प्रस्तोताहरूको रमाइलो उद्घोषणसहितको समारोहमा जेम्स प्रधान, बानिका प्रधानका साथमा सांगीतिक समूहहरू उपेन्द्र र साथीहरू, १९७४ एडी, आरके स्क्वायर, द एक्ट तथा बास्तुले विशेष प्रस्तुति दिएका थिए । समारोहमा रेडियो नेपालका प्रथम गायक स्व. हरिप्रसाद रिमालको सम्झनामा तयार पारिएको भिडियो समेत प्रदर्शन गरिएको थियो ।

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक



# सारा शिर्पाइली



तस्बिर : महेश प्रधान
लोकेसन : रोयल एम्पायर बुटिक होटल, गैरीधारा
पहिरन : द क्रिएसन, लाजिम्पाट

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

गफगाफ



# तिमी चाँडै अरूलाई विश्वास गर्छौ

निर्देशक दिनेश राउत तथा नम्रता श्रेष्ठको केमेस्ट्री लोभलाग्दो छ । नम्रताले काम गर्न सबैभन्दा सहज मान्ने निर्देशक हुन् दिनेश र दिनेशले काम गराउन सहज लाग्ने अभिनेत्री हुन् नम्रता । क्लासिक, नोभेम्बर रेन, पर्व आदि चलचित्रमा काम गरिसकेका उनीहरूको नयाँ चलचित्र प्रसाद हलहरूमा प्रदर्शन भैरहेको छ । हालै सिटिसेन्टर स्थित विग मुभिजमा दर्शकको मनोभाव बुझ्न उपस्थित दिनेश र नम्रताले नजिकैको कफी सपमा एकैछिन गफ गरे ।

**दिनेश** : तिमी आफैं पनि दर्शकहरूको प्रतिक्रिया लाइभ गर न !

**नम्रता** : केबाट गर्ने ?

**दिनेश** : फेसबुक पेजबाट ।

**नम्रता** : नो-नो । आजभोलि इन्स्टाग्राम धेरैले चलाउँछन्, त्यसबाट गरौं । मेरो पोस्टमा २५ हजार, ३० हजार, ५० हजारसम्म लाइक आएको छ, त्यसबाटै गरौं ! अनि यहाँपछि कहाँ जाने ?

**दिनेश** : अँ, गोपीकृष्ण जाऔं ।

**नम्रता** : आज त म परिवारसँग बसेर मज्जाले चलचित्र हेर्ने भनेको !

**दिनेश** : अस्ति प्रिमियरमा हेरेको होइन ?

**नम्रता** : अस्ति त मज्जाले हेर्न पाइएन, आज हेर्ने भनेर टिकट पनि काटिसकेको छु ।

**दिनेश** : ए, लल ।

**दिनेश** : सुन न, एउटा कुरा भन त ।

**नम्रता** : के कुरा ?

**दिनेश** : तिमीलाई मेरो मन पर्ने र मन नपर्ने एक-एकवटा कुरा भन त !

**नम्रता** : एकदमै मेहनती छौ । हरेक कामलाई एकदमै सिरियस्ली लिन्छौ । मनैबाट सोचेर काम गर्छौ । एज ए डाइरेक्टर यूआर प्रफेक्ट है मेरा लागि त । नराम्रो बानी भनेको तिमी एकदमै चाँडै बिर्सन्छौ । अहिले एकछिन अघि चाबी बिर्सिएर बाहिर गयौ, यहीं छ उदाहरण ! १० मिनेटमा कल गर्छु भन्छौ, १ घण्टापछि गर्छौ । खाना खान गएको मान्छे खाना छोडेर हिँड्छौ । एकपटक त तिमीले कसको घरमा जाँदा एउटा खुट्टामा आफ्नो अनि अर्को खुट्टामा अरू नै कसैको जुत्ता लगाएर समेत आयौ । अब भन मेरा बारेमा, सेम ।

**दिनेश** : तिमी इमोसनल छौ । कसैको पनि दुःख-पीडालाई आफ्नै मान्छौ । काममा एकदमै सिरियस छौ । मन नपर्ने कुरा भनेको तिमी निकै चाँडै अरूलाई विश्वास गर्छौ । यस्तो बानीका कारण कहिलेकाहीं आफैंलाई धोका मिल्न सक्छ ।

**नम्रता** : मलाई चलचित्रमा लिनुको केही कारण भन रे !

**दिनेश** : एउटा होइन, तीनवटा कारण छन् । तिमी आफैंमा राम्रो कलाकार हौ । तिम्रो र मेरो विचार मिल्छ अनि तिमी मेरा लागि सहजै प्रस्तुत हुन्छौ । अरू हिरोइनलाई ल्याउँदा चिनजान गर्नुपर्‍यो, बानी-व्यवहार बुझ्नुपर्‍यो । तिमीलाई पहिल्यैदेखि चिनेकाले पनि तिमी मेरा लागि पर्फेक्ट हिरोइन हौ ।

**नम्रता** : तिमी कन्टेनलाई विशेष प्राथमिकता दिन्छौ क्या, दिस इज गुड प्वाइन्ट ।

**दिनेश** : तिम्रो र मेरो प्रोगेश पनि संसगै भएको छ नि !

**नम्रता** : हो त, नोभेम्बर रेन, पर्व अहिले प्रसादसम्म आइपुग्दा तिमीले नयाँ-नयाँ कुरामा प्रयास गरेका छौ । हामी लगभग सक्सेस पनि भएका छौ ! नयाँ प्रयास नगर्ने हो भने हाम्रो ग्रोथ पनि हुँदैन नि !

**दिनेश** : सही हो । ल, दर्शकहरू हलबाट निस्कने बेला भयो । पत्रकारहरू पनि आए । चाँडै सक कफी !

प्रस्तुति : रामजी ज्ञवाली



# सम्भावना जीवितै छ

गायिका तथा नेकपा एमाले सांसद कोमल वली फेरि एकपटक आफ्नो विवाहका कारण चर्चामा छिन् । सामाजिक सञ्जालहरूमा उनको विवाह नेकपाका अविवाहित नेता नारायणकाजी श्रेष्ठसँग हुन लागेको भनेर भाइरल बनाइएपछि वली आफ्नो मुख खोल्न बाध्य भएकी छिन् । गएको शनिबार साँझ एक टेलिभिजन अन्तवार्तामा वलीले नेता श्रेष्ठसँग आफ्नो विवाह हुने सम्भावनाको अन्त्य गर्दै उहाँसँग आफ्नो विवाह नहुने तर श्रेष्ठलाई आफूले आदरणीय नेता मानेको कुरा बताइएकी हुन् । यद्यपि वलीले भविष्यमा आफ्नो विवाह हुँदै हुँदैन भन्न नसक्ने कुरा बताउन पनि छुटाइनन् । भनेपछि वलीको विवाह हुने सम्भावना जीवितै छ, चाहे त्यो नारायणकाजीसँग होस् वा अरूसँग नै !



# झन्-झन् रोमान्टिक

प्रियंका कार्की र आयुष्मान देशराज जोशी चाँडै नै श्रीमान्-श्रीमती बन्देछन् । त्यसो त इन्गेज्मेन्ट गरेपछि नै उनीहरूले जोडीका रूपमा वैधानिकता पाइसकेका छन् । यद्यपि उनीहरूलाई विवाह नगरी श्रीमान्-श्रीमती भन्न मिल्दैन । इन्गेज्मेन्टपछि उनीहरूले जोडीका रूपमा प्रेम दिवस शीर्षकको चलचित्रमा समेत अभिनय गरिसकेका छन् । विवाह गर्ने तयारी गरिरहेकै बेला अहिले यो जोडी थप रोमान्टिक बन्दै गएको टिप्पणी गर्न थालिएको छ । सामाजिक सञ्जालहरूमा उनीहरूले आफ्ना अन्तरंग दृश्यसहितका तस्विर दिनहुँजसो पोस्ट गरिरहन्छन् । केही साताअघि उनीहरूले स्वीमिङ पुलमा रोमान्स गरेको तस्विरले चर्चा पाएको थियो । अहिले उनीहरू भैरहवाको एउटा रिसोर्टमा खिचेको तस्विरका कारण चर्चामा छन् । पछिल्लो तस्विरमा प्रियंका स्वीमिङ कष्टममै छिन् भने आयुष्मान टपलेस छन् । तस्विरमा उनीहरू कति सम्म रोमान्टिक मुडमा छन् भन्ने कुरा अनुमान गर्न खासै गाह्रो पर्दैन । विवाह नहुँदै रोमान्सको सीमा नाघ्न उद्यत यो जोडी विवाहपछि कस्तो भाव-भंगिमामा प्रस्तुत हुने हो, प्रतीक्षाकै विषय भएको छ ।



## सिर्जनाको लगनगाँठो

अभिनेत्री तथा रंगकर्मी सिर्जना सुब्बा विवाह बन्धनमा बाँधिएकी छिन् । गत साता सुब्बाले पदम लिम्बूसँग लिम्बू संस्कारअनुरूप लगनगाँठो कसेकी हुन् । केही वर्षयता अफेयर्समा रहेका सिर्जना र पदमको विवाहका केही तस्बिर सामाजिक सञ्जाल फेसबुकमार्फत बाहिरिएका छन् । एक दशकभन्दा बढी समयदेखि रंगमञ्चमा क्रियाशील अभिनेत्री सिर्जनाले केही नेपाली चलचित्रमा समेत अभिनय गरेकी छिन् । मण्डला थिएटरसँग आबद्ध भएर नेपाली चलचित्रमा समेत सक्रिय रहँदै आएकी सिर्जनाले नेपालीलगायत दर्जनौं लिम्बू भाषाका गीत तथा चलचित्रमा अभिनय गरेकी छिन् । पदम निर्देशक नवीन सुब्बाका भाइ हुन् र उनी पनि चलचित्र क्षेत्रमै आबद्ध छन् ।



## जेनीको विश्वास

१३ वर्षकै उमेरदेखि मोडलिङमा सक्रिय जेनी शेर्पा अहिले १८ वर्षकी भइन् । यो अवधिमा जेनीले दर्जनौं फेसन शोमा क्याटवाक गरिसकिन् भने थुप्रै विज्ञापनमा मोडलिङ पनि गरिन् । उनले विद्यालयमै छँदा नाटकहरूमा समेत अभिनय गरेकी थिइन् । सानै उमेरदेखि मोडलिङ सक्रिय भएकाले होला शेर्पा फेसन उद्योगसँग नजिक छिन् । जेनीले नेपालमा मात्र होइन भारतमा आयोजित नृत्य प्रतियोगितामा समेत उपाधि जितिसकेकी छिन् । अहिले आएर जेनीले अभिनय तथा फेसन उद्योगमा करियर बनाउने निर्णय गरेकी छिन् । थुप्रै नाटकमा अभिनय गरेका कारण आफूमा भएको अभिनय क्षमता उनले बुझेकी छिन् । समयले साथ दिएको खण्डमा आफू चलचित्रमा समेत आउन सक्ने जेनीको भनाइ छ । फेसन शोहरूमा कोरियोग्राफरका रूपमा समेत काम गरिसकेकी जेनी अध्ययनमा समेत अब्बल छिन् । ए लेभलको अध्ययन पूरा गरेकी शेर्पाले आफूलाई इन्टरप्रेनरका रूपमा समेत स्थापित गर्ने लक्ष्य लिएकी छिन् । 'एकै पटक धेरै वटा क्षेत्रमा हात हाल्न त गाह्रो छ, जेनी भन्छिन्- फेसन र अभिनयलाई सँग-सँगै लान सकें भने सफल हुनेछु भन्ने विश्वास छ ।

## मिस्टर ह्याप्पीको खुसी



अभिनेता, व्यंग्यकार तथा सञ्चारकर्मी सन्दीप क्षेत्रीले आफ्नो न्वारान आफैंले गरेका छन् । सामाजिक सञ्जाल (फेसबुक) को आफ्नो एकाउन्टमा सन्दीप आफैंले आफूलाई नयाँ नाम दिएका छन्- मिस्टर ह्याप्पी । उनका अधिकांश पोस्टमा 'मिस्टर ह्याप्पी शब्द छुट्दैन । 'म सधैं खुसी हुन मन पराउने मानिस हुँ, केही अघि साप्ताहिकसँगैको अन्तर्वार्तामा सन्दीपले भनेका थिए- त्यसैले मैले आफैंलाई मिस्टर ह्याप्पी नामाकरण गरेको हुँ । यसबीच मिस्टर ह्याप्पीको जीवनमा अर्को एउटा खुसियाली थपिएको उनले नै पोस्ट गरेको ताजा तस्बिरले प्रमाणित गरेको छ । सन्दीपले यसै साता झन्डै ६० लाख रुपैयाँ खर्चेर नयाँ सवारी साधन किनेका छन् । अब सन्दीप राजधानीका सडकमा सेतो रंगको हुन्डाई क्रेटामा देखिने छन् ।

## नाच्न नजान्नेको जवाफ



कुनै बेला राजेश हमाललाई नाच्न नजान्ने अभिनेता भनेर खुबै उडाइन्थ्यो । हमालले आफ्ना थुप्रै चलचित्रका लोकप्रिय गीतमा नृत्य नगरेका पनि होइनन्, यद्यपि उनका स्टेप हास्यास्पद हुने तर्क गरिन्थ्यो । अहिले पनि नेपाली चलचित्रका केही अभिनेतालाई नाच्न नजान्ने भनेर टिप्पणी गरिन्छ । दयाहाङ राई, सौगात मल्ल, गौरव पहारी आदिलाई नाच्न आउँदैन भनेर टिप्पणी गर्नेहरू पनि प्रशस्तै छन् । नाच्न नजान्ने भनिएका तीनै अभिनेताहरू यो साता छमछमी नाच्दै दर्शकमाझ आए । चैत १५ गते प्रदर्शनमा आउने चलचित्र 'साइँली' को 'नाच माया...' मा दयाहाङ र गौरवले मज्जाले कम्मर मर्काएका छन् । उनीहरूलाई मेनुका प्रधान र केनिपा सिंहले साथ दिएका छन् । विवाहको माहौल चित्रण गरिएको उक्त गीतमा चारै जना कलाकारले उत्कृष्ट नृत्य गरेको बताइन्छ । यद्यपि उनीहरूलाई त्यसरी नचाउन कोरियोग्रहरूफर विक्रम स्वाँरले कति पसिना बगाए, त्यसको हिसाब-किताब भने हुन बाँकी छ ।



## फेरि अर्को हर्कत

एकताका नेपाली चलचित्रमा दुई अर्थी संवाद प्रयोग गर्ने ट्रेन्ड नै चलेको थियो । अहिले त्यो ट्रेन्ड पुरानो भैसकेको छ । दर्शकले स्वस्थ मनोरञ्जन भएका सन्देशमूलक चलचित्रलाई बढी माया गर्छन् भन्ने कुरा छक्का पञ्जा-३ को सफलताले पुष्टि गरिसकेको छ । यति हुँदा-हुँदै पनि कहिलेकाहीँ पुरानै ट्रेन्डको पुनरागमन हुन्छ । यतिबेला चलचित्र 'जे सुकै होस्' त्यसै गरी पुनरागमन गर्ने तयारीमा छ । चलचित्रको हालै सार्वजनिक ट्रेलरमा सुन्दै लाज लाग्ने संवाद समावेश गरिएका छन् । पुसको तेस्रो साता प्रदर्शनमा आउने भनिएको उक्त चलचित्रको ट्रेलरमा सेन्सर बोर्डको नजर नपरेरै हुनसक्छ परिवारका सबै सदस्यले एकै ठाउँमा बसेर ती संवाद सुन्न सकिँदैन । यो चलचित्रका अधिकांश कलाकार नयाँ छन् । उनीहरूले यौनजन्य दृश्य पनि सहजै दिएका छन् । दुई अर्थी संवाद तथा यौनिक दृष्य समावेश भएको ट्रेलर यूट्युबबाट सार्वजनिक भैसकेको छ । अब हेर्नुछ, पूरै चलचित्रलाई सेन्सर बोर्डले कैंची चलाउँछ कि जस्ताको तस्तै पास गर्छ ।

पोजेटिभ भाइब्स



### आफ्नै कमजोरी पहिल्याउने प्रयास गर्छु

- कामलाई निरन्तरता दिने ।
- हरेक कुरालाई सकारात्मक रूपमा लिने ।
- शान्त स्वभाव अनि कम बोल्ने बानी ।
- आफ्नै कमजोरी पहिल्याउने प्रयास गर्छु ।
- आफ्नो इच्छाशक्तिलाई डगमगाउन दिन्नँ ।

● टीका प्रसाईं, गायिका

# अनलाइनहरूको फेक न्युजको सिकार भएँ



कृष्ण भट्टराई

**उनी आँखा देख्न सक्दिनन्, तर मुम्बईस्थित सारेगमपको भव्य स्टुडियोका बारेमा उनी मजाले वर्णन गर्न सक्छिन् । उनी नेपाली गायिका हुन्, यद्यपि हिन्दी गीत उतैका गायक-गायिका झैं दुरुस्तै गाउँछिन् । लता मंगेशकरदेखि श्रेया घोसालसम्मका दिग्गज गायिकाका गीत उत्कृष्ट शैलीमा प्रस्तुत गरेर उनले भारतका सेलिब्रेटीहरुको समेत मन जितेकी छिन् । त्यसैले पनि सारेगमपको उत्कृष्ट ११ बाट बाहिरिनु परेकोमा उनी दु:खी छैनन् । गत आईतबारमात्र काठमाडौं फर्किएकी गायिका मेनुका पौडेलले साप्ताहिकर्मीसँग ठट्टा गर्दै भनिन्– "नेपाल आइडलमा पनि उत्कृष्ट ११ बाटै बाहिरिनु परेको थियो, सारेगमपबाट पनि उत्कृष्ट ११ बाटै स्टेज छाड्नुपऱ्यो । यो ११ अंकको खड्गो चाहिं कसरी कट्ने होला ?" झापाकी स्थायी वासिन्दा मेनुका लामो समयदेखि भक्तपुरमा बसोबास गरिरहेकी छिन् । साप्ताहिकसंग मेनुकाले आफ्नो सारेगमपको यात्राका बारेमा आफ्नै शब्दमा यसरी वर्णन गरिन् :**

जी टिभीको लोकप्रिय कार्यक्रम सारेगमपको २०१८ को संस्करणमा भाग लिन्छु भनेर धेरै अघिदेखि योजना बनाइरहेकी थिएँ । कार्यक्रमका लागि सबैभन्दा पहिले मैले यतैबाट सम्पर्क गरें । त्यस क्रममा मैले आफ्नो मोबाइल नम्बर टिपाएँ । उताबाट मलाई फोन आउने भनियो । म त्यही फोनको प्रतिक्षा गर्न थालें । म सारेगमपबाट फोन आउँछ भन्ने कुरामा ढुक्क थिएँ । नभन्दै उताबाट कल आयो । फोनमा मलाई नेपालबाट म बाहेक अरु क-कसले भाग लिने हो ? भन्ने जिज्ञासा राख्नु भयो । मैले म आफू मात्र भाग लिने कुरा मलाई थाहा छ, अरूको त मलाई थाहा छैन भनें । त्यसपछि उहाँहरूले दुईवटा गीत गाएको अलग-अलग भिडियो पठाउन भन्नुभयो । त्यसै अनुसार गायिका लता मंगेशकरका दुई वटा गीत गाएको दुई भिन्न भिडियो तयार पारेर पठाइदिएँ । कार्यक्रमका निर्माता-निर्देशकहरूले मेरो भिडियो हेरेपछि पुन: मलाई फोन गर्नुभयो । दोस्रो पटकको कुराकानीमा उहाँहरूले काठमाडौंकै चावहिलस्थित आइडल स्कूलमा नेपालीहरूका लागि अडिसन कार्यक्रम राखिएको जानकारी गराउँदै मलाई त्यहीं सहभागी हुन भन्नुभयो ।

## एकपछि अर्को अडिसन

मैले पठाएको भिडियोबाट म आइडल स्कूलको अडिसनमा पुग्नु मेरो दोस्रो खुड्किलो थियो । काठमाडौंको अडिसनमा धेरै जना सहभागि हुनुहुन्थ्यो । म बाहेक अरु धेरैले अडिसन दिँदै हुनुहुन्छ भन्ने थाहा पाउँदा मलाई कता-कता डर पनि लागेको थियो । यद्यपि मेरो लक्ष्य मुम्बईको सारेगमपको मञ्च भएकाले मैले मनबाट सबै प्रकारका डरलाई बाहिर निकालें । त्यो अडिसनमा पनि मैले लता मंगेशकरका दुई गीत गाएँ । तीमध्ये 'अभि ना जाओ छोड के कि दिल अभि भरा नहीं...' ले सबैको मन जितेको अनुभव गरेँ । आइडलको अडिसनमा मैले सफलता हासिल गरें । उक्त सफलतासंगै मैले कलकत्तामा हुने तेस्रो चरणको अडिसनमा सहभागिता जनाउने अवसर पाएँ । काठमाडौंको अडिसनमा सारेगमपकै प्रतिनिधिहरू आउनुभएको थियो । कलकत्ताको प्रि-अडिसनमा सहभागिता जनाउन आमालाई पनि साथै लिएर गएँ । कलकत्ताको अडिसनमा समेत मैले लता मंगेशकरकै गीत गाएकी थिएँ । त्यहाँका निर्णायकहरूको मन जितेकैले होला म कलकत्ताको अडिसनमा पनि सफल भएँ । कलकत्ताको अडिसनमा सफलता हासिल गरेपछि त्यसपछिको यात्रा मुम्बईका लागि अघि बढ्यो ।

## मुम्बईको तयारी

मुम्बई हरेक कलाकारका लागि सपनाको सहर हो । मेरा लागि पनि त्यस्तै थियो । त्यसै पनि बलिउडको चमकदमक तथा हिन्दी गीत-संगीतका बारेमा मलाई पहिलेदेखि नै जानकारी थियो, त्यसैले मैले मुम्बईमा हुने स्टुडियो राउण्डका लागि भित्रैदेखि तयार हुनु अनिवार्य थियो । मुम्बई पुगुञ्जेल पनि मलाई डर लागिरहेको थियो । ठूला-ठूला कलाकारहरूका अघि, लोकप्रिय सेलिब्रेटीहरूका अगाडि विशाल मञ्चमा कसरी प्रस्तुत हुने होला भनेर असाध्यै डर लागेको थियो । यद्यपि मेरी आमा पम्फा पौडेल मसंगै हुनु भएकाले एक प्रकारको हिम्मत पनि थियो, किनभने मेरी आमा मसंग नेपाल आइडलको बेलादेखि नै संगै हुनुहुन्थ्यो । त्यही भएकाले पनि मैले मुम्बईको भव्य स्टेज, झकिझकाउ सेट, धेरै जना अटाउन सक्ने स्टुडियो भित्र पनि एक्लो महसुस गर्नु परेन ।

## स्टुडियो राउन्डमा प्रवेश

अन्तत: त्यो दिन पनि आयो, जुन दिनका सम्बन्धमा मैले सपना देखेकी थिएँ । उक्त दिन म बिहानैदेखि एक्साइडेट थिएँ, कता-कता डर पनि लागिरहेको थियो । हिम्मत जुटाएर, उत्साहित हुँदै हामी आमा-छोरी स्टुडियो पुग्यौं । पहिलो दिनको कार्यक्रमका लागि मैले पुन: एक पटक लता मंगेशकरकै गीतमा अभ्यास गरेकी थिएँ । ब्याक स्टेजमा नेपाली गायक उदितनारायण झाका छोरा आदित्य नारायण झासंग भेट भयो । उहाँले मसंग नेपाली भाषामा कुरा गर्दा असाध्यै रमाइलो लाग्यो, एक प्रकारको हौसला पनि प्राप्त भयो । त्यसपछि मेरो स्टेज उक्लिने पालो आयो । मैले लता मंगेशकरकै गीत गाएँ-'जाने क्या बात है...' । उक्त गीतको प्रस्तुतिलाई प्रतियोगिताका सबै निर्णायकले मन पराउनुभयो अनि धेरैभन्दा धेरै प्वाइन्ट दिनुभयो भने उपस्थित दर्शकहरूले पनि उत्तिकै मन पराउनु भयो । अझ कार्यक्रम प्रस्तोता आदित्य नारायण झाले त स्टेजमै मसंग नेपाली भाषामा कुरा गरेर मलाई थप हौसला दिनुभयो । म स्टुडियो राउण्डको पहिलो प्रस्तुतिमा सफल भएँ । पहिलो प्रस्तुतिपछि म सोझैं मेगा राउण्डमा पुगें । त्यसपछि प्रत्येक एपिसोडमा उत्कृष्ट प्रस्तुति दिँदै टप १५ मा पुगें । त्यसपछि टप १३, टप १२ हुँदै उत्कृष्ट ११ मा पुगेर बाहिरिन बाध्य भएँ ।

## निर्णायक र सेलिब्रेटीको हौसला

सारेगमपको उत्कृष्ट ११ बाट बाहिरिनु मेरा लागि दु:खद क्षण त थियो नै, तैपनि मैले यसलाई सुनौलो अवसरका रूपमा लिएर चित्त बुझाएँ । काठमाडौंको आइडल स्कुलदेखि मुम्बईको त्यो भव्य स्टुडियोसम्मको यात्रा नै मेरा लागि ठूलो उपलब्धि थियो । त्यो भन्दा पनि ठूलो कुरा मैले बलिउडका अत्यन्त लोकप्रिय सेलिब्रेटी तथा संगीतका हस्तीहरूका अगाडि आफ्नो प्रतिभा प्रस्तुत गर्ने मौका पाएँ । त्यसक्रममा मैले बलिउडका अभिनेत्रीहरू रविना टण्डन, प्रिती जिन्टालाई आफ्नो गीत सुनाउने अवसर प्राप्त गरे । लोकप्रिय धारावाहिक कुमकुम भाग्यकी तनू अर्थात लिना जुमानी त मेरो सर्पोटर नै बनेर कार्यक्रममा सहभागि हुनु भएको थियो । त्यसबाहेक प्रतियोगिताका निर्णायकहरूले पनि मेरो खुलेर प्रसंसा गर्नु भयो । अधिकांश निर्णायक तथा कार्यक्रमका सदस्यहरू मसँग बारम्बार एउटै प्रश्न सोधिरहनुहुन्थ्यो- 'तिमीले यति राम्रो हिन्दी कसरी बोलेको ? यति राम्रो हिन्दी गीत कसरी गाउन सकेको ? यसबाहेक अधिकांशको जिज्ञासा के रह्यो भने नेपालमा अन्य नेपालीहरूले पनि हिन्दी भाषा यति नै राम्रोसँग बोल्छन् ? नेपालमा हिन्दी चलचित्र हेरिन्छ ? हिन्दी धारावाहिकहरू मन पराइन्छ ? अनि सारेगमप जस्ता रियालिटी शोका दर्शकहरू छन् ? मैले सबै प्रश्नको सकारात्मक जवाफ दिएपछि उहाँहरू छक्क पर्नु भएको थियो ।

## हिन्दी लवजमा सुधार

मेरो हिन्दी खासै राम्रो थिएन । उच्चारणमा पनि समस्या थियो । मलाई अमेरिकामा बसोबास गर्ने गायक नरेन्द्र प्यासीले फेसबुकको म्यासेन्जरबाट हिन्दी लवज राम्रोसँग बोल्ने, स्पष्ट उच्चारण गर्ने तरिका सिकाउनु भएको थियो । यसका लागि म उहाँको गुण कहिल्यै बिर्सन सक्दिनँ ।

## चित्त दु:खाइ पनि छ

मैले उत्कृष्ट प्रस्तुति दिँदा-दिँदै कार्यक्रमबाट बाहिरिनुको अर्को एउटा दु:खद पाटो पनि छ । यद्यपि मलाई उक्त कुरा यसरी सञ्चारमाध्यममा ल्याउने इच्छा थिएन, तर आज साप्ताहिकजस्तो ठूलो मिडियासँग कुरा गर्ने मौका पाएका बेला मैले मुख खोल्नै पर्छ । म कार्यक्रमबाट बाहिरिनुमा विभिन्न 'फेक समाचार' ले निर्णायक भूमिका खेलेको रहेछ । तल्लो स्तरका अनलाइन मिडियामा मेरो नाम जोडेर, मैले बोल्दै नबोलेका विषयमा समाचार बनाएर सामाजिक सञ्जालमा सेयर हुन थालेपछि कार्यक्रमका निर्देशकहरूले नै मलाई त्यस विषयमा गम्भीर भएर जानकारी गराए । खासगरी भारतले नेपालमाथि लगाएको नाकाबन्दीका विषयमा मैले बोल्दै नबोलेको कुरालाई समाचार बनाएर प्रकाशित गरिएपछि कार्यक्रमका निर्माता-निर्देशकहरूलाई मलाई कार्यक्रममा निरन्तरता दिइरहन समस्या भएछ । हुन त म सञ्चारमाध्यमहरूकै साथ र सहयोगले यहाँसम्म आइपुगेकी हुँ । यद्यपि आफ्नो लाइक र भ्युज बढाउने बहानामा अनावश्यक प्रसार-प्रसार गरिंदा मेरो करियरमै नकारात्मक प्रभाव परेकोमा भने असाध्यै दु:ख लागेको छ ।

## हिम्मत हारेकी छैन

अन्त्यमा, यसपटक उत्कृष्ट ११ बाट बाहिरिनु परे पनि मैले अर्को वर्ष पुन: एक पटक सारेगमपमा सहभागिता जनाउने निर्णय गरिसकेकी छु । किनभने मैले प्रतियोगिताका बारेमा धेरै भन्दा धेरै जानकारी पाएकी छु । यो सहभागिताले मेरो हिम्मत बढाएको छ । अर्को शब्दमा भन्नु पर्दा मैले हिम्मत हारेकी छैन । अर्को पटक प्रतियोगितामा सहभागिता जनाएर सफल हुने विश्वास लिएकी छु ।

# अमेरिकाबाट नेपाली क्यालेन्डर




संयुक्त राज्य अमेरिकामा रहेर नेपाली इभेन्ट्स तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको आरएनआर ग्रुपले अमेरिकामा नयाँ क्यालेन्डर लन्च गरेको छ । सन् २०१९ को उक्त क्यालेन्डरमा नेपाली सुन्दरीहरूको ग्ल्यामरस तस्बिर अटाइएको छ । अमेरिकामा एक कार्यक्रम आयोजित गर्दै सार्वजनिक गरिएको क्यालेन्डरमा नेपाल र अमेरिकामा सक्रिय नेपाली सुन्दरीहरूको तस्बिर छ । नेपाल तथा अमेरिकामा मोडलिङ गरिरहेका युवतीहरूको विशेष फोटोसुट गरेर उक्त क्यालेन्डर तयार पारिएको हो । ‘क्यालेन्डर युएसए-२०१९’ शीर्षकको यो क्यालेन्डरमा साप्ताहिकका अफिसियल महेश प्रधान तथा युएसएमा व्यस्त तथा चर्चित फोटोग्राफर विक्रान्त मान श्रेष्ठका तस्बिर अटाएका छन् । इभेन्ट , फेशन शो तथा फिल्म प्रदर्शन समेत गर्दै आएको आरएनआर ग्रुपले यसअघि पनि क्यालेन्डर प्रकाशित गरिसकेको ग्रुपका सदस्य रोशन पुरीले बताए । यो क्यालेन्डर नेपालसँगै क्यानाडाका विभिन्न सहरमा वितरण गरिने बताइएको छ । क्यालेन्डरमा सन् २०११ कि मिस नेपाल युएस सुजिता बस्नेत, मिस वर्ल्ड अमेरिकाकी टप १० मा पर्न सफल उकुषा गिरी , मोडल रोजी खुराना , मोडल सुनिक्षा मैनाली , मोडल स्वस्तिका प्रधान, मोदन त्यान्सी थापा, मोडल सिमरन चुडाल, मिस ग्लोबल क्विन-२०१५ जस्मिन गुरुङ, मोडल दिपमाला ढकाल, मोडल श्रीया लोहनी, मोडल निकी आचार्य, मोडल सम्पदा बानियाँ तथा अभिनेत्री सारा शिर्पाईलीका आकर्षक तस्बिर समावेश छन् ।

# फेस अफ द लिटिल फ्लावर




फेस अफ द लिटिल फ्लावर-२०१८ को उपाधि जेनिशा श्रेष्ठले जितेकी छिन् । राष्ट्रिय नाचघरमा सम्पन्न प्रतियोगितामा ४५ जना प्रतिस्पर्धीलाई पछि पार्दै जेनिशाले उक्त उपाधि जितेकी हुन् । उपाधि विजेता भएपछि जेनिशाले एक वर्षको पूर्ण छात्रवृत्ति तथा टर्कीमा आयोजना हुने अन्तर्राष्ट्रिय किड्स प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेकी छिन् । जेनिशा हाल लिटिल फ्लावर इङ्लिङ स्कुल शंखमूलमा अध्ययनरत छिन् । आरएनआर ग्रुपद्वारा आयोजित प्रतियोगिताको दोस्रो संस्करणमा अंकिता शाक्य फस्ट रनर्स अप तथा गुञ्जा ठाकुर सेकेण्ड रनर्स अप भएका थिए । बालबालिकाहरूलाई समेटेर अघिल्लो वर्षदेखि फेस अफ द लिटिल फ्लावर प्रतियोगिताको आयोजना गर्न थालिएको आयोजक संस्थाकी अध्यक्ष मञ्जु श्रेष्ठले बताएकी छिन् ।

# मिस एन्ड मिसेज धौलागिरि



भोलि मंसिर २९ गते शनिबार दोस्रो संस्करणको मिस एन्ड मिसेज धौलागिरिको फाइनल हुँदैछ । कुश्मा पर्वतको सिद्धेश्वर फिल्म हलमा हुने फाइनलमा १२ जना प्रतियोगीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । अभ्यास इभेन्टद्वारा आयोजित यो प्रतियोगितामा पर्वत र बाग्लुङका विवाहित तथा अविवाहित महिलाहरूले भाग लिइरहेका छन् । अडिसनमा सहभागी १७ जनामध्येबाट उत्कृष्ट १२ छनोट गरी विभिन्न तालिमपश्चात् अन्तिम प्रतिस्पर्धामा उतार्न लागिएको आयोजक संस्थाका प्रबन्धक इन्दु शर्माले बताइन् । दुई बजे प्रारम्भ हुने फाइनल प्रतियोगिताको सञ्चालन कलाकार सन्दीप क्षेत्रीले गर्दै छन् ।

राजाराम पौडेल




# खुला नृत्य प्रतियोगिता

पोखरामा आयोजित विद्यालयस्तरीय खुला नृत्य प्रतियोगिताको उपाधि सेन्ट मेरिज स्कुलकी एलिसा बुढाथोकीले जितेकी छिन् । पोखरा उद्योग वाणिज्य संघले आयोजना गरेको यो प्रतियोगितामा जुनियर सिटिजन्सकी समृद्धि पाण्डे फस्ट रनर्सअप तथा हिमाञ्चलकी एञ्जिला गुरुङ सेकेन्ड रनर्सअप घोषित भए । विद्यालयस्तरीय सामूहिक नृत्य प्रतियोगिताको उपाधि भने सूर्योदय बोर्डिङ स्कुलले जित्यो । उक्त विधामा कुमुदिनी होम्स फस्ट रनर्सअप तथा जुनियर सिटिजन्स स्कूल सेकेन्ड रनर्सअप भए । पोखरा उद्योग वाणिज्य संघले सफल एक्स्पोका साथमा तेस्रो मोबाइल मेलाको अवसरमा उक्त प्रतियोगिता सञ्चालन गरेको थियो ।

# सेञ्चुरी र लामिछानेको कला मोह

कलाकारद्वय तिलबिर सेञ्चुरी तथा युवराज लामिछाने चितवनको देवघाट परिसरमा महादेवको विशाल मूर्ती बनाउने अभियानमा छन् । त्यहाँ निर्माणाधीन ३५ फिटे मूर्ति नै उनीहरूको दिनचर्या भएको छ । देवघाट धाम संरक्षण प्रतिष्ठान, चितवनले कलाकार सेञ्चुरी तथा लामिछानेलाई उक्त काम सुम्पिएको हो । कलाकार सेञ्चुरीको कलाले पोखराको छोरेपटनस्थित गुप्तेश्वर गुफा परिसरलाई श्रृंगारेको छ । डेभिडफलभित्र विभिन्न जातजातिका मूर्ती पनि सेञ्चुरीले नै बनाएका हुन् । पोखरामा मात्र होइन, जुम्लाको पाण्डु गुफाको पाँच पाण्डव तथा द्रोपदीको मूर्ति बनाउने कलाकार पनि सेञ्चुरी नै हुन् । धरानको चतराधामस्थित ३५ फिटको हनुमानको मूर्ति, बेनीको गलेश्वर तथा धनगढीको मुक्तिनाथ धाममा कामधेनु गाई बनाउने कलाकार पनि सेञ्चुरी नै हुन् । नागढुङ्गा पोखराका कलाकार युवराज लामिछानेद्वारा निर्मित शिव, पार्वती, गणेश, महाकाली, सरस्वती, लक्ष्मी आदि देवदेवताका मूर्तिहरू कास्कीका विभिन्न गाउँघर तथा छिमेकी स्याङ्जा, पर्वत, तनहुँ आदि स्थानमा रहेका विभिन्न मन्दिरमा पुजिन्छन् ।



# किम्फमा अ थाउजन्ड गर्ल्स लाइक मि उत्कृष्ट



सोहौं संस्करणको काठमाडौं इन्टरनेशनल माउन्टेन फिल्म फेस्टिभल (किम्फ) मा साहरा मनीको ‘अ थाउजन्ड गर्ल्स लाइक मि’ ले प्रथम पुरस्कार प्राप्त गरेको छ । महोत्सवमा अरुण भट्टराई तथा डोरोत्यो जुर्बोको ‘द नेक्स्ट गार्डियन’ ले दोस्रो तथा मिक्लास कल्स्टोर्म मार्टिनी कार्टिनेमको ‘इस्टर्न मेमोरिज’ ले तेस्रो स्थान हासिल गरे । नेपाल पानोरामा अन्तर्गत आख्यान विधामा अविनाश विक्रम शाहको ‘तटिनी’ तथा गैरआख्यान विधामा विद्या चापागाई र कमल कुमारको ‘मरिसकेको मान्छे’ उत्कृष्ट घोषित भए ।

वर्षको उत्कृष्ट पर्वतीय चलचित्रको पुरस्कार भने मुनमुन धलेरियाको ‘एन अनसर्टेन विन्टर’ले जित्यो । उत्कृष्ट साहसिक चलचित्रको पुरस्कार प्रसुना डंगोलको ‘डोल्पा डायरी’ ले जितेको छ । सेनाङ्ग ग्याङ्जोको ‘सुपर मङ्क’ सबैभन्दा बढी दर्शकको रोजाइमा पर्दै अडियन्स एवार्डको हकदार भएको छ । राष्ट्रिय सभागृह तथा नेपाल पर्यटन बोर्डमा मंसिर २१ गतेदेखि २५ गतेसम्म सञ्चालित यसपटकको किम्फको थालनी अस्ट्रेलियाली निर्देशक जेनिफर पिडमको माउन्टेन चलचित्रको प्रदर्शनीबाट प्रारम्भ भएको थियो । महोत्सवमा नेपाल लगायत ३१ वटा देशका ७० भन्दा बढी चलचित्र तथा वृत्तचित्र प्रदर्शन गरिएको थियो ।



अपराध

# लागूऔषधको ट्रान्जिट प्वाइन्ट बर्दिया

कमल पन्थी



> अधिकांश लागूऔषधका सेवनकर्ता र बेचबिखनमा संलग्नहरु १८ देखि ४० वर्ष मुनिका छन् । सेवनकर्तामा अधिकांश विद्यार्थी रहेको प्रहरी बताउँछ । जिल्लामा कडाइ भएका कारण भारतीय सीमा नाका मिहींपुरुवा, बलैगाउँ र रुपैडिहामा खुलेआम लागूऔषध खरिद बिक्री हुने गरेको छ । नेपालमा प्रतिबन्धित लागूऔषध भारतमा खुलेआम पाइन्छ । लागूऔषध सेवनकर्ता अधिकांश दशगजा क्षेत्र, बसपार्क, होटल तथा एकान्तमा भेटिएको प्रहरीले जनाएको छ ।

भारतबाट नेपाल भित्रिने खैरो हिरोइनका सप्लायर्स भारतीय नागरिक दशगजा नजिक पक्राउ परेका छन् । पक्राउ गरिएका भारत उत्तरप्रदेश, बहराइच जिल्ला मोतीपुर थाना ग्राम मिहीपुरुवाका करिब २५ वर्षीय बिमलेश कुमार हरिजनलाई प्रहरीले सार्वजनिक गरेको छ ।

हरिजनबाट ३० ग्राम खैरो हिरोइन बरामद गरिएको छ । उक्त हिरोइनको बजार मूल्य करिब २ लाख रुपैयाँ भएको प्रहरी उपरीक्षक सुरेन्द्रप्रसाद मैनालीले बताए । जिल्लाको मधुवन नगरपालिका-७ सँग जोडिएको निशानगाढा हुँदै आइरहेको अवस्थामा हरिजनलाई प्रहरीले गोप्य सूचनाका आधारमा पक्राउ गरेको हो । प्रहरीले उनीविरुद्ध लागूऔषध अपराध ऐनअन्तर्गत मुद्दा दायर गरेको छ ।

लागूऔषध ओसारपसार ऐन, ०३२ अन्तर्गत दफा १५ को उपदफा १ को ६(३) बमोजिम २५ ग्राम देखि १ सय ग्रामसम्म १० देखि १५ वर्ष कैद तथा १ लाख रुपैयाँ जरिवाना हुने प्रावधान छ । मधुवनमा लागूऔषधको खरिद-बिक्री एवं सेवनकर्ता बढेपछि प्रहरीले त्यहाँ विशेष अप्रेसन चलाएको छ । यसै गरी ईलाका प्रहरी राजापुरले अघिल्लो सोमबार २ सय ३९ थान प्रतिबन्धित लागूऔषध नाइट्रोभेटसहित तीन जनालाई पक्राउ गरेको थियो । पक्राउ परेका राजापुर नपा-१ का आनन्द सोनाहा, ऋषिराम थारु तथा ज्ञानु सोनाहा रहेको प्रहरी नायव उपरीक्षक तिलक भारतीले बताए । लागूऔषधको कारोबारका लागि बर्दिया ट्रान्जिट प्वाइन्ट बन्दै गएपछि प्रहरीले विशेष अप्रेसन चलाएको भारतीले जानकारी दिए ।

एक महिना यता मधुवन नगरपालिका-८ श्रीनगर बस्तीमा पाँच जना लागूऔषध खरिद बिक्री गरिरहेका अभियुक्तलाई पक्राउ गरिएको थियो । २२ वर्षीय मुकेश तिरुवा, सोही नपाका २२ वर्षीय मुकेश चौधरी, २५ वर्षीय चेतन भनिने निकेश विक, २० वर्षीय कृष्णबहादुर रामजाली तथा १८ वर्षीय प्रकाश गौतमलाई लागूऔषध ब्राउन सुगर बेचबिखन गरिरहेको अवस्थामा पक्राउ गरेको प्रहरी उपरीक्षक मैनालीले बताए । पक्राउ परेका तिरुवाबाट ५ सय ग्राम ब्राउन सुगर, चौधरीबाट ५५ ग्राम तथा विकबाट १५ हजार रुपैयाँ नगद फेला परेको थियो ।

प्रहरीले सोही अवधीमा गुलरिया, मधुवनलगायतका ठाउँबाट १८ जना लागूऔषध सेवनकर्तालाई समेत पक्राउ गरि सुधिन मौका दिँदै अभिभावकको जिम्मा लगाएको मैनालीले बताए । जिल्लास्थित केही पान पसलमा लागूऔषधको कारोबार बढ्दै गएको स्थानीय बासिन्दाहरूको आरोप छ । प्रहरीले लागूऔषध बेचबिखन गर्न लागेको अवस्थामा एक पसल धनीलाई पक्राउ गरेपछि उक्त खुलासा भएको हो । प्रहरीले गुलरिया–८ आशापुरस्थित एक विद्यालय नजिकै घुम्ती पसल भएका एक व्यक्तिलाई लागूऔषध नाइट्राजेट ८० थान ट्याबलेट तथा इल्टुरेक्स १६ थान बोतलसहित पक्राउ गरेको थियो । उनले नेपालमा प्रतिबन्धित लागूऔषध भारतीय सीमाबाट खरिद गरी विगत लामो समयदेखि बेचबिखन गर्दै आएका थिए । प्रहरीका अनुसार ती लागूऔषध स्कूले विद्यार्थीहरूलाई बेचिएको अनुसन्धानमा देखिएको छ ।

गत वर्ष पनि प्रहरीले मधुवन नगरपालिका-८ का २७ वर्षीय आकाश गुरुङलाई लागूऔषध ब्राउन सुगरसहित पक्राउ गरेको थियो । उनीजस्तै कैलाली टीकापुर–१ का विशाल गिरीलाई प्रहरीले लागूऔषधका १ सय ४ ट्याबलेटसहित पक्राउ गरेको थियो । पक्राउ परेका गिरीलाई अहिले अदालतको निर्णयअनुसार पुर्पक्षका लागि थुनामा राखिएको छ । गुरुङ र अधिकारी मात्र होइन भारतीय नागरिक मोतीपुर थाना लौकाहीका सज्जन खान, आजाद खान तथा इस्लाम खानसमेत लागूऔषध चरेससहित पक्राउ परी कारगारमा सजाय भोगिरहेका छन् । प्रहरीले आर्थिक वर्ष ०७३/७४ मा लागूऔषधका सेवनकर्ता तथा बेचबिखनमा संलग्न १४ जनालाई पक्राउ गरेको थियो । यसरी प्रक्राउ पर्नेहरूको संख्या ०७४/७५ मा बढेर २७ पुगेको थियो ।

अधिकांश लागूऔषधका सेवनकर्ता र बेचबिखनमा संलग्नहरू १८ देखि ४० वर्ष मुनिका छन् । सेवनकर्तामा अधिकांश विद्यार्थी रहेको प्रहरी बताउँछ । जिल्लामा कडाइ भएका कारण भारतीय सीमा नाका मिहींपुरुवा, बलैगाउँ र रुपैडिहामा खुलेआम लागूऔषध खरिद बिक्री हुने गरेको छ । नेपालमा प्रतिबन्धित लागूऔषध भारतमा खुलेआम पाइन्छ । लागूऔषध सेवनकर्ता अधिकांश दशगजा क्षेत्र, बसपार्क, होटल तथा एकान्तमा भेटिएको प्रहरीले जनाएको छ । प्रहरीले लागूऔषध विरुद्ध कडाइ गरेपछि लतमा लागेका केही युवक त्यसको सेवनका लागि दिनहुँ भारतीय सीमावर्ती क्षेत्रमा पुग्ने गरेका छन् । भारतीय सिमाक्षेत्रका बजारमा सहजै पाइने लागूऔषध बर्दिया भित्रिन थालेपछि सेवनकर्ताको संख्या पनि बढ्दै गएको छ । गुलरिया, बढैयाताल, मधुवन आदि क्षेत्रमा दर्जनौं युवायुवती लागूऔषधको सेवनमा फसेको प्रहरीको दावी छ । अधिकांश युवायुवती सम्पन्न घरपरिवारका सदस्य भएको प्रहरीले जनाएको छ । भारतीय बजारमा प्रति १ मिलिग्राम १ हजारमा पाइने ब्राउन सुगर नेपाली सीमावर्ती क्षेत्रमा ३ देखि ५ हजार रुपैयाँसम्ममा बिक्री हुँदै आएको पक्राउ परेकाहरूले प्रहरीलाई बताएका छन् । भारतको सिमावर्ती मिहिपुरुवा, बलैगाउ, सलारपुर, लौकाही तथा रुपैडियाबाट ब्राउन सुगर भित्रिन थालेपछि प्रहरीले जिल्ला सँग जोडिएको सिमामा कडाइ गरेको छ । प्रहरीले गएको साउनको अन्तिम साता यता लागूऔषधसम्बन्धी १० वटा मुद्दा अदालतमा दायर गरेको छ । यसै गरि १ सय ५० जना सेवनकर्तालाई पक्राउ गरी अभिभावकलाई बुझाइएको छ ।



## चार वर्षमा १४ हजार लागूऔषध कारोबारी पक्राउ

काठमाडौं र नेपालका विभिन्न भागबाट पक्राउ पर्ने लागूऔषध कारोबारीहरूको संख्या लगातार बढिरहेको छ । पछिल्ला चार वर्षमा नेपालभरबाट १४ हजार २२ जना लागूऔषध कारोबारी पक्राउ परेका छन् । नेपाल प्रहरीको लागूऔषध नियन्त्रण ब्युरोको तथ्यांकअनुसार पछिल्ला चार वर्षमा लागूऔषध कारोबारमा सबैभन्दा बढी १३ हजार ४ सय ६४ जना नेपाली जेलमा छन् । तथ्यांक केलाउने हो भने नेपालीपछि सबैभन्दा बढी भारतीय नागरिक पक्राउ परेका छन् । यो अवधिमा ४ सय ९३ भारतीय नागरिक पक्राउ परेको तथ्यांकमा छ । लागूऔषध ओसार-पसारका साथै यससँग सम्बन्धित अरू गतिविधिमा संलग्न अन्य विभिन्न मुलुकका ६५ जना पक्राउ परेका छन् ।

जेल पर्ने लागूऔषध कारोबारीमा महिलाको तुलनामा पुरुष नै बढी छन् । यो अवधिमा १२ हजार ८ सय ९५ नेपाली पुरुष जेल गएका छन् भने ५ सय ६९ महिलाले जेल सजाय काटिरहेका छन् । यस क्रममा ४ सय ६९ भारतीय पुरुष पक्राउ परेका छन् भने २४ जना भारतीय महिला पक्राउ परेका छन् । यस्तै, अन्य देशका ५१ पुरुष तथा १४ महिला लागूऔषध कारोबारीलाई प्रहरीले गिरफ्तार गरेको छ ।

यो अवधिमा प्रहरीले कारोबारीहरूबाट ३१ किलोभन्दा बढी कोकिन बरामद गरेको छ भने १ सय ५० किलोभन्दा बढी ओपियम, १९ किलोभन्दा बढी हिरोइन, ६ हजार किलोभन्दा बढी चरेस तथा १८ हजार किलोभन्दा बढी गाजा बरामद गरेको छ ।

**कहिले कति पक्राउ**

| | |
|---|---|
| सन् २०१५ | २,६५६ |
| सन् २०१६ | ३,६९६ |
| सन् २०१७ | ३,९४१ |
| सन् २०१८ को सेप्टेम्बरसम्म | ३,७२९ |

स्रोत : लागूऔषध नियन्त्रण ब्यूरो

पहिलो विश्व




# खुर्सानी खाने प्रतियोगिता

चीनको यिचुङ सहरमा हालै चिसो पानीमा डुबुल्की मारेर खुर्सानी खाने प्रतियोगिता सम्पन्न भएको छ। पिरो खान मन पराउनेहरू यो प्रतियोगितामा भाग लिन चीनको हुनान र सिचुवान प्रान्तबाट समेत पुगेका थिए। २ डिग्री तापक्रमको पानीमा डुबुल्की मारेर सर्वाधिक पिरो खुर्सानी खानुपर्ने उक्त प्रतियोगितामा एक मिनेटमा जसले बढी खुर्सानी खान्छ उही विजेता हुने नियम छ, जसमा यिचुङकै यी हुवान उपाधि हात पार्न सफल भइन्।








# हत्यारा सुन्दरी

रुसी मूलकी एक युवतीले हालै सम्पन्न सुन्दरी प्रतियोगितामा सहभागिता जनाएपछि उनको चर्चा उपाधि जित्ने सुन्दरीको भन्दा बढी भएको छ। २१ वर्षीया ओल्गा सिस्किनाले बाल्यकालमै अविभावक गुमाइन्। युक्रेन रूसबाट अलग्गिएपछि अर्को पक्षले अर्को अलग राज्यको माग गरेपछि ओल्गा त्यसमा सहभागी भइन् जसलाई पुटिन सरकारले समर्थन गरेको थियो। लडाईंमा उनी लुकेर टाढा-टाढाका शत्रुलाई गोली हान्ने स्नाइपरको काम गर्थिन्। उनी लुकेर विरोधीहरूलाई ४ हजार फिट टाढाबाट पनि मार्न सक्थिन्, जसका कारण स्वतन्त्रताका लडाकुहरूमध्ये सर्वाधिक खतरनाक उनैलाई मानिथ्यो। ओल्गा भन्छिन्- मैले कहिल्यै निहत्था वा सर्वसाधारणको हत्या गरिन्। म टेलिस्कोपबाट विरोधीहरूविरुद्ध निशाना साँध्थे र मैले आफ्नो कर्तव्य अनुसार गोली हान्नै पर्थ्यो।

पिपुल रिपब्लिक अफ डोनेक्स समूहसंग आबद्ध ओल्गाको युद्ध क्षेत्र डोनेक्स नै हो। त्यहाँभएको लेडी अफ द रिपब्लिक सौन्दर्य प्रतियोगितामा सहभागि हुने क्रममा उनले 'लेडी ट्रान्सफर्मेसन' को उपाधि प्राप्त गरिन्। उपाधि पाएपछि उनलाई सैनिकको पेसाभन्दा अलग दुनियाँ पनि छ भन्ने लाग्यो। अब उनको योजना आफ्नो सहरमा एउटा कफी सप खोल्ने र विवाह गर्ने छ।




# भूतसँग पारपाचुके

मानिसले भूतसँग विवाह गरेको कुरा त पत्याइँदैन भने विवाह गरेको भूतसँगै पारपाचुके गरेको घटना त अझ अपत्यारिलो हुन्छ। चर्चित चलचित्र ज्याक स्प्यारोमा अभिनय गरेकी एमाण्डा स्प्यारो लार्जले हालै ३ सय बर्ष पुरानो भूतसँग भएको आफ्नो विवाह पारपाचुकेमा टुंगिएको घोषणा गरेकी छिन्।

ज्याक नामक भूतको आत्मासँग ४६ वर्षीया एमाण्डाले गत जनवरी महिनामा विवाह गरेकी थिइन्। उनीहरूको विवाह आयरल्याण्डको समुन्द्रमा डुङ्गा सयर गर्दै भएको थियो। लार्जले आफ्ना सहयोगीहरूका साथ भएको उक्त विवाहलाई कानुनी मान्यता दिनुपर्छ भनिने आवाजसमेत उठाएकी थिइन्। १८ औं शताब्दीको भूतसँग विवाह गरेपछि एमाण्डाले भूतसँगको सुहागरात कुनै जीवित पुरुषसँगको शारीरिक सम्बन्ध जतिकै आनन्ददायक भएको समेत बताएकी थिइन्। उनले भूतको आत्माले आफ्नो हात छोएको, अनुहारमा समाएको र केश सुमसुम्याएको सबै अनुभव हुने दाबी गरेकी थिइन्।

एमाण्डा हाइटियन समुन्द्री डाँकुको आत्मासंग सन् २०१४ देखि सम्पर्कमा थिइन्। सम्पर्कमा आएदेखि नै एमाण्डाले आत्माका बारेमा बुझ्न थालिन्। एमाण्डा भन्छिन्, जति बुझ्दै गएँ उति नै उसलाई मन पराउँदै पनि गएँ। सन् २०१५ मा उनले उक्त आत्माको नामसँग जोड्दै आफ्नो नाम कानुनी रूपमै एमाण्डा स्प्यारो लार्ज बनाएकी थिइन्।



# पिरामिडमा पनि अश्लील क्रियाकलाप

व्यक्तिगत रोमाञ्चकताका लागि धेरै जोडीले विभिन्न मुलुकका ऐतिहासिक धरोहरमा अश्लील क्रियाकलाप गरेका तस्बिर सामाजिक संजालमा अपलोड गर्ने चलन बढिरहेको छ। केही महिनाअघि ब्रिटिस युवायुवतीहरूको आकर्षण ग्रिसको समुद्री तट रोडिसस्थित सेन्ट पाउल चर्च थियो। उक्त चर्चमा गएर विवाह गरेपछि चर्च बाहिर अश्लील क्रियाकलाप झल्कने तस्बिर खिचेर सामाजिक सञ्जालमा अपलोड गर्ने दम्पतीको संख्या लगातार बढिरहेको थियो। इन्डोनेसियाको बालीमा पनि पश्चिमा पर्यटकहरू अश्लीलता झल्किने तस्बिर खिचाएर चर्चा कमाउने होडमा हुन्थे। अहिले ती दुवै क्षेत्रमा सरकारले अश्लील गतिविधि गर्न प्रतिबन्ध लगाएको छ।

यस्तै किसिमको अर्को घटना हालै इजिप्टको मुख्य पिरामिडको माथिल्लो भागमा घटेको छ। डेनिस फोटोग्राफर एन्ड्रियास हिभिडले आफ्नी प्रेमिकालाई पिरामिडको माथिल्लो भागमा लगेर निर्वस्त्र भएर अश्लील गतिविधि गरेको तस्बिर सार्वजनिक गरे। साँझको समयमा भएको उक्त गतिविधिसम्बन्धी उनले बनाएको भिडियो युट्युबमार्फत् सार्वजनिक भयो। यो घटना पछि ईजिप्टले पिरामिडमा बिदेशी पर्यटकहरूको आवागमनसम्बन्धी नयाँ नियम बनाउने भएको छ। उता फोटोग्राफर एण्ड्रियासले सधैं नयाँ किसिमको तस्बिर खिच्न चाहने भएका कारण आफूले उक्त तस्बिर खिचेको बताएका छन्।






# सेल्फ मेड म्यान

एकराज

६ दिनसम्म साढे ४ सयदेखि ५ सय किलोमिटरसम्मको दूरीमा प्रतिदिन बाइक चलाउनुपर्ने, त्यो पनि अफरोडमा । औसत गति ७५ देखि ९० किलोमिटर प्रतिघण्टा । यति स्पिड नभए प्रतियोगिताबाटै बाहिरिनुपर्ने । तापक्रम माइनस २० देखि माइनस २५ डिग्री सेल्सियस सम्म, १५ हजार फिट सम्मको उचाइ । सामान्य मानिस त लेक लागेरै मर्ने सम्भावना हुन्छ ।

सन्दर्भ भारतमा सम्पन्न रेड डी हिमालयको २० औं संस्करणको हो । गएको अक्टोबर ८ देखि १४ सम्म रेड डी हिमालयको २० औं संस्करण सम्पन्न भएको थियो । उक्त मोटर स्पोर्ट इभेन्टमा नेपालबाट दीपक साह सहभागी थिए । रोयल इन्फिल्ड विधामा सहभागी साहले रोयल इन्फिल्ड हिमालयन मोटरसाइकलमार्फत अन्य प्रतियोगीलाई पछि पार्दै आफूलाई पहिलो नम्बरमा उभ्याउन सफल भए ।

हिमालयन मोटर स्पोर्ट एसोसिएसनले आयोजना गर्ने उक्त रेसका लागि दीपकले विगत चार वर्षदेखि तयारी गरेका थिए । गत वर्ष उनले पहिलो पटक उक्त प्रतियोगितामा भाग लिएका थिए । साहले राम्रै पर्फमेन्स देखाइरहेका थिए, तर दोस्रो दिन बाइकबाट लड्दा उनको खुट्टा भाँचियो । त्यतिबेला उनलाई हेलिकप्टरले उद्धार गरेको थियो । उद्धारपछि उनी मनाली– दिल्ली हुँदै नेपाल फर्किए ।

सामान्यतः रेस सिमला वा मनालीबाट प्रारम्भ हुन्छ, तर यसपटक लेह लद्दाखबाट प्रारम्भ भएको थियो । ३ हजार ८ सय मिटर उचाइमा हुने रेसका लागि दीपक तयार पनि थिए । ८ तारिखमा रेसका लागि सबै जाँच प्रारम्भ भयो । सबै बाइक र गियर जाँच गरियो । आवश्यक डकुमेन्ट तथा शारीरिक अवस्था जाँच गरियो ।

अर्को दिन सेरेमोनियल फ्ल्याग अफ गरियो । सबै योजनाका बारेमा आवश्यक जानकारी दिइयो । बाइकरहरू लेहबाट कारगिलका लागि प्रस्थान गरे । कारगिलबाट सांखुदरास, फेरि कारगिल । अर्को दिन कारगिलबाट जन्स्कर भ्याली । यसैगरी विभिन्न रुटमा बाइक गुडाउनुपर्थ्यो । यो प्रतिस्पर्धामा विभिन्न सेगमेन्टका २ सय ४० जना प्रतिस्पर्धी थिए ।

दीपक भन्छन्, ‘जे भए पनि यसपटक रेस पुरा गर्छु भन्ने मनमा थियो । जित्छु नै भन्ने थिएन, तर पनि जित हार जे भए पनि रेस कम्प्लिट गर्छु । यसका लागि सडकमा लड्नु हुँदैन भन्नेमा सचेत थिए । प्रत्येक दिन त्यसैमा मेरो ध्यान थियो ।’

पहिलो दिन उनले दोस्रो हुने भन्दा १४ मिनेट अगाडि रेस पूरा गरे । प्रतियोगिताका लागि ‘सेकेन्ड’ समय अन्तरले धेरै फरक पार्छ, तर उनी त १४ मिनेट अगाडि थिए । यसले उनमा हिम्मत बढ्यो । दीपकले भने, ‘सामान्य अवस्थामा होसियारीका साथ चलाउँदा यति धेरै फरक पाए । त्यसपछि मैले रेसको सेक्रेट थाहा पाए । अब जित्न पनि सक्छु भन्ने लाग्यो ।’

अन्त्यमा उनी विजयी भए । पुरस्कार वितरणको समयमा उनले आफ्नो खल्तीबाट नेपालको झन्डा झिकेर फहराएका थिए । ‘नेपाल ह्याज स्टार्टेड मोटर स्पोर्ट र्‍यालिङ’ भनेर अन्तर्राष्ट्रिय मिडियाहरूका उनका बारेमा समाचारसमेत आए ।

विश्वको सर्वाधिक उचाइमा हुने एउटा रेसमा भाग लिएर विजयी भएकोमा दीपक निकै खुसी छन् । यस्तो रेसिङमा भाग लिन सामान्यतः ८ देखि १० लाख रुपैयाँ खर्च लाग्छ । रुट म्याप तथा जीपीएस मेसिन चाहिन्छ । बाइकमा विभिन्न डिभाइस राख्नुपर्छ । शरीरमा तलदेखि माथिसम्म ज्याकेट, जुत्ता आदि सेफ्टी गियर चाहिन्छ । चिसो मौसम भएकाले वेदर र इम्प्याक्ट सर्भाइभका लागि आवश्यक तयारी गर्नुपर्छ । यी सबै व्यवस्था दीपकले व्यक्तिगत रुपमै गरेका थिए ।

अन्य राइडरका बुट, बाइक, प्यान्ट, पञ्जा आदि सबैका फरक-फरक प्रायोजक हुन्छन्, तर दीपकका प्रायोजक कोही थिएनन्, तर पनि उनको गियर र बाइकको स्टाइल देखेर धेरैले सोध्थे, ‘तपाईंको प्रायोजक को हो ?’ दीपकको उत्तर हुन्थ्यो, ‘सरी, मेरा कोही प्रायोजक छैनन् । आई एम सेल्फ मेड म्यान, आइ एम हियर टु रेज माई कन्ट्रिज फ्ल्याग ।’

रेड डी हिमालयको वेबसाइट खोलेर हेर्दा माथि नै ‘स्ट्याब्लिस्ड १९९९, मेकिङ ग्रोउन मेन क्राई एभर सिन्स’ लेखिएको पाइन्छ । त्यसपछि यसलाई ‘इन्डियाज टफेस्ट र्‍याली’ भनिएको छ । यसको अर्थ सन् १९९९ मा स्थापना भएको रेड डी हिमालय भारतकै एउटा कठिन र्‍याली हो । सन् १९९९ मा स्थापना भएपश्चात् नै यसले ठूलाबडा मानिसहरूलाई रुवाइरहेको छ । यो विश्वकै सर्वाधिक उच्च स्थानमा हुने मोटर स्पोर्ट प्रतिस्पर्धा हो ।

कक्षा १० सम्म जनकपुरमा अध्ययन गरेका साहले त्यसपछि एमबीएसम्मको अध्ययन भारतको पुणेमा गरेका थिए । उनले त्यहाँको बैंक अफ न्युयोर्कमा चार वर्ष काम गरे । नेपालमै केही गर्नुपर्छ भन्ने उद्देश्यका साथ सन् २०१२ मा उनी नेपाली फर्किएका थिए । हाल उनी पार्केटिङसम्बन्धी व्यवसाय गरिरहेका छन् । साहको व्यवसायमा ४५ जना कर्मचारी छन् ।

सन् १९८० को दशकमा उनका बुवा बुलेट बाइक चलाउँथे । त्यही बाइक हेरेर उनमा रोयल इन्फिल्ड अर्थात् बुलेट बाइकप्रति आकर्षण बढेको हो । भारतमा अध्ययन गर्दा नै ‘साथीभाइले म रेस कम्प्लिट गरेर आएको हुँ’ भन्थे । लद्दाख घुम्न जाँदा उनले त्यस्तो कठिन सडकमा रेस पनि हुन्छ भन्ने जानकारी पाएका थिए । त्यो अवस्थामा उनका साथीहरू भन्थे, ‘यार तुम रेडमे क्यु नही जाता ?’ यहींबाट नै उनमा रेड डी हिमालयप्रति कौतूहलता प्रारम्भ भएको थियो । त्यसपछि उनले रेडका बारेमा जान्ने प्रयास गर्न थाले, वेबसाइट अध्ययन गरे । त्यसैको परिणाम नेपाल आएर अभ्यास गर्दै जाँदा विजेता बन्ने अवसर पाए ।

बाइकरहरूका लागि नेपालका रमणीय स्थल मुक्तिनाथ, उपल्लो मुस्ताङ, मनाङ आदि स्वर्ग नै हुन् । यो तथ्य बुझेका दीपक २०१० मा पहिलो पटक मुक्तिनाथ जाँदा बाइकमै गएका थिए । बाटो अहिलेको जस्तो सहज थिएन । भर्खरै ट्र्याक खुलेको थियो । साह भन्छन्, ‘अपर मुस्ताङ पनि बाइकमै गएको थिएँ । मैले रेकी गरेर आए पछि बल्ल अरू गएका थिए ।’ नेपालका त्यस्ता धेरै कठिन सडकमा बाइक चलाएर आफू नै पहिले पुगेको उनको दाबी छ । उनको मुक्ति राइड नामक क्लब पनि छ । दीपक सोही क्लबमार्फत नै भारतको बैंगलोर, गोवा, मुम्बई, पुना आदि स्थानबाट आएका साथीहरूसँग नेपालका विभिन्न स्थान घुम्न जान्छन् ।

साह भन्छन्, ‘सामान्य मानिस र राइडरमा हुने फरक भनेको फिटनेस हो । फिटनेस कायम गर्न हामी धेरै कार्य गरिरहेका हुन्छौं ।’ रेसमै भाग लिन उनले गत वर्ष आफ्नो तौल ८४ किलोबाट घटाएर ७२ किलो बनाए ।

दीपक हाल ३४ वर्ष पुगे, तर बाइक कहिलेदेखि चढ्न थाले भन्ने सम्झना छैन । दीपक भन्छन्, ‘७ कक्षामा पहिलो पटक बाइकबाट लडेको याद छ ।’ उनी घुम्नकै लागि करिब सात-आठ पटक लद्दाख पुगेका छन्, सधैं बाइकमा । मुस्ताङ-मनाङ पनि बाइकमै पुगेका छन् । धेरै पटक । कतिपटक भन्नेचाहिँ सम्झना छैन ।

अफ्रिका, स्पेन, अर्जेन्टिना, बोलिभिया आदि देशमा पनि र्‍याली हुन्छन् । आगामी दिनमा ती देशमा हुने र्‍यालीमा सहभागी हुने उनको योजना छ । त्यसैगरी नेपालमा पनि रेड डी हिमालयजस्तै मोटर स्पोर्टको विकास गर्ने उनको सपना छ । मनाङ र मुस्ताङलाई केन्द्रित गरी मोटर स्पोर्ट विकास गर्ने हो भने नेपालमा पर्यटकहरूको भीड जम्मा हुने उनले बताए । यसका लागि कुनै पूर्वाधारको आवश्यकता पर्दैन । दीपक भन्छन्, ‘हामी रेड डी हिमालयलाई नै बिर्साउने गरी मोटर स्पोर्ट विकास गर्न सक्छौं ।’ यसका लागि आफूले निरन्तर पहल गरिरहने उनले बताए ।



एडभेन्चर

# फैलँदै प्याराग्लाइडिङ



अनिल श्रेष्ठ

आकाशमा चराजस्तै उड्दा कस्तो अनुभूति हुन्छ ? प्याराग्लाइडिङ गर्नेहरूले त्यसको अनुभव गर्न सक्छन् । नेपालका विभिन्न ठाउँमा सञ्चालन भैरहेको प्याराग्लाइडिङले स्वदेशी तथा विदेशी पर्यटकहरूलाई लोभ्याइरहेको छ । प्याराग्लाइडिङका लागि विश्वका पाँच उत्कृष्ट स्थानमध्ये एक हो– पोखराको सराङकोट क्षेत्र । यतिबेला नेपालका पोखरा, भेडेटार, तनहुँ, काठमाडौं, पाँचथर, पाल्पा, उदयपुर आदि स्थानमा यो साहसिक खेलको सञ्चालन तथा परीक्षण उडान भैसकेको छ ।

काठमाडौंमा गोदावरी तथा शंकरापुर आदि ठाउँमा यो सुविधा उपलब्ध छ । काठमाडौंमा प्याराग्लाइडिङको आनन्द लिन चाहने स्वदेशीले ८ हजार रुपैयाँ तिरे पुग्छ । त्यसमा तस्बिर, भिडियो तथा यातायातको सुविधा प्रदान गरिन्छ । त्यस्तै विदेशी पर्यटकले ११ हजार ३ सय रुपैयाँ खर्चनुपर्छ । बर्खामा फ्लाइटमा असर परे पनि अरू बेला हरेक दिन फ्लाइट हुने काठमाडौं प्याराग्लाइडिङका नीरज पन्त बताउँछन् ।

प्याराग्लाइडिङ जति रोमाञ्चक छ, त्यति नै जोखिमपूर्ण पनि छ । यसमा केही दुर्घटना नभएका होइनन् । त्यसैले होला कतिपयले प्याराग्लाइडिङ गर्ने आँट जुटाउन सक्दैनन् । नेपालमा प्याराग्लाइडिङको बढ्दो आकर्षणकै कारण स्याङ्जाको स्वरेक तथा तनहुँको बन्दिपुरमा स्कुल नै स्थापना गरी पाइलट कोर्स गराउन थालिएको छ । प्याराग्लाइडिङका लागी सबैभन्दा चर्चित ठाउँ पोखरा नै हो । नागरिक उड्डयन प्राधिकरणको तथ्यांकअनुसार नेपालमा हालसम्म ६२ वाट प्याराग्लाइडिङ कम्पनीले स्वीकृति लिएका छन् । एउटा कम्पनीले ६ वटा पाइलट राख्न पाउने प्रावधान भए पनि नेपालमा प्याराग्लाडिङ पाइलटको कमी छ । व्यवसायिक रूपमा २ सय ५० जनाले प्याराग्लाडिङ पाइलटको लाइसेन्स लिएका छन् भने एकल उडान गर्ने थप १ सय ५० पाइलट छन् । व्यवसायिक पाइलटमध्ये १० जना महिला छन् । उपत्यकाबाहिर पोखरा तथा पूर्वी क्षेत्रमा प्याराग्लाइडिङको बजार फैलँदै गएको छ ।

**पूर्वको आकाशमा प्याराग्लाइडिङ**

साहसिक पर्यटनका रूपमा लिइने मनोरञ्जक खेल प्याराग्लाइडिङ पूर्वी नेपालमा समेत सञ्चालनमा आएपछि आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्दै गएको छ । कम लगानीमा बढी लाभ लिन सकिने भएकाले प्याराग्लाइडिङप्रति व्यवसायिक आकर्षणसमेत बढ्दो छ । पोखराबाट सुरु भएको प्याराग्लाइडिङ सेवा हाल धरानमा समेत सञ्चालनमा आएपछि पर्यटकको संख्यामा वृद्धि भएको व्यवसायीहरू बताउँछन् ।

धनकुटा र सुनसरी जिल्लाको बीचमा पर्ने भेडेटार आन्तरिक पर्यटकका लागि आकर्षक गन्तव्य मानिन्छ । प्याराग्लाइडिङबाट धरानका सुन्दर दृश्यको अवलोकन गर्दै आकाशमा उड्नुको मज्जा बेग्लै छ । यो सेवा भित्रिएपछि नेपालका आन्तरिक पर्यटक तथा भारतको बिहारसमेतबाट आउने पर्यटकहरूका लागि यो क्षेत्र पहिलो रोजाइ बन्न थालेको छ । धरानस्थित धरान स्काई एडभेन्चर कम्पनीले विगत तीन वर्षदेखि प्याराग्लाइडिङ सेवा उपलब्ध गराउँदै आएको छ ।

कम्पनीले भारतबाट २ जना दक्ष पाइलट झिकाएर मौसमको अवस्था हेरी दैनिक ६ वटासम्म उडान भर्दै आएको कम्पनीका प्रमुख रोशन अधिकारीले बताए । हाल भेडेटारभन्दा करिब २ सय मिटर तलको छोटीमोरङबाट धरानको विजयपुरसम्म उडान भर्ने गरिएको छ । एउटा प्याराग्लाइडिङमा एकपटकमा पाइलटसहित दुई जनाले उडान भर्ने गरेका छन् । प्याराग्लाइडिङ ९९ प्रतिशत सुरक्षित रहेको र कम्पनीले उडान भर्ने सबैको जीवन बिमासमेत गर्ने अधिकारीले बताए ।

पूर्वमा सबैभन्दा पहिले धरानमै प्याराग्लाइडिङको परीक्षण उडान भएको हो । उडान गर्ने पाइलट हुन्– तारामणि राई । राईले पोखरामा प्याराग्लाइडिङको प्रशिक्षण लिएपछि १० वर्षअघि अर्थात् सन् २००८ मा पहिलो पटक भेडेटार नजिकैको स्कुल डाँडा (देवीथान) बाट परीक्षण उडान भरेका थिए । उनले स्कुल डाँडा पछि धरान वरीपरिका अन्य उपयुक्त डाँडाहरू चहार्दै नियमित रूपमा परीक्षण उडान गर्दै आएका थिए । प्याराग्लाइडिङको भविष्य देखेर आफ्नै ठाउँमा केही गर्ने सोचले उनी धरान आएर परीक्षण उडानमा सक्रिय भएका थिए । त्यसपछि रोशन अधिकारीले धरान स्काई एडभेन्चर स्थापना गरेर यसलाई व्यवसायिक रूप दिए । स्काई एड्भेन्चरले २०७२ सालको असोज २२ गतेदेखि व्यवसायिक रूपमा प्याराग्लाइडिङको व्यवसायिक उडान सञ्चालन गर्दै आएको छ ।

**पाँचथरमा परीक्षण उडान**

पाँचथरको फिदिम नगरपालिकामा पहिलो पटक प्याराग्लाइडिङको परीक्षण उडान गरिएको छ । केही महिनाअघि फिदिम नगरपालिका–३ तथा ५ को संगम स्थल लब्रेकुटीबाट सफल परीक्षण उडान गरिएको हो । रमिते डाँडाबाट परीक्षण उडान गरिएको प्याराग्लाइडिङ फिदिम–१ स्थित फिदिम माविको खेल मैदानमा अवतरण भएको थियो । दिउँसो करिब ४ बजे गरिएको परीक्षण उडानका क्रममा प्याराग्लाइडिङ आकाशमा १७ मिनेटजति कावा खाएको थियो । फिदिमका युवाहरूको अग्रसरतामा भएको उक्त प्याराग्लाइडिङ परीक्षण उडानमा सिक्किमका प्याराग्लाइडिङ पाइलट केशव अधिकारी संलग्न थिए ।



# प्याराग्लाइडिङको रौनक

राजाराम पौडेल

साहसिक खेल प्याराग्लाइडिङ नेपाल भित्रिएको २० वर्षभन्दा बढी भयो । नर्वेको एक समूहले सन् १९९५ मा पोखरामा प्याराग्लाइडिङसम्बन्धी कार्यशाला सञ्चालन गरेको थियो । उक्त कार्यशालामा पोखराका पर्यटन व्यवसायीहरू सहभागी थिए । तीमध्येका एक थिए– बिरु बमजन तामाङ । कार्यशालामा प्याराग्लाइडिङसम्बन्धी जानकारी पाएपछि बमजनले पोखरामा प्याराग्लाइडिङको राम्रो सम्भावना देखे अनि नेपालमा प्याराग्लाइडिङ भित्र्याउन कस्सिए ।

तामाङले सन् १९९५ मा नेपालमै पहिलो पटक प्याराग्लाइडिङ उडान गरी प्याराग्लाइडिङको आकर्षण बढाउने काम गरे । त्यतिबेला कास्की जिल्लाको घार्मीमाथिको ढिकिडाँडाबाट प्याराग्लाइडिङ उडान सुरु गरिएको थियो । त्यसको केही समयपछि सराङकोटबाट उडान भर्न थालिएको हो । त्यतिबेला विदेशीलाई पोखरा ल्याउने र एकल उडान भर्न लगाउने चलन थियो । यद्यपि यसलाई व्यवसायिक रुपमा अघि बढाउन समय लाग्यो । सन् २००० मा पोखरामा पहिलो पटक सनराइज प्याराग्लाइडिङ कम्पनी दर्ता भयो । ५ वटा प्याराग्लाइडरबाट स्थापित उक्त कम्पनीले सोही वर्षदेखि व्यवसायिक उडान भर्न थालेको हो ।

त्यतिबेला प्याराग्लाइडिङमा विदेशी मात्र उड्थे । नेपालीहरू भने प्याराग्लाइडिङ देखेरै डराउँथे । बिस्तारै प्याराग्लाइडिङतर्फको आकर्षण बढ्न थाल्यो । नारायण पराजुलीले ब्ल्यू स्काई नामक प्याराग्लाइडिङ कम्पनी सञ्चालनमा ल्याए । बिस्तारै अन्य कम्पनी स्थापित हुँदै गए । बिरु बमजनले प्याराग्लाइडिङ सुरुवात गर्ने काम गरे पनि उनले आकाशमा उड्ने साहस भने गरेनन् । यसैक्रममा उनले छोरा राजेश बमजन तामाङलाई सन् १९९७ मा आकाशमा उड्न हौस्याए । त्यतिबेला राजेश १८ वर्षका थिए । बुबाकै प्रेरणा एवं हौसलाले राजेश उडान गर्न तयार भए । सराङकोटबाट उडान गरेका राजेशले पहिलो दिनमै ५ घण्टा ४५ मिनेट उडान गरी पहिलो सोलो नेपाली प्याराग्लाडिङ पाइलटको कीर्तिमान कायम गरे । राजेश हाल आफ्ना बुबाले सुरु गरेको प्याराग्लाडिङ व्यवसायलाई निरन्तरता दिइरहेका छन् ।

अहिले सराङकोटबाट उडान भर्न २० वटा कम्पनीले इजाजत पाएका छन् । बाँकी कम्पनिले तोरीपानी पुगेर उडान भर्छन् । अहिले यसमा नेपाली युवायुवतीहरूको समेत आकर्षण बढ्दै गएको छ । विदेशी पर्यटकको हकमा चिनियाँ पर्यटकको आकर्षण बढी पाइन्छ । नेपालीहरूमध्ये १८ वर्षदेखि ४० वर्षसम्मका युवा बढी मात्रामा यसतर्फ आकर्षित छन् । विदेशी पर्यटकको हकमा भने उमेर बढी भएकाहरूको आकर्षण समेत देखिन्छ । प्याराग्लाइडिङका लागि १५ देखि ३० मिनेटको ५ हजार रुपैयाँ, ३५ देखि ६० मिनेटको ८ हजार रुपैयाँ तथा फोटो र भिडियो डिभिडिको १ हजार ५ सय रुपैयाँ शुल्क तिर्नुपर्छ ।

सराङकोट र तोरीपानीबाट उडान गरी फेवाताल किनार खपौदीमा अवतरण गरिन्छ । फ्लाइटका लागि बिहान १० बजे, ११.३० बजे तथा दिउँसो १.३० बजेको समय तोकिएको छ ।

केही समयअघिसम्म राज्यले प्याराग्लाइडिङलाई खेल मान्दैनथ्यो । यसलाई व्यवसायका रुपमा मात्र लिइन्थ्यो । १८ औं एसियाली खेलकुदमा पहिलोपटक यसलाई समावेश गरिएपछि बल्ल यसले नेपालमा खेलको मान्यता पायो । यसरी खेलको मान्यता पाएपछि उत्साहित प्याराग्लाइडिङ खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गर्दै एसियाली खेलकुदको क्रस कन्ट्री इभेन्टमा रजत पदक जित्दै देशको इज्जत राखे । त्यसैले पनि अहिले यो खेलको चर्चा ह्वात्तै बढेको छ ।

मोबाइल मेनिया

# सोसल मिडियाबाट यसरी कमाउन सकिन्छ पैसा



नरेन्द्र रौले

केही अनुसन्धानले बताए अनुसार हरेक व्यक्तिले एक दिनमा कम्तीमा दुई घण्टा सोसल मिडियामा बिताउँछन्। अझ सोसल मिडियाका एडिक्टहरूले त त्योभन्दा बढी नै समय मोबाइलमा बिताउँछन्। गेम खेल्न, च्याट गर्न, कल गर्न मात्र होइन सोसल मिडियाबाट मनग्गे पैसा समेत आम्दानी गर्न सकिन्छ। त्यसका लागि मात्र तपाईं यसलाई कसरी प्रयोग गर्नुहुन्छ भन्ने कुरामा भर पर्छ।

### इन्स्टाग्राम

इन्स्टाग्राम युवा-युवतीबीच लोकप्रिय छ। विशेषगरी फोटो पोस्टका लागि चर्चित यो एपमा विभिन्न स्वदेशी तथा कम्पनीले विज्ञापन दिँदै आएका छन्। तपाईंको आफ्नै नाममा खोलिएको इन्स्टाग्राम एकाउन्ट होस्, वा कुनै क्षेत्रलाई लक्षित गर्दै खोलिएको एकाउन्ट होस्, राम्रोसँग चलाउन सकियो भने यसबाट पैसा आर्जन गर्न सकिन्छ। सेलिब्रिटीहरूले यसमा आफ्नो पोस्ट संख्या अनुसार पैसा लिने गरेका छन्। आफूले पोस्ट गरेको फोटोले अत्यधिक लाइक्स बटुल्छ भने स्वयं विज्ञापनदाताहरूले तपाईंसँग सम्पर्क गर्न सक्छन् वा आफैं पनि विज्ञापनदातासँग सम्पर्क गर्न सकिन्छ। पहिले-पहिले फोटो मात्र अपलोड गर्न मिल्ने इन्स्टाग्राममा अचेल भिडियो समेत अपलोड गर्न सकिन्छ। काठमाडौंका विवेक लामिछानेले इन्स्टाग्राममा पढ्न्ते एकाउन्ट खोलेका धेरै भएको छैन। लामिछाने उक्त एकाउन्टमार्फत नयाँ-नयाँ पुस्तकको व्यापार गर्छन्। काठमाडौं उपत्यकाभित्र निःशुल्क पुस्तक डेलिभरी दिँदै आएका विवेकले इन्स्टाग्राममार्फत गरेको पुस्तक व्यापारले राम्रो बजार लिइरहेको छ।

### फेसबुक

यदि तपाईं फेसबुकबाट पैसा कमाउन चाहनुहुन्छ भने तपाईंसँग धेरै लाइक्स भएको पेज हुन जरुरी छ। यदि आफ्नो एकाउन्टमा नै धेरै लाइक्स आउँछ, रिच धेरै नै छ भने त्यसबाट पनि पैसा कमाउन सकिन्छ। कति कमाई हुन्छ भन्ने कुरा पेजको लाइक्सका आधारमा हुन्छ। विभिन्न ब्रान्डले फेसबुकमार्फत विज्ञापन गरिरहेका हुन्छन्। पेजहरूले लाइक्स, कमेन्ट तथा सेयरिङका आधारमा पैसा लिने गरेका छन्।

#### नेपालमा कसका प्रयोगकर्ताहरु कति ?

| | |
|---|---|
| फेसबुक | २ करोड ९६ लाख ५४ हजार |
| इन्स्टाग्राम | १२ लाख |
| ट्वीटर | २३ लाख |
| युट्युब | ३८ लाख |
| पिन्ड्रेस्ट | ५ लाख |
| लिंकइन | ५ लाख ४० हजार |

*(सन् २०१८ मा द सोसल मिडिया टुडेले गरेको अनुसन्धानमा आधारित)*

नेपाली व्यवसायीहरूले पनि फेसबुकका लागि पनि पैसा छुट्याउने गरेका छन्। केही सेलिब्रिटीले पोस्ट अनुसार पैसा लिने गरेका छन्। तपाईंले कुन क्षेत्रमा व्यापार गर्ने निर्णय गर्नुभएको छ ? खानपान, मनोरन्जन, विज्ञान तथा प्रविधि जुन क्षेत्रलाई लक्ष्य राखिएको त्यही क्षेत्रका विषयवस्तु राखेर पेज चलाउने तथा क्रमशः लाइक्स बढाउने। अब त्यही आधारमा आफ्नो व्यापार बढाउन सकिन्छ।

### युट्युब

युट्युबका प्रयोगकर्ताको संख्या नेपालमा पनि दिनानुदिन बढ्दै गएको गएको छ। रेडियो, टेलिभिजन, पत्रपत्रिका भन्दा युट्युब हेर्नेहरूको संख्या तीव्र गतिमा बढ्दै गएको पाइन्छ। रेडियो, टेलिभिजनमा प्रसारण भएका कार्यक्रम एक पटक हेरेपछि दोहोऱ्याएर सुन्न- हेर्न मिल्दैन तर युट्युबमा भने जुनसुकै बेला पनि हेर्न वा सुन्न, फरवार्ड वा ब्याक गर्न, सेभ गर्न, साथीहरूलाई पठाउन सकिन्छ। यही सहजताका कारण पनि यसका प्रयोगकर्ता बढ्दै गएका हुन्। यदि युट्युबमा तपाईंको एकाउन्ट छ भने यसमार्फत पैसा समेत आर्जन गर्न सकिन्छ। त्यसका लागि तपाईंको च्यानल मोनिटाइज हुन जरुरी छ। सन् २०१८ पछि युट्युबले केही नियम परिवर्तन गरेको छ। तपाईंले नयाँ जिमेल एकाउन्टमार्फत कुनै च्यानल खोलेपछि सुरुमा कम्तीमा १ हजार सब्सक्राइब र भिडियोहरू चार घण्टा हेरिएपछि मात्र च्यानल मोनिटाइज हुन्छ। त्यसपछि मात्र भ्युजका आधारमा कमाई सुरु हुन्छ। आफूले अपलोड गरेका भिडियो बाहेक कुनै कम्पनीका प्रमोसनल भिडियो बनाएर पनि कमाई गर्न सकिन्छ। त्यसका लागि सुरुमा आफ्नो च्यानलको पहिचान बलियो बनाउन जरुरी छ। कुन क्षेत्रमा काम गर्ने हो ? खेलकुद, खानपान, मनोरन्जन, विज्ञान तथा प्रविधि ? स्पष्ट भएर काम गर्नु अझ प्रभावकारी हुन्छ।

### टिकटक

टिकटक एपको प्रयोगबाट पनि मानिसहरूले पैसा आर्जन गर्न सक्छन्। यदि तपाईंमा कुनै कला, प्रतिभा छ भने भिडियो बनाएर टिकटकमा राख्न सकिन्छ। चाहे क्यारिकेचर गर्नुहोस् वा डान्स, १५ सेकेन्डको भिडियो बनाएर टिकटकमा अपलोड गर्न सकिन्छ। तपाईंले तयार पारेका भिडियोको लोकप्रियताका आधारमा विभिन्न कम्पनी तथा चलचित्र निर्माताहरूले निश्चित बजेट दिएर आफ्नो कामको प्रचार-प्रसार गर्न सक्छन्।


### ट्वीटर

ट्वीटर नेपालमा त्यति कमर्सियल भैसकेको छैन। ट्वीटर फेसबुक जति लोकप्रिय पनि छैन। यसमा कुनै कम्पनी वा ब्रान्डको आधिकारिक ट्वीटर एकाउन्ट म्यानेज गरेर काम गर्न सकिन्छ। सोसल मिडिया म्यानेजरका रूपमा विभिन्न कम्पनी, संघ-संस्थाहरूमा काम गर्न सकिन्छ।

### त्यसबाहेक यसरी पनि कमाउन सकिन्छ :

यदि तपाईं फोटोग्राफीमा रुचि राख्नुहुन्छ र राम्रा-राम्रा तस्बिर खिच्नुभएको छ भने त्यसैलाई बेचेर पनि आम्दानी गर्न सकिन्छ। तस्बिर डिएसएलआर क्यामेरा वा कुनै महँगै क्यामेराले खिचेको हुनुपर्छ भन्ने छैन। यदि फोटोग्राफी कला छ भने मोबाइलले खिचेकै तस्बिर पनि बिक्री गर्न सकिन्छ। मोबाइलमा VSCO एप डाउलोड गर्नुभयो र यसबाट फोटो खिच्नुभयो भने राम्रो खालका तस्बिर लिन सकिन्छ। यसरी खिचिएका तस्बिरलाई फ्लीकरमा अपलोड गर्न सकिन्छ। त्यस्तै स्न्यापवायर, मोबाइलप्रिन्ट्स तथा Twenty20 मा आफ्नो पोर्टफोलियो क्रिएट गरेर खिचिएका तस्बिर अपलोड गर्ने हो भने इच्छुकहरूले खरिद गर्न सक्छन्। यद्यपि त्यसका लागि समय, शक्ति खर्चिनुपर्ने हुन्छ। आफूमा लेख्ने कला छ भने सोसल मिडिया कन्टेन्ट राइटरका रूपमा समेत काम गर्न सकिन्छ।

त्यस्तै टम्बलर र इन्स्टाग्राममा आफूले कोरेका आर्टहरू पोस्ट गर्न सकिन्छ। यदि तपाईंका आर्ट भाइरल भए, आम मानिसहरूमाझ पुगे भने बिग कार्टेल र Etsy मार्फत बिक्री गर्न सकिन्छ। यदि तपाईंमा बोल्ने कला छ भने साउन्ड क्लाउडमा गएर आफ्नो अडियो अपलोड गर्न सकिन्छ। म्युजिक कम्पोज गर्ने कला छ भने साउन्ड क्लाउडमा अपलोड गर्नुहोस्। यसमा विभिन्न कम्पनीका लागि अडियो विज्ञापन उत्पादन गर्न सकिन्छ।



# फोनमा के गर्छन् सेलिब्रेटी ?

रामजी ज्ञवाली

मोबाइलबिना हामी जीवनको कल्पना पनि गर्न नसक्ने अवस्थामा पुगिसकेका छौं। आजभोलि नेपालीहरूको हातमा डेढ लाख रुपैयाँसम्मका ब्रान्डेड मोबाइल पुगिसकेका छन्। यति मात्र होइन, एक व्यक्तिले दुई-तीनवटा विभिन्न प्रकारका मोबाइलसमेत चलाउने गरेका छन्। मोबाइलसम्बन्धी अनुसन्धान गर्ने विभिन्न संस्थाले संसारका अधिकांश ग्राहकले मोबाइलको २५ प्रतिशत पनि सदुपयोग नगर्ने बताउँदै आएका छन्।

यो कुरा यतै राखौं, नेपाली सेलिब्रेटीहरू कस्ता मोबाइल बोक्छन् त ? उनीहरू मोबाइलमा के-के गर्छन् ? कति समय मोबाइलमा बिताउँछन् ?

अभिनेत्री रेखा थापा मोबाइलमै समाचार पढ्छिन्। बिहान उठेपछि साँझसम्म देश-विदेशका सूचना मोबाइलबाटै लिन्छिन्। आफ्नो फोनलाई विभिन्न व्यक्तिहरूसँग कुराकानी गर्न तथा सामाजिक सञ्जाल चलाउन समेत प्रयोग गर्ने थापाले बताइन्। थापा अहिले आइफोन-X प्रयोग गरिरहेकी छिन्।

अभिनेता अनुपविक्रम शाही आइफोन-X चलाउँछन्। उनी मोबाइललाई सम्बन्धित व्यक्तिहरूसँग कुराकानी गर्नका साथै इन्स्टाग्राम, इमेल तथा फेसबुक चलाउन प्रयोग गर्छन्।

अभिनेता आर्यन अधिकारी विदेशमा जस्तो नेपालमा फोन प्रयोग नगर्ने बताउँछन्। विदेशमा हुँदा भने जे काम पनि फोनबाटै गर्ने अभिकारी भन्छन्- फोन, फेसबुक, इस्टा चलाउने र तस्बिर खिच्नेबाहेक खासै के काम हुन्छ र ? उनले आइफोन-X नेपालमा लन्च भएकै साता किनेका हुन्।

अभिनेता प्रमोद अग्रहरीले लामो समयदेखि आइफोन एस-५ चलाउँदै आएका छन्। उनले फुर्सदमा सधैंजसो हातमा फोन हुने बताए। आफूले सामाजिक सञ्जालका साथै पुराना चलचित्र हेर्न स्मार्टफोन प्रयोग गर्ने अग्रहरी बताउँछन्।

कलाकार अर्जुन घिमिरेले आफूले फोनको पर्याप्त सदुपयोग गर्ने बताए। उनले स्यामसुङ नोट-९ तथा आइफोन-X चलाउने गरेका छन्। एकभन्दा बढी फोन प्रयोग गर्ने सन्दर्भ अर्जुन भन्छन्- फरक-फरक सुविधा लिन सकिन्छ, एउटामा चार्ज भएन भने अर्को चलाउन मिल्छ।

निर्देशक तथा कलाकार निर्मल शर्मा आफ्नो फोनको पर्याप्त सदुपयोग गर्छन्। आइफोन बोक्ने शर्माले बिहानै उठेपछि फेसबुकमा रहेका आफ्ना साथीहरू जसको जन्मदिन पर्छ उसलाई तस्बिरसहित शुभकामना दिन्छन्। निर्मल फेसबुकबाहेक इमेल, इन्टरनेट चलाउन र समाचार पढ्न पनि स्मार्टफोन नै प्रयोग गर्छन्।

मोबाइल मेनिया

# भिडियोमै नाम र दाम



स्मार्टफोनको प्रयोगसँगै अहिले विभिन्न सोसल मिडियामा भिडियो कन्टेन्टहरूको संख्या तीव्र रूपमा बढिरहेको छ। स्मार्टफोनमा रहेको एचडी क्यामेरा, एपस्टोरमा रहेको भिडियो एडिटिङ एपका साथै इन्टरनेटको सर्वसुलभताले गर्दा नै भिडियो कन्टेन्टको संख्या वृद्धि भएको पाइन्छ।

प्रयोगकर्ताहरूलाई भिडियो कन्टेन्ट राख्न आकर्षित गर्न सोसल मिडियाहरूले पनि राम्रै प्लेटफर्म दिएका छन्। अहिले अधिकांश सोसल मिडियामा भिडियो कन्टेन्ट अपलोड गर्न मिल्ने सुविधा अनिवार्य हुँदै गएको छ, जसका कारण प्रयोगकर्ताहरूले यसको भरपुर फाइदा र आनन्द उठाइरहेका छन्। भिडियो प्लेटफर्मका लागि अहिले सर्वाधिक लोकप्रिय सोसल मिडिया भनेकै युट्युब भएको छ। युट्युबले भिडियो हेरेबापत अपलोडकर्तालाई सोहीअनुसार राम्रै रकम दिने हुनाले पनि अहिले भिडियो अपलोड गर्नेहरूको मुख्य आकर्षण यसमा छ। यसबाहेक फेसबुक, ट्विटर, इन्स्टाग्रामजस्ता अरू साइटले पनि भिडियो प्लेटफर्मलाई खुला गरेका छन्। केही सञ्जालले देश विशेष र प्रयोगकर्ता विशेषलाई रकम दिए पनि युट्युबले जस्तो मोनिटाइज भएका सबै च्यानललाई दिएजस्तो भने दिँदैनन्।

युट्युबले गरेको एक सर्वेक्षणअनुसार अहिले युट्युबका प्रयोगकर्ताको संख्या १ अर्ब ३२ करोड ५० लाख छ। युट्युबमा एक मिनेटमा ३ सय घण्टा बराबरको भिडियो अपलोड हुने गरेको छ भने दैनिक ४ अर्ब ९७ करोड भिडियो दैनिक हेर्ने गरिएको छ। उक्त सर्वेक्षणअनुसार मोबाइलमा मात्र दैनिक १० अर्ब भिडियोहरू हेरिन्छ, जसमा १८ देखि ४९ वर्षसम्मका व्यक्तिको संख्या सर्वाधिक छ।

युट्युब वा अन्य भिडियो अपलोड गर्ने सोसल मिडियाले भिडियोको कुनै किसिमको मापदण्ड तोकेको छैन। बस प्रयोगकर्ताले हेर्ने किसिमको भिडियो भए पुग्छ। युट्युबले आफूले खिचेको भिडियोलाई (इन्टरनेटको गति राम्रो छ भने) लाइभसमेत गर्न मिल्ने सुविधा दिएको छ। यदि इन्टरनेटको सुविधा छैन र उक्त भिडियोलाई आकर्षक बनाएर अपलोड गर्ने सोच छ भने प्लेस्टोरमा भिडियो एडिट गर्ने सयौं एप्स छन्। यी एप्सहरूलाई निःशुल्क डाउनलोड गर्न मिल्नुका साथै केहीलाई शुल्कसमेत तिर्नुपर्ने हुन्छ।

यस्ता एप र स्मार्टफोन प्रयोग गरेर भिडियो निर्माण गर्ने युट्युबरको संख्या लाखौं छ। उनीहरूले भिडियोको क्वालिटीभन्दा पनि कन्टेन्ट देखाएर राम्रै आम्दानी गरेको पाइन्छ। युट्युबमा भिडियो अपलोड गर्नेहरूले भिडियो क्यामेराले भन्दा पनि स्मार्टफोनको क्यामेराले खिचेको भिडियो अपलोड गर्ने गरेका छन्।


सोसल मिडियामा भिडियो अपलोड गर्नेहरूको मुख्य उद्देश्य मनोरञ्जन दिनु, पैसा कमाउनु र आफ्नो व्यापार प्रवर्द्धन गर्नु नै देखिएको छ। अहिले धेरै कम्पनीले सोसल मिडिया मार्फत आफ्नो व्यापार बढाउने भिडियोहरू निर्माण गरिरहेका छन् भने स्वतन्त्र भिडियो निर्माणमा लागेकाहरू भाइरल हुने किसिमका भिडियो अपलोड गरेर राम्रै आम्दानी गरिरहेका छन्।

## युट्युबमा कति भिडियो




- सन् २००५ अप्रिल २३ तारिखमा जावेद च्यानलले 'मि एट द जु' शीर्षकमा पहिलो भिडियो अपलोड गरेको थियो।
- युट्युबका अहिले प्रयोगकर्ताहरूको संख्या १ अर्ब ३० करोडभन्दा बढी छ।
- युट्युबमा प्रत्येक मिनेट ३ सय घण्टा बराबरको भिडियो अपलोड हुन्छ।
- युट्युबमा एक दिनमा ५ अर्ब भिडियो हेरिने गरेको छ।
- युट्युबमा दैनिक ३ करोड प्रयोगकर्ता आउने गरेका छन्।
- औसत रूपमा १८ देखि ४९ वर्षका व्यक्तिले युट्युब बढी हेर्ने गरेका छन्।
- युट्युबमा १० हजार १ सय १३ भिडियोमध्ये एउटा भिडियोले १ अर्ब भ्यू पाउने गरेको छ।
- युट्युबका भ्युअर्समध्ये ८० प्रतिशतभन्दा बढी मानिस अमेरिका बाहिर छन्।
- युट्युबका भिडियोमध्ये दैनिक १ अर्ब भिडियो मोबाइलमार्फत हेरिन्छ।
- मोबाइलबाट भिडियो हेर्दा औसत एक व्यक्तिले ४० मिनेट खर्च गर्छन्।
- युट्युब हेर्ने दर्शकमा महिला ३८ तथा पुरुष ६२ प्रतिशत छन्।
- ७० प्रतिशत दर्शकले मोबाइल डिभाइस मार्फत युट्युब हेर्ने गरेका छन्।
- युट्युबलाई अहिले ९१ वटा भाषामा चलाउन मिल्ने बनाइएको छ।

# मोबाइलबाटै सेलिब्रेटी



'कति फेसबुक चलाएको...?' यदि कसैले मोबाइल चलाइरहेको देखियो भने जोकसैले भन्ने कुरा यही नै हो। यद्यपि उक्त व्यक्तिले मोबाइलमा फेसबुक नै चलाइरहेको छ अथवा अन्य कुनै एप चलाइरहेको छ, त्यसले फरक पार्दैन। हुन पनि आज मोबाइल भन्नेबित्तिकै सामाजिक सञ्जाल नै भन्ने बुझिन्छ। मोबाइलमा चलाइने सामाजिक सञ्जालकै कारण समाजमा कतिपय व्यक्ति सेलिब्रेटी भैसकेका छन्। फेसबुक, ट्विटर, इन्स्टाग्राम, युट्युब, टिक टकजस्ता सामाजिक सञ्जालले सर्वसाधारणहरूलाई समेत सेलिब्रेटी बनाइदिएको छ। तिनै सेलिब्रेटीमध्येकी एक हुन्– प्रतिज्ञा तामाङ। इन्स्टा सेलिब्रेटीका रूपमा परिचित प्रतिज्ञालाई इन्स्टाग्राममा प्रोमिस तामाङका नामले चिनिन्छ। इन्स्टाग्राममा उनको भेरिफाइड एकाउन्टलाई १३ लाखभन्दा बढीले फलो गरेका छन्। इन्स्टाग्राममा उनले पोस्ट गर्ने हरेक सामग्री लाखौं पटक हेरिन्छ भने हजारौंले त्यसमा लाइक तथा कमेन्ट गर्छन्। गोरखामा जन्मिएकी प्रतिज्ञाले युट्युबमा भने युट्युब मेकअप गुरुको उपाधि पाएकी छिन्। युट्युबमा उनले पहिलो पटक नृत्य गरेको भिडियो अपलोड गरेकी थिइन्। युट्युबमा उनी प्रोमिस फ्यान शीर्षकको च्यानलमा भेटिन्छिन्, जसलाई १३ लाखभन्दा बढीले सबस्क्राइब गरेका छन्। कुनै बेलाकी लोकप्रिय रेडियोकर्मी सबिना कार्की पनि सोसल साइटकी सेलिब्रेटी हुन्। रेडियो कान्तिपुरमा यो माया भन्ने चिज यस्तै हो कार्यक्रम सञ्चालन गरेर चर्चामा आएकी सबिना अहिले पोडकास्टरका रूपमा सक्रिय छिन्। उनको फेसबुक पेजलाई ७ लाख २८ हजारभन्दा बढीले लाइक गरेका छन् भने ट्विटरमा उनका २ लाख ३७ हजार फलोअर्स छन्। इन्टाग्राममा उनलाई १ लाख ७ हजार ८४ जनाले फलो गरेका छन्। डा. बाबुराम भट्टराई राजनीतिक व्यक्तित्व हुन्। यद्यपि उनलाई ट्विटर सेलिब्रेटीका रूपमा समेत चिनिन्छ। डा. भट्टराईको भेरिफाइड ट्विटर हेन्डललाई १० लाख ४३ हजार ९ सय जनाले फलो गरेका छन्, जुन कुनै पनि नेपालीको सबैभन्दा बढी फलोअर्स भएको ट्विटर एकाउन्ट हो। सिसन बानियाँ चल्तीका युट्युबर हुन्। बानियाँले मिस नेपाल वर्ल्ड श्रृंखला खतिवडाका लागि ब्युटी विद द पर्पोजको भिडियो निर्माण गरेपछि विशेष चर्चा पाए। युट्युब सेलिब्रेटीका रूपमा चर्चित सिसनले आफ्नो च्यानलमा अपलोड गर्ने भिडियो लाखौंले हेर्ने गरेका छन्। सिसन विशेष गरी यात्रासम्बन्धी भिडियो निर्माणमा सिपालु मानिन्छन्।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

पुस १ गते
संक्रान्ति

पुस ३ गते
मोक्षदा एकादशी व्रत

## मेष

बाहिरी गफगाफमा अल्झँदा समयको महत्वलाई ध्यान दिनुपर्नेछ । कार्य स्थलको स्वरूपअनुरुप खानपान तथा पहिरनमा ध्यान पुऱ्याउनुहोला । चियोचर्चा गर्नेहरूसँग सावधान रहनुहोला । व्यवहारिक विषयमा खर्च गर्नुपर्दा कन्जुसी प्रदर्शन नगर्नु नै आफ्नो हितमा हुनेछ ।

## वृष

परिस्थिति बुझेर अघि बढ्नुहोला । वनभोज, भ्रमणजस्ता कार्यक्रममा सहभागी हुँदा विवाद सिर्जना हुन सक्छ, अनावश्यक झमेलाबाट टाढा रहनुमै आफ्नो हित छ । विशिष्ट पाहुनासँगको भेटघाटले मनोरञ्जन प्रदान गर्नेछ । सुनौलो रंग तथा पूर्वतर्फको यात्रा फलदायी होला ।

## मिथुन

धैर्यपूर्वक कार्य सम्पन्न गरे आर्थिक रूपमा सक्षम भइनेछ । सामूहिक लगानीको व्यवसायमा मित्रहरूले विश्वास गर्दै थप जिम्मेवारी दिनेछन् । पूर्वपरिचित सहपाठीबाट प्रेम प्रस्ताव प्राप्त हुन सक्छ, जसलाई परिवार समेतले सहजै अनुमोदन गर्नेछ ।

## कर्कट

भौतिक सुख-सुविधा प्राप्त भए पनि आर्थिक पक्ष सबल हुन केही समय कुर्नुपर्नेछ । रातो रंग प्रयोग गर्दा मेहनत खेर जाँदैन । गोपनीयतमा ध्यान दिए प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ । चिसो वातावरणमा घरबाहिर रहँदा स्वास्थ्यको ख्याल गर्नुहोला ।

## सिंह

धैर्य गरे मनोकांक्षा पूरा हुनेछ । तत्काल कार्य सम्पन्न गर्न ढिलाइ भए पनि मंगलबारपछि क्रमिक रूपमा प्रगतिको मार्ग फेला पर्नेछ । धार्मिक कार्यमा संलग्न हुँदै मठ-मन्दिरको परिक्रमा गर्नु लाभदायक हुन्छ । साताको अन्त्यमा खानपानसम्बन्धी कार्यक्रममा सहभागी भइनेछ ।

## कन्या

अग्रजहरूको प्रेरणाले अध्ययनमा हौसला मिल्नेछ । विदेशयात्राको अवसर प्राप्त हुने सम्भावना टरेको छैन । परिवारजनले दिएको वचन पूरा नगर्दा आफूलाई मर्का पर्नेछ । प्रेमी-प्रेमिकाबीचको सम्बन्ध सुमधुर रहला । खानपानमा सहभागी हुँदा स्वास्थ्यको हेक्का राख्नुपर्नेछ । सवारी साधन चलाउँदा ध्यान दिनुहोला ।

## तुला

मन पराउने मित्रले विदेश जाने चाहना व्यक्त गर्न सक्छन् । उनको चाहनाअनुरूप कदम चाल्दा फलिफाप नै हुनेछ । अभिभावकको सुझावले उन्नतिको मार्ग पहिल्याउन सहज बनाउनेछ । सेयर कारोबारमा मुनाफा आर्जन गर्न सकिनेछ । सामाजिक कार्यमा अपजस आइलाग्न सक्छ ।

## वृश्चिक

उच्चपदस्थ कर्मचारीले थप जिम्मेवारी दिलाउनेछन् । सरकारी तथा निजी क्षेत्रमा रोजगारीको अवसर हात पर्दा प्रेमिका दंग पर्नेछिन् । कार्य सम्पादनका क्रममा हेल्चेक्र्याइँ र ढिलासुस्तीले आफूलाई नै पछि पार्नेछ । यो साता मनोरञ्जक कार्यक्रममा उपस्थित नहुँदा आफैंलाई फाइदा होला ।

## धनु

भ्रमणको योग छ । जनसम्पर्कमा वृद्धि भै आफूलाई विशेष फाइदा मिल्नेछ । अध्ययनको क्षेत्रमा देखिएको दुविधा समाप्त होला । साथीभाइसँगको सरसल्लाह अन्योलमा परिणत हुने सम्भावना छ । आफ्नो प्रेम प्रस्ताव अनुमोदन हुन सक्छ ।

## मकर

परिवारलाई सरोकार नभएको विषयमा अलमलिने सम्भावना छ । आफ्नो गोप्य सूचना बहिरिन सक्छ । जीवनसंगीसँग अविश्वासको वातावरण देखा पर्न सक्छ । विश्वासको वातावरण सिर्जना गर्न ढिलाइ नगर्नुहोला । परिस्थितिको हेक्का राखी चुनौतीलाई अवसरका रूपमा लिनुहोला ।

## कुम्भ

मेहनतले विविध अवसर प्रदान गर्नेछ । मंगलबारपछिका दिनमा स्वास्थ्यसम्बन्धी गडबडीले सताउन सक्छ । तातो खानपानमा ध्यान दिनुपर्नेछ । भीडभाडमा यात्रा गर्दा चनाखो रहनुहोला । विगतमा चालिएका कदमका कारण कुनै सकारात्मक समाचार आउने सम्भावना छ ।

## मीन

मीत्रवर्गको सुझाव शिरोपर गर्नु आफ्नो हितमा हुनेछ । आफूलाई थप सहयोग गरी उचाइमा पुऱ्याउने सहयोगीहरू फेला पर्नेछन् । विविध स्थानको भ्रमणमा रहँदा महत्वपूर्ण सामग्री छुटन सक्छ, ध्यान पुऱ्याउनुहोला । साताको अन्त्यमा सामाजिक कार्य एवं दान पुण्यमा सरिक भइनेछ ।

**अब हाम्रो पालो**

# जाडोमा के गर्दा सबैभन्दा रमाइलो हुन्छ ?



यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।

१. विदेश बस्दा नेपालको कुन कुरा सबैभन्दा बढी मिस हुन्छ ?

घुम्न जाँदा रमाइलो हुन्छ

**शम्भु**

तीनपाने टुच्च लगाउँदा साह्रै रमाइलो हुन्छ

**बाबु श्री**

बारीमा आगो ताप्दै आलु र सुठुनी पोली गफ गर्दै खानुको मज्जा नै फरक हुन्छ ।

**टेकमान फेम्बु**

जाडोमा केटाहरूसँगको महफिलमा जम्न पाउँदा मज्जा हुन्छ ।

**कैलाश भट्टराई**

स्पेसल पर्सनसँग हट-हट कफी पिउनुमा मज्जा हुन्छ ।

**प्रशान्त**

खै के भनुम् र ? आफ्नो त विवाहसम्म भा' छैन ।

**भिलेन**

बिहानै ओपीडीको चिसो कुर्सीमा बसेर पीडित बिरामीको रोग निको भाको हेर्न पाउँदा ।

**सुमन अधिकारी**

एकातिर भन्छन्– कि दुई कि रुई

अर्कातिर भन्छन्– तेल लगाएर घाममा सुत्दा

एकथरी भन्छन्– घुम्न जान, पिकनिक खान

अर्को थरी भन्छन्– न्यानो कपडा लगाउन

कोही भन्छन्– दाउरा बालेर आगो ताप्न

केही भन्छन्– आन्दोलन गरेर सडक तताउन

तर मलाई जाडोमा आफ्नै जन्मदिनजस्तो रमाइलो अरू केही लाग्दैन ।

**अशोक सुस्केरा**

चिसो पानीले नुहाएर घाम ताप्दा साह्रै रमाइलो हुन्छ ।

**देश प्रेमी**

साथीहरू जम्मा हुने, आगो ताप्दै रम र सेकुवा खाने ।

**बास्तोला यम**

बिहान सिरक ओढेर मुभी हेर्न अनि दिउँसो साथीहरूसित घाम ताप्दै सुन्तला, बदाम खान पाउँदा औधी रमाइलो हुन्छ ।

**जेठो छोरो**

पुरानो जमानामा गुन्द्रुकसँग मकै-भटमास खान र आधुनिक जमानाका सिरकभित्र मोबाइल चलाउन । के गर्ने रात लामो हुन्छ, दिनको प्रतीक्षामा त्यति रमाइलो त गर्नैपर्‍यो ।

**मोहनप्रसाद मैनाली**

साथीहरूसँग आउटिङमा क्याम्प फायर गर्दै दुई-चार पेग रम तथा दुई सिल सेकुवा खाएर रेला गर्न रमाइलै हुन्छ ।

**विष्णु जोशी**

तातो कफी पिउँदा सबैभन्दा रमाइलो हुन्छ ।

**राजन बराल**

बिहान उठ्ने बेलामा एकछिन अझै सुतेर उठ्छु, थोरै अझै सुत्छु भन्दै सुत्नुमा जुन रमाइलो छ अरूमा छैन । त्यही भन्दाभन्दै ९ बजेको थाहा हुँदैन । यही नै रमाइलो हुन्छ ।

**एचआर गौतम**

विवाह गरेपछि थाहा हुन्छ । सबै समस्याको समाधान पनि हुन्छ ।

**शैलेन**

होस्, नभनौं ।

**कुमारजी**

माया-पिरती गाँस्दा ।

**नीलगिरी**

भनेर के गर्नु ? जाडो हट्ने होइन ।

**किरन**

रेस्लिङ खेल्दा रमाइलो हुन्छ ।

**प्रकाश**

लोकल कुखुराको झोलसँग रम पिउँदा मज्जा आउँछ ।

**मुक्ति**

स्पामा मसाज गराएर हट लेमन पिउँदै गीत सुन्न पाउँदा रमाइलो लाग्छ ।

**सुनिल कार्की**

भन्नै लाज लाग्छ ।

**नवीन श्रेष्ठ**

चिसो पानीले अरूलाई भिजाउँदा सान्है रमाइलो हुन्छ ।

**संयोग योन्जन**

ब्ल्यांकेटभित्र पसेर मोबाइल चलाउँदा मज्जा आउँछ ।

**स्वफ्टी क्रिष्टि**

आफूले आफैंलाई व्यस्त राख्दा रमाइलो हुन्छ ।

**अशोक केसी**

विशेष मान्छेसँग बसेर तातो कफी पिउन पाउँदा रमाइलो लाग्छ ।

**विकास श्रेष्ठ**

जाडोमा चिसापानीतिर गएर नुहाउँदा सबैभन्दा रमाइलो हुन्छ ।

**आकाश आरभ**

दिनमा कि रातमा ? प्रश्न स्पष्ट भएन ।

**पुष्प उदास**

जाडोमा जोडी भए मात्र रमाइलो हुन्छ ।

**प्रकाश पाण्डे**

एक्लै सुत्दा जाडो हुन्छ, बाँकी कुरा त बुझ्नुभो नि ?

**अबु अन्जान**

भो, भन्दिनँ ।

**लामिछाने काजी**

Admission Open
9th Batch
1 Year Diploma
in Hotel Management
6+6 Month
Qualification : Minimum SLC
UK Diploma
Foreign Job & Internship
GUARANTEED*
KATHMANDU INSTITUTE OF HOSPITALITY MANAGEMENT
(KIHM)
Kupondole, Lalitpur
01 552 3648
01 518 0278
9801023648
www.kihm.edu.np


## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भट्ट

४५ दिनअघि एक सरकारी अस्पतालमा जाँच गराउँदा त्यहांका डाक्टरले मलाई भिरिंगी (Syphilis) भएको कुरा बताउनुभयो । त्यसपछि मैले अरु अस्पतालमा गएर VDRL गराउँदा त्यस्तो रोग देखिएन । मैले यो रोगविरुद्ध इन्जेक्सन लिनुपर्छ कि के गर्दा राम्रो होला ?

-आभाष



### भिरिंगी के हो ?

भिरिंगीलाई अंग्रेजीमा सिफिलिस (syphilis) भनिन्छ । यो रोग यौन सम्पर्कको माध्यमबाट सर्ने भएकाले हामी यसलाई यौनरोग भन्छौं । यो रोग गर्भवती महिलाबाट शिशुमा पनि सर्छ । यो Treponema pallidum भनिने सूक्ष्म जीवाणुका कारणले हुन्छ । कुनै बेला प्रमुख स्वास्थ्य समस्या मानिने सिफिलिस पेनेसिलिनजस्ता प्रतिजैविकी औषधीको विकास र प्रयोग पछि कम भएर गएको छ ।

भिरिंगी तीन stages मा हुन्छ । १. Early or primary syphilis: हुँदा नदुख्ने किसिमको घाउ देखिन्छ । प्रत्यक्ष सम्पर्कमा आएको यस्तै ३ हप्ता (१० देखि ९० दिनमा) यौनांग वा ओठमा घाउ देखिन्छन् । उपचार नगरेको अवस्थामा पनि यी घाउ यस्तै ६ हप्तामा हराएर जान्छन् । २. Secondary stage: प्रत्यक्ष सम्पर्कमा आएको ६ हप्तादेखि ६ महिनासम्ममा यसको सुरुवात हुन सक्छ र यसको अवधि यस्तै १ देखि ३ महिना सम्म हुन्छ । हत्केला वा पैतालामा तामा रंगको rashes आउँछ । अन्य लक्षणमा मुखभित्र सेतो दाग आउने, लसिका ग्रन्थि सुन्निने, ज्वरो आउने तथा तौल घट्ने हुन सक्छ । उपचार नगरेको स्थितिमा पनि यी सबै आफैं हराएर जान्छन् । एक थरीको सिफिलिस जसलाई latent syphilis भनिन्छ, मा भने कुनै किसिमको लक्षण देखिँदैन । ३. Tertiary syphilis : उपचार नगरिएको स्थितिमा सिफिलिस यो स्थितिमा पुग्छ र हृदय, मस्तिष्क अनि स्नायुलाई असर गर्छ र गम्भीर असरहरू जस्तै कि पक्षाघात, बिर्सन रोग, अन्धोपन, बहिरोपन, लिंग उत्तेजना नहुनेदेखि मृत्युसम्म हुन सक्छ, तर अहिले आधुनिक औषधीको प्रयोग भएको युगमा विरलै मात्र त्यस्तो स्थिति सिर्जना भएको पाइन्छ ।

### निदानका लागि परीक्षण

भिरिंगी हो कि होईन भनेर विभिन्न किसिमका रगत परीक्षण गरिन्छ । सामान्य रूपमा धेरै प्रयोग गरिने परिक्षणहरू Rapid Plasma Reagin (RPR) test, Veneral Disease Research Laboratory (VDRL) test, Treponema Pallidum-Particle Agglutination (TB-PA) test तथा Fluorescent Treponemal Antibody Absorption (FTA-ABS) test हुन् । सिफिलिस गराउने Treponema pallidum शरीरमा प्रवेश गरिसकेपछि हाम्रो शरीरले प्रवेश गरे पछि त्यसको विरुद्ध प्रतिजैविकी (antibodies) निकाल्छ । यसमध्ये RPR तथा VDRL परीक्षणमा भने ती प्रतिजैविकी रगतमा छ कि छैन भनेर हेरिन्छ । यी परिक्षण निकै संवेदनशील हुन्छन् अर्थात् रोग भएर पनि नभएको भनेर देखाउँदैन, तर यहाँ पनि केही कुरामा ध्यान पुऱ्याउनुपर्ने हुन्छ । भर्खर संक्रमण भएका व्यक्तिमा घाउ (Chancre) देखिँदा यस्तै २५ प्रतिशतमा मात्र पोजिटिभ, एक हप्तापछि ५० प्रतिशत अनि २ हप्तामा ७५ प्रतिशत तथा ३ देखि ४ हप्तामा सबैजसोमा पोजिटिभ हुन्छ भने secondary syphilis हुँदासम्म १ सय प्रतिशत नै पोजिटिभ देखिन्छ । उपचारका क्रममा औषधी सही मात्रामा परेको छैन, रोगको विस्तार अनि देखिने लक्षण र परीक्षण दुवैमा गडबडी हुन सक्छ । संक्रमण भएको पक्का गर्न TP–PA वा FTA-ABS प्रयोग गरिन्छ ।

### उपचारका कुरा

तपाई आफ्नो उपचारका लागि अस्पताल वा क्लिनिक पुग्नुभएको पाइन्छ । तपाई त्यहाँ किन जानुभयो ? खुलाउनुभएको छैन । तपाई यसरी परिक्षण गराउन जानुको कुनै कारण त होला नै । कुनै पनि रोगको उपचार गराउनुभन्दा पहिले रोग भएको पक्का गरिने कार्य महत्वपूर्ण हुन्छ । तपाईले आफ्नो यौन क्रियाकलाप, यौन संक्रमण सर्ने सन्दर्भमा जोखिमपूर्ण व्यवहार, तपाईंमा देखिएको संक्रमणका लक्षण आदिका सम्बन्धमा विस्तृत जानकारी दिनुभएको छैन । परीक्षण पक्कै महत्वपूर्ण पक्ष हो तर कुनै पनि रोगको निदान गर्न तपाईंको जोखिम पूर्ण यौन क्रियाकलापदेखि रोगको ईतिहास, के-कस्ता लक्षण देखिए जस्ता कुरा पनि महत्वपूर्ण हुन्छन् । तपाईंले आफ्नो प्रश्नमा यस विषयमा केही उल्लेख गर्नुभएको छैन ।

चिकित्सकले तपाईंसँग यी सबैका बारेमा सोध्नुभयो होला, शारीरिक परीक्षण गर्नुभयो होला अनि पक्कै पनि प्रयोगशाला परीक्षणको सन्दर्भमा रगतको परिक्षण गराउनुभयो होला । तपाईंलाई अस्पतालमा भिरंगीको निदान गर्न केही परीक्षण गराइएको हुनुपर्छ । तपाईंले यसका बारेमा पनि केही लेख्नुभएको छैन । तपाईंको रोग भिरंगी हो भनेर निष्कर्षमा पुग्ने पक्कै पनि केही आधार हुनुपर्छ, त्यसै त पक्कै भन्नुभएन होला ।

यहाँ अर्को महत्वपूर्ण पक्ष तपाईंले किन अर्को ठाउँमा गएर VDRL जाँच गराउनुभयो भन्ने हो । आफूलाई भिरिंगी भएको विश्वास नलाग्ने आधारहरू पक्कै तपाईंसँग थिए वा छन् होलान् । तपाईंले त्यसका बारेमा पनि केही लेख्नुभएको छैन । खुलाएर लेख्नुभएको भए समाधानका बारेमा चर्चा गर्न सजिलो हुने थियो ।

VDRL परीक्षणले संक्रमणको सक्रियतालाई देखाउँछ । उपचारपछि बिस्तारै यी सामान्य अवस्थामा आउँछन् । पेनिसिलिन भिरिंगीको उपचारका लागि सबैभन्दा राम्रो औषधी मानिन्छ । यसको एलर्जी भयो भने अन्य वैकल्पिक प्रतिजैविकी औषधी प्रयोग गरिन्छ ।

तपाईंलाई यस विषयमा द्विविधा छ भने एकपटक यौन रोग विशेषज्ञकहाँ गै आफ्नो यौन क्रियाकलाप, रोगको इतिहास अनि अहिलेका कुरा सबै खुलस्त भनी उपचारसम्बन्धी छलफल गर्नुहोला र उहाँको सल्लाहअनुसार उपचार गराउनुहोला । यदि भिरंगी भएको पक्का भए आफू र यौन साथीको पूर्ण उपचार गराउनुहोला । लक्षण हराएर जाँदा उपचार नगरे पनि निको भयो भन्ने नमान्नुहोला ।

## सूचना

तपाईंहरुको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## डा. सुमनको सल्लाह

# यौन खेलौनाको प्रयोग



डा. सुमनराज ताम्राकार

यौनको मामिलामा नेपाली समाज अझै पनि खुला हुन सकेको छैन । बदलिँदो परिस्थितिसँगै उदार भने हुन खोजिरहेको छ । भलै लुकिछिपी खोजी-खोजी यौन सामग्री प्रयोग गरे पनि समाजको अगाडि भने सज्जन अथवा साधु बन्नेहरूको कुनै कमी छैन अथवा त्यस्तो बाध्यता कायमै छ । यही प्रसङ्गमा नेपालका शहरी क्षेत्रमा विगत केही समयदेखि यौन खेलौना उपलब्ध हुन थाले पनि त्यसलाई सहजताका साथ लिन सकिएको छैन ।

त्यसो त यौन खेलौना यौन आनन्द एवं मनोरञ्जनका लागि प्रयोग गरिने कृत्रिम यौनाङ्ग हुन् । यौन चाहना बढेका बेला विपरीतलिङ्गी तथा समलिङ्गीको अभावमा आफ्नो स्वभाव अनुसार यी खेलौना प्रयोग गरी यौन आनन्द लिन सकिन्छ । परिष्कृत तथा आधुनिक यौन खेलौनाको उपयोगबाट वास्तविक जस्तै यौन सुख लिन सकिने भुक्तभोगीहरूको अनुभव छ ।

बढ्दो सहरीकरण तथा व्यस्त जीवन, सहरी भागदौड, करियर निर्माण, ढिलो विवाह गर्ने परिपाटी आदिका कारण यौनसुखबाट विमुख हुनुपर्ने क्रम बढ्दो छ । उमेरअनुसारको यौन चाहनालाई जबर्जस्ती दबाउन खोजेको खण्डमा मानसिक समस्या निम्तिन बेर लाग्दैन । यस्तो स्थितिमा कुनै पनि लिंगका व्यक्तिले यौन खेलौना उपयोग गरी सुख प्राप्त गर्न सक्छन् । तुलनात्मक रूपमा युवती तथा महिलाहरूले आफ्नो चाहना सहजै प्रकट गर्न सक्ने स्थिति छैन । यस्तोमा यस्ता खेलौना राम्रो विकल्प सावित हुनसक्छन् । यस्ता सामग्री विक्रेताहरूका अनुसार नेपालमै पनि यौन खेलौनाप्रति महिला नै बढी आकर्षित छन् ।

त्यसै पनि विवाहपूर्वको यौनसम्बन्धलाई अस्वीकार गर्ने समाजमा यौन खेलौना उपयोगी सावित हुनसक्छ । साइबर तथा केबलका माध्यमबाट यौन सामग्रीमा आममानिस विशेषत: युवा जमातको पहुँच बढेसँगै विभिन्न खालका यौन हिंसा बढ्दो क्रममा छ । यौन दुराचार, यौन दुर्व्यवहार, बलात्कार तथा यौन अपराध यौन हिंसाका विविध रुप हुन् । यौन चाहनालाई शान्त तुल्याउन नसक्दा निम्तिने विभिन्न खालका अपराधबाट जोगिन यौन खेलौना उत्तम विकल्प सावित हुन सक्छन् ।

श्रीमान तथा आफ्ना प्रेमी विदेशिएका कारण लामो समयसम्मको यौन चाहना तथा नीलो चलचित्र (पोर्नोग्राफी) को देखासिकीका कारण पनि यौन खेलौनाको प्रयोग बढ्दो छ । त्यसो त लिङ्ग उत्तेजित नहुने, स्खलन नहुने, चरम आनन्द प्राप्त गर्न नसक्ने जस्ता कतिपय समस्यामा पनि यस्ता खेलौनाले सहायक भूमिका निर्वाह गर्न सक्छन् । यौनसम्पर्कका क्रममा दम्पती एवं यौनसाथीमध्ये एकजनाले चरम आनन्द लिन नसक्दा पनि यी खेलौना प्रयोग गर्न सकिन्छ ।

महिला हुन् वा पुरुष यौन उत्कर्षपछि यौन शिथिलता आउने तथा यौन भोक हटने परिस्थितिमा समेत यौन खेलौना सही विकल्प सावित हुनसक्छ । तुलनात्मक रुपमा यौन खेलौना केही महँगा होलान् तर यौन हिंसापछिको मूल्य चुकाउनुभन्दा यौन खेलौनाको उपयोग नै बुद्धिमानी हुन्छ । कतिपय सामानजस्तै आफ्नो यौन खेलौना आफूले मात्र प्रयोग गरेको खण्डमा यौनजन्य संक्रमणको डर पनि हुँदैन । यद्यपि लागूपदार्थका दुर्व्यसनीले जस्तै यौन खेलौना एक-अर्कासँग सेयर गरे विभिन्न खाले यौन रोग सर्न सक्ने सम्भावना हुन्छ । यसमा विशेष सजग हुन आवश्यक छ ।

आवेशमा आई असुरक्षित यौनसम्पर्क कायम गर्नु, यौन रोगको सिकार हुनु तथा यौन अपराधको अभियोगमा सजाय भोग्नु भन्दा यौन खेलौनाबाट यौन सुख लिनु बढी श्रेयस्कर हुन्छ । त्यसो त सबैजसो यौन खेलौना स्वास्थ्यमैत्री पनि हुँदैनन् । गुणस्तरहीन यौन खेलौनाका कारण छालाको समस्या निम्तिने तथा यसको गलत प्रयोगबाट यौनाङ्गमा चोट पुग्ने आदिसमेत हुनसक्छ ।




# टिम मालिक हुनुको अर्थ




विश्वमा जहाँ-जहाँ क्रिकेट खेल लोकप्रिय छ, त्यहाँ-त्यहाँको एउटा विशेषता हो, फ्रेन्चाइज क्रिकेट। ट्वान्टी-२० खेलको जन्म, विकास एवं विस्तारसँगै यो विशेषता फैलिएको हो। यससँगै जन्मिएको अर्को विषेशता हो, क्रिकेट टिमको मालिक हुनु। विशेषतः भारतसँगै दक्षिण एसियाका देश, अस्ट्रेलिया र लगभग अरू सबै देशमा कुनै पनि धनाढ्यका लागि गर्व गर्न लायक एउटा उपलब्धि हुने गरेको छ, टिमको मालिक हुनु।

हुन् पनि क्रिकेट मन पराउने उद्योगपति-व्यवसायीका लागि उनीहरूको सीभीमा एउटा क्रिकेट टिमको मालिक लेखिएको छ भने त्यसमा सबैको आँखा जान्छ नै। फेरि फ्रेन्चाइज क्रिकेट आफैंमा व्यवसाय हो र यसमा सबै नाफामा मात्र हुन्छन भनिन्छ। कसैले लगानी गरेर त्योभन्दा राम्रो प्रचार र साख प्राप्त गर्छन् भने त्यो पनि नाफै हो। टिमको मालिक भएपछि त्यसको सम्पूर्ण कारोबार र संरचनामा उसकै हक-अधिकार हुने नै भयो।

नेपालमा फ्रेन्चाइज क्रिकेट सुरु हुन थालेको केही वर्ष मात्र मात्र भएको छ। दुई वर्षअघि धनगढी प्रिमियर लिगले पहिलो पटक औचारिक रूपमा फ्रेन्चाइज क्रिकेट सुरु गरेको हो भन्दा फरक पर्दैन, जति बेलादेखि खेलाडीको लिलामीसमेत सुरु भएको थियो। अहिले चलिरहेको एभरेस्ट प्रिमियर लिग (ईपीएल) पनि फ्रेन्चाइज क्रिकेटकै नमुना हो र यसमा सहभागी सबै टिमका आ-आफ्नै मालिक छन्। यी टिमले लगभग १ करोडभन्दा बढी रुपैयाँको हाराहारीमा खर्च गर्ने गरेका छन्।

वास्तवमै एउटै टिमले कति खर्च गर्छन् र त्यसको ठ्याक्कै स्रोत के हो, त्यसका बारेमा भने पूरा जानकारी बाहिर आउने गरेको छैन। नेपालको समग्र व्यवसायमै पनि यस प्रकारको संस्कृति विकसित भैनसकेको स्थितिमा यस्तै कमजोरी क्रिकेट टिमको आय-व्ययमा पनि देखिएको छ। त्यसैले टिमको आर्थिक पाटोका सम्बन्धमा जानकारी राख्न पनि बढी भन्दा बढी स्रोत र अनौचापरिक कुराकानीमै भर पर्नु पर्छ। जहाँसम्म ईपीएलमा सहभागी व्यवसायीहरूको कुरा छ, त्यसमा विशेषतः मारवाडी समुदायका युवा व्यवसायीहरूको वर्चस्व छ।



कुनै समय थियो, जति बेला सम्पूर्ण मारवाडी समुदायका खेलाडीले प्रतिनिधित्व गर्ने टिमले पनि टुँडिखेलमा हुने क्रिकेट प्रतियोगिता खेल्थ्यो। त्यति मात्र होइन, मारवाडी क्रिकेट लिगसमेत सञ्चालनमा आयो। अहिलेको ईपीएलका छ टिममध्ये चारमा यही समुदायका व्यापारी मालिक छन्। नेपाली मारवाडी समुदाय व्यापारमा बढी सहभागी छन् नै, त्यति मात्र नभएर उनीहरूमाझ क्रिकेट निकै लोकप्रिय छ भन्ने यो राम्रो उदाहरण पनि हो।

साहिल अग्रवाल पोखरा राइनोजका मालिक हुन्। उनको नेतृत्वमा जगदम्बा स्पोर्ट्स छ जसले जगदम्बा समूहलाई प्रतिनिधित्व गर्छ। यो समूह स्टिल, सिमेन्ट तथा टेक्सटाइलको कारोबारमा संलग्न छ। यसका साना-ठूला अरू पनि व्यवसायिक रुचि छन्।

विशाल अग्रवाल विराटनगर वारियर्सका मालिक हुन्। विशाल ग्रुप पनि नेपालको ठूलो व्यापारिक घराना हो र यसले मुख्यतः आठवटा क्षेत्रमा हात हालेको छ, जसमा आयात-निर्यात, बैंकिङ, शिक्षा एवं अटोमोबाइल्स प्रमुख छन्। यो समूहले फरक-फरक अवसरमा फरक भूमिकामा आफूलाई क्रिकेटसँग आबद्ध गरिरहेको छ।

काठमाडौं किंग्सको स्वामित्व टेलि होल्डिङसँग छ। टिमका मालिक हुन् रोहित गुप्ता। यो संस्था मोबाइल व्यवसायमा केन्द्रित छ। भैरहवा ग्लाडियटर्सका मालिक आदित्य संघाई हुन् र उनी घोराही सिमेन्ट्सका हर्ताकर्ता हुन्। घोराही सिमेन्टको प्रमुख उत्पादन सगरमाथा सिमेन्ट्स हो।

अरू दुई टिममध्ये ललितपुर प्याट्रियट्सले यही नाममा कम्पनीजस्तै बनाएको छ, ललितपुर प्याट्रियट्स प्रालिका रूपमा। यसका मुख्य हर्ताकर्ता किशोर महर्जन हुन्। महर्जन नेपाली खेलकुदमा कुनै न कुनै रूपमा संलग्न रहँदै आएका छन्। उनी खासमा व्यवसायी भन्दा पनि बैंकर हुन्। महर्जन लामो समय सनराइज बैंकसँग आबद्ध रहे। अहिले उनी वेस्ट फाइनान्स कम्पनी छ।


चितवन टाइगर्सको स्वामित्व आर्यडीएफ ग्रुपसँग छ। यसका प्रमुख हुन्, पूर्व कराँते खेलाडी तथा युवा व्यवसायी किशोर भट्टराई।

# यी हुन् इपीएलका प्रशिक्षक



### नाथन डोड

नेपालको घरेलु क्रिकेटमा भित्रिने पहिलो विदेशी प्रशिक्षक हुन्– नाथन डोड र त्यसका लागि पोखरा राइनोजलाई श्रेय दिनुपर्छ। अस्ट्रेलियाको हाइ पर्फमेन्स लेभल थ्री उत्तीर्ण गरिसकेका डोडले त्यहाँका चर्चित पूर्व खेलाडी तथा प्रशिक्षक जस्टिन ल्यान्गर र फिल ज्याक्ससँग काम गरिसकेका छन्। नेपाल आउनुअघि उनी न्यू साउथ वेल्स ब्लुजका सल्लाहकार प्रशिक्षक थिए। यस्तै उनी अस्ट्रेलियाको इन्टिलेक्चुयल डिसएबिलिटी टिमका प्रशिक्षकसमेत रहिसकेका छन्।



### उपेश पटवाल

विराटनगर वारियर्सले भित्र्याएका अर्का विदेशी प्रशिक्षक हुन्– उमेश पटवाल। नेपालको घरेलु क्रिकेटसँग उनको नजिकको सम्बन्ध छ। सबैभन्दा पहिले उनी ब्याटिङ परामर्शदाताका रूपमा नेपाली राष्ट्रिय टिमसँग जोडिएका थिए। जति बेला उनी उक्त भूमिकामा थिए, त्यही बेला नेपालले एकदिवसीय टिमको मान्यता पाएको थियो। पटवाल पोखरामा केही समयअघि सम्पन्न पोखरा प्रिमियर लिगमा प्रतियोगिता निर्देशक थिए।



### विनोद दास

नेपाली क्रिकेटमा सबैभन्दा दोहोरिएर लिइने नाममा हो– विनोद दास। सुरुमा उमेर समूहको क्रिकेट, त्यसपछि राष्ट्रिय टिमका स्टार खेलाडी विनोद खेल्न छाडेपछि प्रशिक्षक भएका हुन् र उनले माथिल्लो दर्जाको प्रशिक्षक प्रशिक्षण पनि लिएका छन्। सुरुमा उमेर समूहको क्रिकेट टिम र ट्यालेन्ट हन्टमा प्रशिक्षकको भूमिका निर्वाह गरेका विनोदले यसपटक काठमाडौं किंग्सको जिम्मा लिएका छन्। घरेलु क्रिकेटमा यो उनको अहिलेसम्मकै सबैभन्दा ठूलो चुनौती हो।



### जंगबहादुर थापा

भैरहवा ग्लाडियर्सले अन्तिम समयमा आएर प्रशिक्षकको भूमिकामा जंगबहादुर थापालाई ल्याएको हो। प्रायः मोफसलको क्रिकेटसँग जोडिएर आउने नाम हो– जंगबहादुर। उनको प्रशिक्षणमा अहिलेसम्म धेरै खेलाडी उत्पादन भैसकेका छन्। चुनौतीका आधारमा भने ईपीएल-२०१८ उनका लागि धेरै ठूलो चुनौती हो। थापाले उत्तिकै लामो समय नेपालको उमेर समूह र महिला क्रिकेटमा समेत बिताइसकेका छन्।



### राजु बस्न्यात

नेपाली राष्ट्रिय टिममा लामो समय बिताइसकेपछि प्रशिक्षकमध्ये सबैभन्दा अगाडि आउने नाम हो– राजु बस्नेत। उत्तिकै लामो समय दक्षिण कोरियाली क्रिकेटको विकासमा पनि समय बिताएका राजुले यसपटक ललितपुर प्याट्रियसको जिम्मेवारी पाएका छन्। पूर्व स्पिनर राजुले तल्लो क्रमका ब्याट्सम्यानको भूमिका समेत निर्वाह गरेका थिए। प्रशिक्षकका रूपमा उनीसँग राम्रो प्राविधिक ज्ञान भएको मानिन्छ।



### कलाम अलि

चितवन टाइगर्सको जिम्मेवारी कलाम अलिले सम्मालेका छन्। निकै कम बोल्ने र सकेसम्म मिडियाबाट टाढै रहने प्रशिक्षकका रूपमा चिनिन्छन्, कलाम। घरेलु क्रिकेटमा खेलाडीका रूपमा लामो समय बिताइसकेपछि उनले पनि आफूलाई प्रशिक्षकका रूपमा सफल सिद्ध गरे। खेलाडीको तुलनामा उनी प्रशिक्षकको भूमिकामा बढी सफल छन्। कलामले पनि आफूलाई प्राविधिक पक्षमा अब्बल साबित गरेका छन्।

# एभरेस्ट प्रिमियर लिगका सबैभन्दा महँगा खेलाडी

फ्रेन्चाइज क्रिकेट एक प्रकारले व्यापार नै हो, फरक के भने यो खेलसँग जोडिएको हुन्छ । यस अर्थमा यसपटकको एभरेस्ट प्रिमियर लिग-२०१८ पनि अपवाद छैन, भलै यो व्यापारमा क्रिकेटको भावनात्मक पक्ष बलियो हुन्छ । यिनै कारणले गर्दा यसपटकको प्रतियोगितामा सबैभन्दा महँगा खेलाडी को-को हुन् भनेर छुट्याउन सकिँदैन । न त यसलाई लिएर आयोजकहरूसँग कुनै भरपर्दो जानकारी छ । सहभागी टिम भने यस विषयमा खुलेर केही भन्न चाहँदैनन् । उनीहरूले सकेसम्म यो पक्षलाई गोप्य नै राखेका छन् । विदेशी खेलाडीको हकमा टिम मालिकले कम्तीमा ५ हजार डलर तिरेका छन् र यस अर्थमा यिनै विदेशी खेलाडी सबैभन्दा महँगा पनि हुन् । सम्बद्ध टिमका खेलाडी, प्रशिक्षक एवं मालिकसँग भएको अनौपचारिक कुराकानीका आधारमा इपीएलका सबैभन्दा महँगा दस खेलाडी :






















## रिचर्ड लेभी

नेपाली घरेलु क्रिकेटसँग जोडिएका अहिलेसम्मकै सबैभन्दा ठूला नाम हुन्, दक्षिण अफ्रिकाका रिचर्ड लेभी र उनी नै यसपटकको प्रतियोगिताका सबैभन्दा महँगा खेलाडी पनि हुन् । सम्भवत: पोखरा राइनोजले उनलाई १० हजार डलरमा भित्र्याएको हो । सन् २०१२ मा न्युजिल्यान्डविरुद्ध ट्वान्टी-२० क्रिकेटमा डेब्यु गरेका लेभीले वेस्टर्न प्रोभियन्स, केप कोब्रा तथा नर्थह्याम्पसायरबाट पनि क्रिकेट खेले । उनले १३ पटक दक्षिण अफ्रिकाका लागि ट्वान्टी-२०खेलेका छन् र त्यसमा उनको सर्वाधिक स्कोर न्युजिल्यान्डविरुद्ध १ सय १७ रन छ ।

## केली कोयट्जर

पोखरा राइनोजले अनुबन्ध गरेका अर्का महँगा विदेशी खेलाडी हुन्– केली कोयट्जर । केली स्कल्यान्डको राष्ट्रिय टिमका कप्तान हुन् । उनलाई स्कटल्यान्डको अहिलेसम्मकै सबैभन्दा उत्कृष्ट खेलाडी मानिन्छ । स्कटल्यान्डको क्रिकेटलाई अन्तर्राष्ट्रिय मञ्चमा दरिलो रूपमा प्रस्तुत गर्नमा यिनै ब्याट्सम्यानको सबैभन्दा ठूलो भूमिका छ । आफ्नो पदार्पण खेलमै शतक प्रहार गरेका कोयट्जर सन् २०१६ देखि स्कटल्यान्डको टिममा छन् ।

## केभिन ओ ब्राइन

यसपटकको ईपीएल खेल्ने खेलाडीमध्ये अन्तर्राष्ट्रिय क्रिकेटको सबैभन्दा बढी अनुभव भएका खेलाडी हुन्– केभिन ओ ब्राइन । यसपटक उनी काठमाडौं किंग्सका लागि खेलिरहेका छन् । आयरल्यान्ड क्रिकेटका लेजेन्ड ब्राइनले ३ सयजति अन्तर्राष्ट्रिय क्रिकेट खेलिसकेका छन् । पाकिस्तानविरुद्ध पदार्पण खेलमै शतक बनाएका ओ ब्राइनले इंग्ल्यान्डलाई एकदिवसीय विश्वकपमा हराउन निर्णायक भूमिका खेलेका थिए । उनले पाँचवटा वान डे विश्वकप तथा तीनवटा वर्ल्ड ट्वान्टी-२० खेलिसकेका छन् ।

## रायन टेन डेकास्थे

भैरहवा ग्लाडियर्ससँग जोडिएका खेलाडी हुन्– नेदरल्यान्ड्सका रायन टेन डेकास्थे । यी अलराउन्डर क्रिकेटरले इन्डियन प्रिमियर लिग (आईपीएल) मा कोलकाता नाइटराइडर्सबाट समेत खेलिसकेका छन् । त्यति मात्र होइन, उनले बिग बास, बंगलादेश प्रिमियर लिग तथा पाकिस्तान सुपर लिगमा समेत सहभागिता जनाइसकेका छन् । रायन डच क्रिकेटको सबैभन्दा ठूलो नाम हुन् जसले तीन सयको हाराहारीमा ट्वान्टी-२० क्रिकेट खेलिसकेका छन् । यसअर्थमा उनी यसपटकको ईपीएल खेल्ने सबैभन्दा अनुभवी खेलाडी हुन् ।

## पउल स्टर्लिङ

ईपीएलमा सहभागी अर्का ठूला नाम हुन्– पउल स्टर्लिङ । चितवन टाइगर्सले अनुबन्ध गरेका यी खेलाडीसँग पनि अन्तर्राष्ट्रिय क्रिकेटको राम्रो अनुभव छ । आयरल्यान्ड र मिडलसेक्सका प्रारम्भिक ब्याट्सम्यान स्टर्लिङले आफ्नो देशका लागि १ सय एकदिवसीय तथा ५२ ट्वान्टी-२० खेलिसकेका छन् । उनीसँग पनि इन्डियन प्रिमियर लिग (आईपीएल) मा कोलकाता नाइटराइडर्सका लागि खेलेको अनुभव छ ।

## बाबर हयात

नेपाली घरेलु क्रिकेटमा लगातार सुनिने नाम हो, हङकङका बाबर हयात र उनी उत्तिकै सफल पनि सावित भएका छन् । विराटनगर वारियर्सका लागि अनुबन्धित हयातले गएको सिजनमा आफ्नो चमत्कारी खेल प्रदर्शन गरे । उनी म्यान अफ द सिरिज नै भए र त्यतिबेला उनकै प्रदर्शनका बलमा विराटनगर च्याम्पियन भएको थियो । बाबरले प्रतियोगितामा कुल ३ सय १३ रन बनाएका थिए । यति उपयोगी खेलाडीका लागि विराटनगरले यसपटक पनि राम्रै रकम भुक्तानी गरेको हुनुपर्छ ।

## मोहम्मद नाविद

यूएईका कप्तान हुन्– मोहम्मद नाविद । उनी त्यहाँको क्रिकेटमा अहिलेसम्मकै सबैभन्दा सफल खेलाडीसमेत हुन् । यी ब्याटिङ अलराउन्डरले अहिलेसम्म ३२ वटा एकदिवसीय तथा २३ वटा ट्वान्टी-२० खेलिसकेका छन् । उनले यसपटक भैरहवा ग्लाडियटर्सका लागि खेलिरहेका छन् । अरू व्यवसायिक ट्वान्टी-२० लिग पनि खेलेको अनुभव भएका नाविद विश्व क्रिकेटको एसोसियट देशका खेलाडीमध्ये थोरै सफल खेलाडीमा पर्छन् ।

## पारस खड्का

नेपाली राष्ट्रिय टिमका कप्तान खड्का यसपटकको ईपीएलका सबैभन्दा महँगा नेपाली खेलाडी हुन् । केही समययता क्रिकेट खेलाडीका रूपमा राम्रै आम्दानी गरिरहेका पारसले विराटनगर वारियर्सका लागि दस लाख रुपैयाँजति पारिश्रमिक बुझेको हुन सक्छ । उनलाई टिममा अनुबन्ध गर्नुको अर्थ सफलता पनि हो । उनकै नेतृत्वमा ईपीएलको पछिल्लो संस्करण विराटनगरले जितेको थियो । त्यसैले पारसलाई ठूलो रकम दिन विराटनगरले कुनै कन्जुस्याइँ गरेको छैन ।

## ज्ञानेन्द्र मल्ल

पारस खड्कापछि नेपाली क्रिकेटका सबैभन्दा ठूला नाम हुन्– ज्ञानेन्द्र मल्ल । ललितपुर प्याट्रियास मल्लकै कप्तानीमा छ । उनको नेतृत्वमा टिमले नेपाली घरेलु क्रिकेटमा कुनै ठूलो सफलता चाखेको छैन, तर खेलाडीका रूपमा उनको उपयोगितामा कुनै शंका छैन् । त्यसैले पनि मल्लको पारिश्रमिक लगभग ७ लाख रुपैयाँको हाराहारीमा छ । मल्लकै नेतृत्व एवं व्यक्तिगत प्रदर्शनमा ललितपुरको भविष्य अडेको छ ।

## शरद भेषवाकर

नेपाली घरेलु क्रिकेटको कुरा गर्ने हो भने शरद भेषवाकर सफलताको अर्को नाम हो । शरदसँग अधिकांश समय सफलता जोडिएर आउँछ । उनकै नेतृत्वमा पोखरा पल्टनले हालै मात्र पोखरा प्रिमियर लिग (पीपीएल) जितेको छ । यसपटक भने उनको काँधमा छ– भैरहवा ग्लाडियटर्स । शरदले नेतृत्व सम्हाल्ने टिमले अधिकांस समय फाइनलको यात्रा गरेको तथ्य छ । त्यसैले उनी पनि महँगा खेलाडीमै पर्छन् र सम्भवत: उनले ७ लाख रुपैयाँकै हाराहारीमा पारिश्रमिक लिएका छन् ।

समय सन्दर्भ

# मेरो महान् भुँडी



अधिकारी रवीन्द्र, बनेपा

> औसत आयु ६५ वर्ष हिसाब गर्ने हो भने प्रत्येक व्यक्तिले जीवनभरमा लगभग ४४ टन स्वाहा पार्ने रहेछ । ४४ टन धान एकै बालीमा उमार्न कति हेक्टर जग्गा चाहिन्छ, सोच्दासमेत पागल भइन्छ । हिसाबमा आउँछ कमसेकम ४ हेक्टर, जसमा हुन्छ– ४० हजार वर्गमिटर । हो, क्विन्टलका क्विन्टल प्राकृतिक स्रोत हामी पेटभित्रै हालेर सिध्याउँछौं ।

हामी पहिले श्री गणेशाय नमः भगवान् गणेशबाट पूजा-आराधना सुरु गर्छौं । भुँडी अर्थात् मुखबाट खाइएका खाद्यान्नलाई टुक्रा-टुक्रा पारी पाचनयोग्य आकार र पदार्थमा शरीरका सबै जीवित कोषहरूमा पुयाउने महान अगं । आउनुहोस्, एकछिन् यसको माहात्म्य गाउँ ।

भुँडी छ र त हामी छौं । भगवान्भन्दा ठुलो भुँडी हो । भुँडीकै लागि आज संसारमा तमासा भैरहेछ । भुँडी भर्नकै लागि मानिस उदायचलदेखि अस्तायचलसम्म दौडिरहन्छ । भुँडी छ र त संसार यो विघ्न चलायमान छ । भुँडी छ र त बाँच्नुको मज्जा छ ।

मान्छे सत्यानाशी जात हो । जस्तोसुकै खान्नँ भन्नेले पनि तीन छाक हसुरेरै छोड्छन् । यी प्राणीले भोक भन्ने भ्रम पालेका छन् जसले गर्दा हरबखत खानका लागि सजिलो बहाना मिलोस् । उठ्नेबित्तिकै चाहिन्छ तिनलाई चिया, कफी, ब्रेड, अमलेट आदि । यसरी बेडबाट ओर्लंदा-ओर्लंदै खाइने चिजको छुट्टै नाम छ- ब्रेकफास्ट । ब्रेकफास्टमा के मात्र खाँदैनन् उनीहरू ? नहुनेले सामान्य चियादेखि लिएर हुनेहरूले लोबस्टरसम्म खान्छन् । त्यस्तै बिहानको करिब ११ बजेतिर खाने परिकारलाई 'एलिभेन्सेज' भनिदो रहेछ । यसमा चिया कफी र हल्का बिस्कुट पर्दो रहेछ ।

ब्रेकफास्ट वा लन्चको सट्टा बीचको समयमा खाइने चिजलाई ब्रन्च नामाकरण गरिएको छ । ब्रन्चका रूपमा ससेज, ह्याम, प्यान्केक, ब्याकोन वा अन्डाजस्ता परिकार खाइन्छ । लन्च त दिनको मुख्य खाना भैहाल्यो- रसगुल्ला, स्ट्यु, भात, सुसी वा चपाती । डिनरमा क्यासरोल, भात, रोटी, म्याकोरिनी, स्पगेट्टी, नुडल्स वा परिज खाइन्छ । मानिसले सुत्नुअघि पनि खान छोड्दैन, त्यसलाई सपर भनिन्छ जसमा फलफुल तथा हल्का खानेकुरा खाइन्छ । अझ प्रत्येक पटक खाइसकेपछि चाहे लन्च वा डिनर जे खाए पनि डिजर्ट भनेर दही, केरा, आइसक्रिम, केक वा अन्य गुलियो खानुसम्म खाइन्छ ।

६० किलो वजन भएको एउटा सामान्य मानिसले ब्रेकफास्ट, लन्च, लटर्पटर र अन्त्यमा डिनरसम्म खाँदा दैनिक कम्तीमा दुई किलो हजम पार्दो रहेछ । मानिसले अक्सर दिनमा दुई किलोभन्दा बढी नै खान्छ, अझ सित्तैंमा पायो भने ५ किलो भेट्न बेर लाउँदैन । दिनमा सरदर २ किलो हसुर्नेले हप्तामा १४, महिनामा ५६ किलो सिध्याउँछ अर्थात् १ वर्षमा ६ सय ७२ किलो ।

औसत आयु ६५ वर्ष हिसाब गर्ने हो भने प्रत्येक व्यक्तिले जीवनभरमा लगभग ४४ टन स्वाहा पार्ने रहेछ । ४४ टन धान एकै बालीमा उमार्न कति हेक्टर जग्गा चाहिन्छ, सोच्दासमेत पागल भइन्छ । हिसाबमा आउँछ कमसेकम ४ हेक्टर, जसमा हुन्छ– ४० हजार वर्गमिटर । हो, क्विन्टलका क्विन्टल प्राकृतिक स्रोत हामी पेटभित्रै हालेर सिध्याउँछौं । यो भुँडी पनि वास्तवमै अजीवको चिज हो । कस्तो बना'को भगवान्ले ? कहिले एक कप चिया र दुनोटले अघाउँछ, फेरि लौत भनेर दुईवटा समोसा पेलौं भने पनि जान्छ । अघाउन त अघाएकै हुन्छ, त्यसमाथि बल गरे एक प्लेट पकौडा, एक प्लेट चना र दुईवटा अन्डा अनि एउटा सेल पनि अटाउँछ । कसैले खीर र अचार ल्यायो भने हामी त्यो पनि आधा घण्टा कुरेर फुलेको पेट हल्का घटाएर खाइदिन्छौं । पेटभन्दा बढी लोभी हाम्रो मन छ । चलनको उखानै छ, पेट त भरियो तर मन भरिएन । मन भरिएन भने जति खाँदे पनि खाँदिने कस्तो अचम्मको धोक्रो रहेछ यो पेट । त्यसैले त बाल्यकालमा स्याप्रो परेको पेट देखेजत्तिका खानेकुरा क्रमशः भर्दै जाँदा उमेरसँगै पुटुस्स पार्दै हामी घ्याम्पे बनाउँछौं । घ्याम्पे पेट हुनु ठूलो सानको कुरा हो । पुगिसरी आएको लक्षण आखिर ठुलो पेटले नै त देखाउँछ ।

रबरझैं निस्फिक्री तन्किने मानवभुँडीलाई के-के हालेर तन्काइन्छ त ? चिया, कफी, दूध, निम्की, पाउरोटी, अन्डा, चना, भात, दाल, अचार, तरकारी, दही, घिउ, मही, ढिंडो, जाउलो, खिचडी, सातु-सर्बत, हलुवा, खीर, पनिर, चिज, रोटी, पुरी, सेल, पानी, कोक, फ्यान्टा, रेडबुल, बियर, भोड्का, छोयला, हाँस, बारा, माछा, कचिला, सेकुवा, ह्याकुल्ला, आलुतामा, चिउरा, भट्मास, फलफूल, चट्पट, भुजिया, पानीपुरी– यो सूची बढ्दै गएर समुद्रसम्म पुग्छ ।

भुँडीको माहात्म्य नै कथ्ने भैसकेपछि छोटकरीमा अब यसको एनाटोमी पनि जानौं । पेटमा हुन्छ आमाशय, सानो आन्द्रा र ठूलो आन्द्रा । मुखमा आएको खानालाई दाँत र थूकले टुक्र्याएको खाना आमाशय पुगेर सञ्चित हुन्छ, जहाँ थप पाचन रसहरू मिसिएर खानेकुरा अझ गल्छन् । सानो आन्द्रा पेट्को मूल घट्ट हो जहाँ टुक्रे खानेकुरा पिसिन्छ अनि सोसिन्छ पनि । ठूलो आन्द्रामा पनि थप रस सोसिन्छ र अन्त्यमा विकारयुक्त वस्तु उत्सर्जनका लागि स्टोर गरेर राखिन्छ । सानो आन्द्राले करिब ६ मिटर लामो हुन्छ भने ठूलो आन्द्रा त्यसको एक चौथाइ हुन्छ, अर्थात् ठूलो आन्द्रा घाँटीमा दुई फन्को माला लगाउन पुग्छ ।

ravinems@iom.edu.np


# मिसेज युनिभर्समा मनीषालाई एवार्ड





फिलिपिन्सको सिबु सहरमा मंसिर २४ गते सम्पन्न मिसेज युनिभर्स-२०१८ मा नेपाली सहभागी मनीषा डंगोल श्रेष्ठले एन्जल हार्टको उपाधि जितेकी छिन् । विश्वका ९० भन्दा बढी मुलुकका मिसेज सुन्दरीहरूको सहभागिता रहेको उक्त प्रतियोगितामा मिसेज मोनाकाले मिसेज युनिभर्स-२०१८ को उपाधि जितेकी थिइन् । फिलान्थ्रोपिस्ट मनीषा डंगोल श्रेष्ठ दुई सन्तानकी आमा हुन् र उनी एक दशकभन्दा लामो समयदेखि महिला सशक्तीकरण अभियानमा संलग्न छिन् । लन्डनमा बस्दै आएकी मनीषा लन्डनस्थित फेसन हाउसकी सञ्चालक हुन् ।

# टुँडिखेलमा स्वस्तिमाको नाच



रग्बी वर्ल्डकप टुर- नेपाल 'रग्बी फेस्टिभल तथा लाइभ म्युजिक' कार्यक्रम सम्पन्न भएको छ । नेपाल रग्बी एसोसिएसनले फेम नेपालसँगको सहकार्यमा काठमाडौंस्थित टुँडिखेलमा सञ्चालन गरेको उक्त कार्यक्रममा रग्बी खेलसँगै विभिन्न सांगीतिक प्रस्तुति समेटिएको थियो । उक्त कार्यक्रममा अभिनेत्री स्वस्तिमा खड्काले 'कुटुमा कुटु', 'गैरी खेतको सिरै हान्यो', 'नाच फिरिरी' आदि गीतमा नृत्य प्रस्तुत गरिन् । करिब ५ हजार दर्शकको उपस्थिति रहेको उक्त कार्यक्रममा स्वस्तिमासँगै गायक सुगम पोखरेल, आशिष राना 'लाउरे', स्वप्न सुमन, डिजे सुरेन, डिजे कुइन् आदिले विशेष प्रस्तुति दिएका थिए । बेली डान्सर बिनु शाक्यले बेली डान्स प्रस्तुत गरेको उक्त कार्यक्रममा वर्ल्ड रग्बीको ट्रफी सार्वजनिक गरिएको थियो । शुभेच्छा खड्का र रबिन तमाङले सञ्चालन गरेको यो कार्यक्रम बिहान १० बजेदेखि साँझ ७ बजेसम्म चलेको थियो ।




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुवास ढकाल ।